सामुदायिक वन जीवनको भाषा

क्षेत्रीय सामुदायिक वन उपभोक्ता समूहको प्रथम कार्यशालाको प्रतिवेदन

आयोजक

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)

तथा

खाद्य तथा कृषि सङ्गठनको वन: [illegible] र जनता कार्यक्रम, नेपाल

२२ - २७ मे, १९९५

काठमाण्डौं

© सर्वाधिकार, १९९७

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र

ISBN 92 0115 743 0

प्रकाशक
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र
पोष्ट बक्स नं. ३२२६
काठमाण्डौ, नेपाल

टाईप डिजाइन
इसिमोडको प्रकाशन इकाई

The views and interpretations in this paper are those of the author(s). They are not attributable to the International Centre for Integrated Mountain Development (ICIMOD) and do not imply the expression of any opinion concerning the legal status of any country, territory, city or area of its authorities, or concerning the delimitation of its frontiers or boundaries.

सामुदायिक वन जीवनको भाषा

क्षेत्रीय सामुदायिक वन उपभोक्ता समूहको प्रथम कार्यशालाको प्रतिवेदन

आयोजक

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)

तथा

खाद्य तथा कृषि सङ्गठनको वन, बृक्ष, र जनता कार्यक्रम, नेपाल

२२ - २७ मे, १९९५

काठमाण्डौं

भूमिका

सामुदायिक वन: जीवनको भाषा, यो लेखको शीर्षक यस कार्यशालामा गोष्ठी एउटा सहभागीले अभिव्यक्त गरेका थिए । यो अभिव्यक्तिले दिगो पर्वतीय विकासको योजना गर्नमा सामुदायिक वनले कतिको महत्व प्राप्त गरिसकेको रहेछ भन्ने कुरा देखाउँछ । जीवन र जीविकोपार्जन एक अर्कासंग जटिल रुपमा जोडिएका छन् र हिन्दू कुश-हिमाली भेगका वन क्षेत्रहरु उत्पादनका विविधताका नाजुक साधनहरु हुन् । यिनीहरुले नै पर्वतीय क्षेत्रकाबासिन्दाहरुलाई जीवित राख्न अमूल्य योगदान गरिरहेका छन् । यस परिप्रेक्ष्यमा सहभागितामूलक वन व्यवस्थापनले हिमाली भेगको वन साधनको दिगो व्यवस्थापनामा प्रमुखता प्राप्त गरेको छ । यस उदाहरणलाई विकसित गराउनमा सरकारी र गैर-सर कारी संस्थाको भूमिकालाई हामीहरुले स्वीकारेका छौं भने पर्वतीय समुदायले वन साधनमा आफ्नो अधिकार किटान गर्नमा मुख्य भूमिका खेलेका छन् र पर्वतीय क्षेत्रका पुरुष र महिलाहरु वन व्यवस्थापनका लागि अगाडि सरेका छन् । प्रजातान्त्रीकरण र विकेन्द्रीकरणको प्रकृया र जनमुखी पद्धतिको प्रादुर्भावले सामुदायिक तहका संस्थामा अन्तर्निहित संभावनालाई उजागर गर्न कस्ता किसिमका रणनीतिहरुको विकास गर्न आवश्यक छ ताकि तिनीहरु पर्वतीय विकासका लागि प्रभावशाली माध्यम बनून्, त्यसका लागि हामीहरुलाई नयाँ अवसर मिलेको छ ।

यो उद्देश्यका साथ इसिमोडले वन तथा कृषि संगठनको वन, वृक्ष, र जनता कार्यक्रम/वाच नेपालसंग मिलेर क्षेत्रीय सामुदायिक वन उपभोक्ता समूहको प्रथम कार्यशालाको आयोजना गऱ्यो । यस छ दिने कार्यशालाले हिन्दू कुश-हिमालय पर्वतमालाका देशहरुका साथै थाइल्याण्ड र फिलिपिन्सका कार्यक्षेत्र तहको वन व्यवस्थापनमा संलग्न रहेका महिला तथा पुरुषहरुलाई एकै ठाउँमा भेला गराएको थियो ।

कार्यशालाका सहभागीहरुले दिगो पर्वतीय विकासका लागि सामुदायिक वनलाई प्रभावशाली माध्यम बनाउनका लागि आवश्यक पर्ने महत्वपूर्ण सवालहरुको पहिचान गरेका छन् । यसमा स्थानीय संस्थाहरुलाई सशक्त बनाउने रणनीतिको विकास गर्ने, शिक्षा र ज्ञानको आदान-प्रदान गर्नका लागि राष्ट्रिय र क्षेत्रीय नेटवर्कको स्थापना गर्ने, यसको वकालतका लागि धारणात्मक समझदारी बनाउने, र नीतिहरुमा प्रभाव पार्नका लागि सामुदायिक संस्थाहरुको भूमिकालाई सशक्त बनाउने कुरा समावेश छन्। रणनीतिहरु, जसले महिलाहरु र बिपन्न वर्गलाई प्राकृतिक साधनको व्यवस्थापनमाथि नियन्त्रण गर्ने अधिकार दिन्छन् त्यस्ता रणनीतिहरुप्रति विशेष ध्यान आकर्षण भएको थियो ।

यो मंच बिचारको आदान-प्रदान गर्न र सामुदायिक वनका अप्ठ्याराहरु पहिचान गर्ने मौकामा मात्र सीमित रहेन, भविष्यका लागि सकारात्मक पद्धति र रणनीतिहरुको तर्जुमा गर्न समर्थ भयो । यसका अतिरिक्त यस मंचले यस्ता रणनीतिहरुको नेतृत्व सामुदायिक तहका संस्थाहरुको प्रतिनिधित्वमा रहनु पर्ने कुरामा निश्चित धारणा वनायो । विभिन्न देशका सहभागीहरुले छलफलबाट प्राप्त गरेको ज्ञानको परिप्रेक्ष्यमा विद्यमान पद्धतिलाई बलियो बनाउँदै नयाँ संस्थागत पद्धतिको स्थापना गर्नमा विभिन्न निर्णयहरु लिइएको थियो ।

इसिमोडको वातावरण संरक्षण गर्ने र गरीवी निवारण गर्ने दोहोरो जिम्मेवारी भएकाले यस्ता प्रयासलाई इसिमोडले निरंतर सहयोग पुऱ्याइरहने छ । वातावरणीय सवाल र आर्थिक अकांक्षालाई एकै ठाउँमा

जोडेर इसिमोडले हिन्दू कुश-हिमालय पर्वतमालामा दिगो विकासको प्राप्तिका लागि मद्दत गर्ने लक्ष्य राखेको छ । हामीलाई आशा छ हाम्रा पर्वतीय क्षेत्रहरुको दिगो र सन्तुलित विकासका लक्ष्य लिएका नीति निर्माताहरु, व्यवहारमा काम गर्नेहरु र समुदायमा आधारित संस्थाहरुलाई यो कार्यशालाको प्रतिवेदन उपयोगी हुनेछ ।

यस महत्वपूर्ण कार्यशालालाई आर्थिक सहयोग उपलब्ध गराउने स्वीस डेभलप्मेण्ट कर्पोरेशन, नेपालको दोलखा रामेछाप सामुदायिक वन विकास योजना, र फोर्ड फाउन्डेसन, नयाँ दिल्लीलाई धन्यवाद दिने यो मौकाको म सदुपयोग गर्न चाहन्छु ।

इग्वर्ट पेलिन्क
महानिर्देशक

कृतज्ञता ज्ञापन

एउटा कार्यशालाको योजना, परिकल्पना र कार्यान्वयन जसले सात देशका समुदायमा आधारित संस्थाहरुका महिला र पुरुषहरुलाई एउटै थलोमा भेला गरायो यो एउटा अतुलनीय चुनौती थियो । असंख्य संस्थाहरु र व्यक्तिहरुले यस काममा सहयोग पुऱ्याउनु भएको छ र उहाँहरु सबैको नाम लिन गाह्रो छ तर पनि केहीलाई भने बिर्सन सकिदैंन । उहाँहरु विशेष ध्यान दिन योग्य हुनु हुन्छ ।

सर्वप्रथम वन वृक्ष र जनता आयोजना/वाँच नेपालका नारायणकाजी श्रेष्ठले कार्यशालाको विचारमा मद्दत पुऱ्याउनु भयो, योजनाको बैठकमा धेरै समय मात्र होइन अबेर रातिसम्म व्यस्थ हुनु भयो र कार्यशालाको शुरुदेखि अन्त्यसम्म नै योगदान पुऱ्याइरहनु भयो त्यसका लागि उहाँलाई हामीहरु धन्यवाद दिन चाहन्छौं । कार्यशालाको आयोजनामा धेरै किसिमले सहयोग पुऱ्याउने वाच नेपालका कर्मचारीहरुलाई धन्यवाद दिन उचित ठानेका छौं ।

कार्यशालाको व्यवस्था गर्नमा संलग्न टोलीका अन्तर सदस्यहरुले कार्यशालाका विभिन्न सत्रहरुलाई सुविधायुक्त बनाउनमा अमूल्य योगदान गर्नु भएको छ । नेपाल अष्ट्रेलिया सामुदायिक वन योजनाका हुकुम सिंह, नेपाल यु.के. सामुदायिक वन योजनाका घनेन्द्र काफ्ले, र स्वीस डेभलपमेन्ट कोओपरेशन नेपालको दोलखा रामेछाप सामुदायिक वन विकास आयोजनाका प्याट्रिक रोबिन्सन् र खगेन्द्र सिक्देललाई हामीहरु विशेषरुपले धन्यवाद दिन चाहन्छौं ।

कोर भीर, वन, वृक्ष र जनता कार्यक्रमका एशिया कोओर्डिनेटर हुनु हुन्छ । उहाँले फिलिपिन्स र थाइल्याण्डका सहभागीहरुलाई अर्थिक सहयोग उपलब्ध गराएर यस कार्यशालालाई क्षेत्रीय सहभागिताको स्तरमा पुऱ्याउनमा थप योगदान गर्नु भयो । यसले कार्यशालामा नयाँ आयाम थपिन गएको छ । उहाँलाई हामीहरुले धन्यवाद नदिइरहन सक्तैनौं ।

कार्यशालामा भित्ते अखवार चौतारी दैनिक प्रकाशित गरिन्थ्यो । यो अखवार संचारको लोकप्रीय साधन हुन गएको थियो । यो अखवार प्रकाशित गर्ने र कार्यशालाको फिल्म बनाउने नेपाल वातावरण पत्रकार मंचका मोहन मैनाली, ध्रुब बस्नेत, मोहन बिष्ट, हस्त गुरुङ्ग, रमेश धमला र प्रमेश भण्डारीलाई हामीहरु धन्यवाद दिन चाहन्छौं ।

मञ्जुल नेपालको नाम विशेष रुपले लिनु पर्छ । उहाँले बेलुकाको गीत, कविता र नृत्यको संयोजन गर्नु भएको थियो । त्यसले कार्यशालामा सहभागितामूलक वातावरणको सिर्जना गऱ्यो र विभिन्न देशका सहभागीहरुका बीचमा रहेको असहजपनलाई मेटेर पुलको काम गऱ्यो ।

कार्यशालाको लागि विशेष किसिमले परिकल्पना गरेर सहभागीहरुका लागि तयार पारिएको सान्दर्भिक सडक नाटक सर्वनामको टोलीले प्रस्तुत गरेको थियो । त्यसका लागि सर्वनामको टोलीलाई हामीहरु धन्यवाद दिन चाहन्छौं ।

कार्यशालाको प्रकृयालाई समात्नका लागि अनुवाद, लेखन र अभिलेखलाई सिलसिलाबद्ध किसिमले एकै ठाउँमा मिलाएर राख्नु ज्यादै चुनौतीपूर्ण काम थियो । यो काम जुडिथ एम्तजिस, निवेदिता मिश्र, राजीव सिंह, शशी खड्गी, किरण बस्नेत र त्रिभुवन पौडेलले राम्ररी पूरा गर्नु भयो । उहाँहरुको कामप्रति लगनशीलता र प्रतिबद्धता नभएको भए यो प्रतिवेदन तयार हुन सक्ने थिएन ।

बूढानीलकण्ठ स्कूलका प्रधानाध्यापकले स्कूल र त्यहाँको सुन्दर स्थलको सम्पूर्ण सुबिधा हामीलाई उपलब्ध गराएकोमा उहाँलाई विशेष धन्यवाद दिन चाहन्छौं । ले. कर्णेल बी.जे. शाह, बुरसर ज्यादैनै सहयोगी हुनु हुन्थ्यो । उहाँको सहयोग बिना यो कार्यशालाको संभावना थिएन । बूढानीलकण्ठ स्कूलका सबै कर्मचारीहरुले खानपिन, राखन-धरनको प्रबन्धका लागि सहयोग गरेका थिए । तिनीहरुलाई पनि हामीहरु धन्यवाद दिन चाहन्छौं ।

यस कार्यशाला लाई दुरुस्त पार्नमा सहयोग गर्ने इसिमोडका मेरा सबै साथीहरुको नाम लिन ज्यादै अप्ठेरो छ । योजना र सुविधाका लागि समीर कार्की, संगठनात्मक र सचिवालय सहयोगका लागि रीता राणा र गोबिन्द श्रेष्ठलाई हामीहरु विशेष रुपले धन्यवाद दिन चाहन्छौं । तिनीहरुका अतिरिक्त अन्य सबै प्रबन्ध र प्रशासनिक विभागहरुको प्रशंसा नगरिरहन सक्तैनौं । उहाँहरुको सहयोग बिना यो कार्यशालाको आयोजना गर्न सम्भव थिएन । अन्त्यमा हाम्रा प्रकाशन विभागका व्यावसायिक बिज्ञहरु जो यस लेखलाई तयार गर्न र सम्पादन गर्न कारक तत्व हुनुहुन्थ्यो उहाँहरुलाई धन्यवाद दिन उचित ठानेका छौं ।

अनुपम भाटिया
क्षेत्रीय संयोजक
सहभागितामूलक प्राकृतिक साधन व्यवस्थापन कार्यक्रम

विषय सूची

परिचय १

परिचय ३
सहभागीहरू ३
कार्यशाला प्रकृया ३
कार्यशाला संचार ४
फाइल अभिलेखन ४

प्रारम्भिक सत्र ५

दर्ता, परिचय, पोष्टर सत्र ७
पूर्ण सत्रको प्रारम्भ ७
अन्तर्देशीय कार्य समूह ७
अनौपचारिक उद्घाटन ८
औपचारिक उद्घाटन ८

पूर्ण सत्र १३

कार्य समूहको प्रतिवेदन १५
पहिलो कार्य समूह १५
दोस्रो कार्य समूह १७
तेस्रो कार्य समूह १९
चौथो कार्य समूह २१
सर्वनाम सडक नाटक २३
स्थलगत भ्रमण २४
देशीय समूहको प्रस्तुति २४
फिलिपिन्स २४
थाइल्याण्ड २७
भूटान २९
पाकिस्तान ३१
भारत ३३
नेपाल ३७

एकीभूत सत्र ४७

भविष्यका लागि चुनौतीहरू ४९
वकालत र नेटवर्कको लागि रणनीतिहरू ४९
निर्णायक तहमा महिलाहरूको भूमिकालाइ बृद्धि गर्नका लागि रणनीतिहरू ५२
नीति, नियम र विधानलाई सामर्थ्य बनाउनका लागि रणनीतिहरू ५८
देशीय कार्य योजना र रणनीतिहरू : ६१
पाकिस्तान ६१
भुटान ६२
थाइल्याण्ड ६३
फिलिपिन्स ६४
भारत ६५
नेपाल ६८
इसिमोडले सामुदायिक वन उपभोक्ता समितिका लागि क्षेत्रीय समाचार-पत्र प्रकाशित गर्ने । ७१
समापन सभा ७१

परिशिष्ट ७५

परिचय

परिचय

हिन्दू कुश-हिमाली भेगको वन साधनको दिगो व्यवस्थापनको लागि सहभागितामूलक वन व्यवस्थापन एउटा वैकल्पिक रणनीतिका रुपमा देखापरेको छ । स-साना गाउँमा आधारित सामुदायिक संगठनहरूले वन साधनमा आफ्नो अधिकार किटान गर्न र स्थानीय वातावरणको संरक्षण र व्यवस्थापन गर्नमा महत्वपूर्ण भूमिका खेलेका छन् । जनमुखी साधन व्यवस्थापन रणनीतिहरूले तिनीहरूको सफलताका कारणले गर्दा बिभिन्न विकास क्षेत्रहरूमा केन्द्रीय स्थान ओगट्न थालेका छन् ।

समुदायमा आधारित संगठनहरूले प्राकृतिक साधन व्यवस्थापनमा नाजुक भूमिका खेल्ने कुरा स्वीकार्दै अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले खाद्य तथा कृषि संगठनको नेपाल च्याप्टर वन, वृक्ष र जनता कार्यक्रमको सहयोगमा क्षेत्रीय सामुदायिक वन उपभोक्ता समूहको प्रथम कार्यशालाको आयोजना गऱ्यो । कार्यशालाको मुख्य उद्देश्य अनुभवको आदान-प्रदान गर्न र भविष्यका लागि रणनीतिहरूको परिकल्पना गर्नका लागि समुदायमा आधारित प्राकृतिक साधन व्यवस्थापनमा स्रोत व्यक्तिलाई अगाडि ल्याएर परिचालन गर्नु हो ।

कार्यशाला २२ मे देखि २७ मे १९९५ सम्म बुढानीलकण्ठ स्कूल, काठमाण्डौं, नेपालमा संचालन भएको थियो । यस कार्यशालाले नेपाल, भारत, पाकिस्तान र थाइल्याण्डका वन उपभोक्ता समूहका सदस्यहरूलाई एकै ठाउँमा भेला गराउनुका साथै फिलिपिन्स र भूटानका सामुदायिक संगठनकर्ताको पनि सहभागिता थियो । यो प्रथम सभा थियो जसमा बिभिन्न देशका वन उपभोक्ता समूहले साझा चासोको विषयमा र उपलब्धिका बारेमा अन्तर्कृया गरे । सामुदायिक वनका बारेमा समेत यो प्रथम अन्तर्राष्ट्रिय सभा थियो जसमा समुदायका सदस्यहरू दर्शक र श्रोता भन्दा पनि मुख्य नायक थिए । कार्यशालाले हिन्दू कुश-हिमाली भेगमा दिगो प्राकृतिक साधन व्यवस्थापनका लागि उपभोक्तामुखी रणनीति तयार गर्न अमूल्य मौका प्रदान गऱ्यो ।

सहभागीहरू

छ देशका जम्मा ७७ जना सहभागीहरूको कार्यशालामा उपस्थिति थियो । त्यसमा वन उपभोक्ता समूहका सदस्यहरू, महिला समूहका सदस्यहरू, केही गैर-सरकारी संगठनहरू र सामुदायिक संगठनकर्ताको सहभागिता थियो । नेपालबाट त्रिचालीस जना, भारतबाट तेइस जना, पाकिस्तानबाट पाँच जना, थाइल्याण्डबाट तिन जना, फिलिपिन्सबाट दुई जना र भूटानबाट एक जनाले भाग लिएका थिए ।

एक तिहाई भन्दा पनि बढी महिला सहभागिता थियो । त्यसमा नेपालबाट सोह्र जना, भारतबाट आठ जना, पाकिस्तानबाट तीन जना र फिलिपिन्सबाट एक जना महिला थिए । महिलाहरूको सहभागिता सकारात्मक रुपले उत्साहवर्धक थियो । उपभोक्ता समूह र गैर-सरकारी संस्थाहरूलाई खुला निम्ता दिंदा तीन जना मध्ये दुई जना महिला हुनु पर्छ भनिएको थियो । महिला प्रतिनिधिहरूको सहभागितालाई सुविधायुक्त बनाउनका लागि शिशु-स्याहारको व्यवस्था पनि गरिएको थियो ।

कार्यशाला प्रकृया

कार्यशाला यथाशक्य सहभागितामूलक होस् भन्ने कुरा ध्यानमा राखेर कार्यशालाको तालिकाको रुप-रेखा पहिले नै तयार गरिएको थियो । चार किसिमका छलफलका विषय तय गरिएको थियो । तिनीहरू

यस प्रकार छन् :- अनुभवको आदान–प्रदान गर्न, अपेक्षा ठम्याउन र भविष्यका लागि सम्पूर्ण कुराको सिफारिश गर्नका लागि एउटा अन्तर्देशीय कार्य समूह, छलफलबाट निस्केका नाजुक विषयका लागि एकीभूत सत्र, आ-आफ्नो देशको प्रस्तुति र कार्य योजना तयार गर्नका लागि एउटा देशीय कार्य समूह र प्रस्तुति प्रश्नोत्तर र समूह छलफलका लागि एउटा पूर्ण सत्र ।

सहभागीहरू बिभिन्न पृष्ठभूमिबाट आएका हुनाले पूर्ण सत्र र सानो समूहको सत्रका लागि नेपाली, हिन्दी र अंग्रेजीको प्रयोग गरिएको थियो । यी भाषाहरूमा पोख्त अनुवादक र लेखकहरूले कार्यशालाको सबै छलफललाई सजिलो बनाएका थिए ।

देशीय प्रतिनिधित्वको पहिलो मुख्य सत्र जसमा दुई या तीन भाषामा अनुवाद गराइएको थियो । त्यस बाहेकका बाकी सत्रहरूको प्रस्तुति हिन्दी अथवा नेपालीमा गराइएको थियो । त्यस अवस्थामा अनुवादकहरू दर्शकहरूका बीचमा हुन्थे । यो व्यवस्था ज्यादै नै सफल देखियो र स-साना समूहमा पनि यो प्रकृया अपनाइयो ।

कार्यशाला संचार

कार्यशालाका सहभागीहरूका लागि संचारको सुविधा उपलब्ध गराउनका लागि र समूह छलफलको नतिजाको आदान-प्रदान गर्न र त्यसलाई एउटै ठाउँमा मिलाउनका लागि एउटा सुविधा सम्पन्न सचिवालयको व्यवस्था गरिएको थियो ।

कार्यशालाका अस्सी सहभागीहरूका लागि संचारको साझा माध्यम उपलब्ध गराउन कार्यशालाको अवधिभरका लागि दैनिक भित्ते अखवार प्रकाशित गर्ने व्यवस्था मिलाइएको थियो । नेपाली, हिन्दी र अंग्रेजीमा प्रकाशित गरिएको 'चौतारी' भन्ने अखवारले अन्तर्कृयाका लागि लोकप्रीय स्थान ओगटेको थियो । चौतारीको विषय सूचीमा कार्यशालाको प्रगति, असाधारण घटनाका खबरहरू, हाँस्य-ब्यंग्य, गुनासा र सुझाबसम्म समावेश गरिएको थियो ।

फाइल अभिलेखन

कार्यशालाको प्रकृयालाई फिल्ममा अभिलेख राख्न कार्यशालाको सात दिनको अवधि भरका लागि फिल्मको एउटा टोली नै उपस्थित थियो । लगभग ८०० मिनेटको फिल्म खिचिएको छ र त्यसमा कार्यशालाको अभिलेखीकरण र तीस मिनेट जति सहभागीहरूको अन्तर्वार्ता रहेको छ । कार्यशालामा छलफल गरिएका सवालहरूसंग सम्बन्धित दुई फिल्म बनाउने उद्देश्यले यसो गरिएको हो ।

प्रारम्भिक सत्र

दर्ता, परिचय, पोष्टर सत्र

पहिलो दिन
मे २१, १९९५
आइतबार

मे २१, आइतबारको बिहानै देखिनै सहभागीहरू आउन थालिसकेका थिए । दर्ता गर्दा प्रत्येक सहभागीहरूलाई कार्यशालाको अवधि भरका लागि प्रयोग गर्न र संझनाको लागि घरमा लानका लागि स्थानीय-स्तरमा बनाइएको एउटा चकटी र कपडाको झोला उपलब्ध गराइएको थियो । बूढानीलकण्ठ स्कूल हाताको नक्सा र सूचना तीन भाषामा उपलब्ध गराइएको थियो । सहभागीहरूले आफ्नो क्षेत्र विशेष चिनाउने किसिमका सामुदायिक वनका समस्याहरू र कृयाकलापहरू सहितका पोष्टरहरू तयार गरेका थिए । यी पोष्टरहरू घरको मुख्य कोठामा प्रदर्शित गरिएको थियो, जहाँ सत्रहरू संचालन भएका थिए । तिनीहरू संचारका प्रभावशाली साधन बनेका थिए । काठमाण्डौं उपत्यकाको दृश्यावलोकन पश्चात् सहभागीहरूलाई सुविधाको व्यवस्थाको बारेमा जानकारी दिनका लागि एउटा पूर्ण सत्र बसेको थियो । सहभागीहरूले पनि सम्पूर्ण जानकारी लिएका थिए र यो सत्र राती अबेर समाप्त भयो ।

पूर्ण सत्रको प्रारम्भ

दोश्रो दिन
मे २२, १९९५
सोमबार

पहिलो औपचारिक सत्र सोमबार मध्यान्ह पछि शुरु भयो । यो सत्रमा सहभागीहरूले परिचय र आयोजकले कार्यशालाको उद्देश्य माथि प्रकाश पारेका थिए । समुदायहरूले वन साधन माथि आफ्नो अधिकार किटान गर्नमा महत्वपूर्ण भूमिका खेलेको कुरा स्वीकारिएको हुँदा समुदायमा आधारित प्राकृतिक साधन व्यवस्थापनमा अगाडि आएका महिला र पुरुषहरूलाई एउटै थलोमा भेला गराउनु र भविष्यका लागि रणनीतिहरूको परिकल्पना गर्न अनुभवको आदान-प्रदान गर्नका लागि एउटा मञ्च उपलब्ध गराउनु यस कार्यशालाको मुख्य उद्देश्य हो । वन अधिकृतहरू र बिभिन्न गैर-सरकारी संस्थाका सदस्यहरूले क्षेत्रीय मञ्चमा भाग लिने मौका पाएका छन्, तापनि गाउँ तहका उपभोक्ता समूहका सदस्यहरूले क्षेत्रीय-स्तरको गोष्ठीमा भाग लिन बिरलै अवसर पाउँछन् । यसकारण ग्रामीण समुदायहरू साधन व्यवस्थापनको जिम्मेवारी लिन सक्छन् भन्ने कुरा प्रमाणित गर्नमा यो कार्यशालाको मुख्य जोड थियो । उपभोक्ता समूहहरू बीचमा क्षेत्रीय मैत्रीको सम्भावनाको खोजी गर्नु र त्यस बारेमा बिचार विमर्श गर्नु पनि उद्देश्य राखिएको थियो । सहभागीहरू आफैले तिनीहरूको अपेक्षाको परिभाषा दिन र कस्तो किसिमको प्रकृया अपनाउनु पर्छ र त्यसका लागि अगाडि सर्नु पर्ने कुरा यस कार्यशालामा प्रष्टसंग बताइएको थियो ।

अन्तर्देशीय कार्य समूह

त्यसपछि वास्तविक कार्यशालाको काम शुरु गर्न चार अन्तर्देशीय कार्य समूहमा सहभागीहरू विभाजित भए । कार्यशालाबाट सहभागीहरूले कुन उद्देश्य पूरा गर्न सक्छन् त्यस बारेमा छलफल र परिभाषाका लागि सहभागीहरू विभाजित भएका थिए । प्रत्येक समूहको कार्य सूचीमा तीन बुँदाको पहिचान गरि यो ।

- परिचय
- कार्यशालाबाट साझेदारीको अपेक्षा
- बाद्न सकिने समूहको साधन र योगदानको पहिचान

उच्चतम् विविधता उपलब्ध गराउनका लागि समूहहरूको गठन गरिएको थियो । त्यसकारण प्रत्येक समूह बिभिन्न देशका सहभागीहरूको राम्रो मिश्रण थियो, त्यसमा लैंगिक सन्तुलन, उपभोक्ता समूहका सदस्यहरू र सामुदायिक संगठनकर्ता समावेश थिए ।

शुरुमा यस्तो खालको निर्माणको प्रकृयामा केही घण्टा लाग्छ भन्ने आशा गरिएको थियो, तर समूहहरूले अनौपचारिक उद्घाटन हुने समयसम्म काम गरे र रातको खानापछि सूचना दिए । एक अर्काबाट स्वतन्त्र प्रत्येक समूहले बिस्तृत परिचयको प्रकृयाबाट थालनी गरे, जसमा समूहका सदस्यहरूले आफ्नो समूह वा संगठनको बारेमा छलफल गरे। यसका साथै तिनीहरूले आफूले काम गरेको समूहको नियम र निर्देशिकाका भिन्नताका बारेमा समेत छलफल गरे । कुनै समूहले भोलिपल्ट बिहान आफ्नो प्रस्तुति तयार गर्नका लागि राति अबेरसम्म काम गरे ।

अनौपचारिक उद्घाटन

बूढानीलकण्ठ स्कूलको हातामा रहेको सरस्वतीको मन्दिरमा सहभागीहरूका लागि मात्र कार्यशालाको एउटा अनौपचारिक उद्घाटन भएको थियो । परम्परागत नेपाली शैलीमा मन्दिरको वरिपरि मैनबत्ती बालेर फूल अर्पण गरिएको थियो । ज्ञान र शिक्षाको चेतना जगाउन भाईचारा र सामूहिक प्रयत्नको वातावरण सिर्जना गर्न सबै सहभागीहरूलाई मैनबत्ती बाल्नका लागि निम्तो गरिएको थियो र कार्यशालाको सफलताका लागि फूल अर्पण गर्न अनुरोध गरिएको थियो । सहभागीहरू यस किसिमको प्राचीन र सुन्दर परम्परामा सहभागी हुन पाएकोमा खुशी थिए । मन्दिर उपवनमा अवस्थित थियो । चारैतिर बिभिन्न जातका रंगीन फूलहरू लगाइएका थिए । यो प्रारम्भिक समारोहले कार्यशालाको सकारात्मक भावको सिर्जना गरेको थियो ।

तेश्रो दिन
मे २३, १९९५
मंगलबार

औपचारिक उद्घाटन

माननीय वन तथा भू-संरक्षण मन्त्री सलिम मियाँ अन्सारीका साथमा वन तथा भू-संरक्षण मन्त्रालयका र वन विभागका उच्च पदस्थ कर्मचारीहरूको आगमन पश्चात् औपचारिक उद्घाटन शुरु भयो । सुन्सरीका सेमाई चौधरी जसले नेपालको पुनर्वनीकरणका लागि व्यक्तिगत तवरले प्रतिबद्धताका साथ योगदान गरेवापत राष्ट्रिय मान्यता प्राप्त गर्नु भएको थियो, उहाँ यस उद्घाटन कार्यक्रमको सभापति पनि हुनुहुन्थ्यो ।

इसिमोडका महानिर्देशक इगबर्ट पेलिन्कद्वारा स्वागत भाषण

इसिमोडका महानिर्देशक इगबर्ट पेलिन्कले आफ्नो स्वागत भाषणमा कार्यशाला अतुलनीय किसिमको भएको कुरामा जोड दिनुभएको थियो । उहाँले नेपाल पहिलेदेखि नै प्रगतिशील सामुदायिक वन नीति र विधान बनाउनेमा अन्तर्राष्ट्रिय रुपमा चिनिएको छ, तापनि ती नीतिहरूलाई ब्यवहारमा उतार्ने चुनौती अझै विद्यमान छ भन्नु भयो । श्री इग्बर्टले कार्यशालाका सहभागीहरूलाई हार्दिक स्वागत गर्दै भन्नु भयो – तपाईहरूले आफ्नो ब्यवहारबाट नै हिन्दू कुश-हिमाली भेगमा समुदायमा आधारित वन

प्रभावशाली छ र सफल हुन सक्छ भन्ने कुरा देखाइसक्नु भएको छ । श्री इग्बर्टले सहभागीहरूलाई वन व्यवस्थापन नयाँ युगको अग्रस्थानमा रहेको कुरा बताउँदै त्यस्ता सहभागीहरूले यस कार्यशालालाई विशेष बनाएको कुरा पनि उल्लेख गर्नु भएको थियो । यस अवसरमा दूर्गम क्षेत्रको गाउँमा बस्नेहरू यस पटक श्रोता होइन, कार्यशालाको मुख्य अभिनेता भएको कुरा पनि उहाँले बताउनु भयो । श्री इग्बर्टले जोड दिंदै भन्नु भयो - हिमाली भेगको वनको भविष्यका लागि सहभागीहरूले आशा जगाउनु भएको छ। सम्पूर्ण पर्वतीय प्रदेशका लागि के कस्ता रणनीतिहरू र बाटो पहिल्याउनु पर्छ इसिमोड मार्ग निर्देशनका लागि प्रतिक्षारत छ ।

वातावरणको संरक्षण गर्ने र गरीवी निवारण गर्ने दोहोरो जिम्मेवारी इसिमोडको भएको कुराको टिप्पणी गर्दै श्री इग्बर्टले वातावरणीय सवाल र आर्थिक आकांक्षालाई जोडेर इसिमोडले हिन्दू कुश-हिमाली भेगको दिगो विकासको प्राप्तिमा सहयोग गर्ने लक्ष्य राखेको कुरा बताउनु भयो । यस क्षेत्रका देशहरूलाई एउटै ठाउँमा ल्याउने जिम्मेवारी इसिमोडको भएकाले यस क्षेत्रका बिभिन्न देशका सहभागीहरूको उपस्थिति नै क्षेत्रीय दृष्टिकोणको प्रमाण हो र राष्ट्रिय सवाललाई उपलब्ध गराउन समर्थ हुनु इसिमोडको परिदृश्य हो । अन्य संस्थाहरूसंग सम्बन्ध गाँसिएको कुराको उल्लेख गर्दै उहाँले थाइल्याण्डका र फिलिपिन्सका प्रतिनिधिहरूको स्वागत गर्नु भयो ।

श्री पेलिन्कले प्रत्येक हिमाली भेगका देशहरूले वन व्यवस्थापनमा जनसहभागिताको प्रबर्धन गर्ने सफलतम् नीतिहरू लिएको भएतापनि वनको दिगो उपभोगमा र संरक्षण र व्यवस्थापनबाट हुने फाईदाको बाँडफाँडमा न्याय गर्नमा बढी ध्यान दिनु जरुरी छ भन्नु भयो । नीतिहरूलाई लागू गर्न उपभोक्तामुखी रणनीति र स्थानीय तहमा सही किसिमका संस्थाहरूको सिर्जना गर्नु पर्ने अहिलेको आवश्यकता भएको कुरा उहाँले बताउनु भयो । यस्ता रणनीतिहरूको तर्जुमा गर्ने सर्वोत्तम उपाय वन उपभोक्ता समूहको निकटत्तम सहयोग र सल्लाह नै हो, भन्ने कुरा श्री पेलिन्कले बताउनु भयो । कार्यशालाको यो उद्देश्य भएकाले यो सभालाई यो प्रकृयाको थालनीको रुपमा हेरिनु पर्छ र भविष्यमा अनुगमन गर्नका लागि व्यावहारिक रणनीतिहरू यस कार्यशालाले ठम्याउने छ भन्ने कुरामा आफू आशावादी भएको कुरा उहाँले बताउनु भयो । श्री पेलिन्कले सहभागीहरूको सिफारिशहरू हितकारी हुनेछन् र यिनीहरूले इसिमोडका सदस्य राष्ट्रहरूलाई मात्र योगदान पुऱ्याउने होइनन् यू.एन.सी.ई.डी. को कार्यसूची २१ को परिच्छेद १३ मा बिचार विमर्श गर्नका लागि समेत मद्दत पुऱ्याउने छन्, जुन संसारभरका पर्वतीय विकाससंग सम्बन्धित् सवालहरूमा केन्द्रीत छ भन्ने कुरा बताउनु भयो । श्री पेलिन्कले मानवीय वन तथा भू-संरक्षण मन्त्रीलाई धन्यवाद दिनु भयो र उहाँको सहभागिताले श्री ५ को सरकारको जनमुखी वन नीति प्रतिको प्रतिबद्धता देखाएको कुरा बताउनु भयो । उहाँले फोर्ड फाउन्डेशन, नयाँ दिल्लीलाई, इसिमोडलाई निरंतर सहयोग दिएकोमा धन्यवाद दिनु भयो र त्यही सहयोगका कार णले यो कार्यशाला सम्भव भएको कुरा पनि बताउनु भयो । उहाँले स्वीस डेभलपमेन्ट कोअपरेशनलाई यस कार्यशालालाई आर्थिक सहयोग दिएकोमा धन्यवाद दिनु भयो । उहाँले त्यसपछि बूढानीलकण्ठ स्कूलका संचालक समितिका सदस्यहरू, प्रिन्सिपल र त्यहाँका कर्मचारीहरूलाई यस कार्यशालाका लागि ठाउँ उपलब्ध गराएकोमा धन्यवाद दिनु भयो । उहाँले वन, वृक्ष र जनता कार्यक्रम, वाच (परिवर्तनका लागि महिलाहरू एकजुट हुने : हाते मालो) लाई कार्यशालाको योजना गर्न र संगठन गर्न सहयोग पुऱ्याएकोमा धन्यवाद दिनु भयो ।

माननीय वन तथा भू-संरक्षण मन्त्री सलिम मियाँ अन्सारीको उद्घाटन भाषण

माननीय मन्त्रीले कार्यशालाको औपचारिक उद्घाटन गर्दै क्षेत्रीय सामुदायिक वन उपभोक्ता समूहको प्रथम कार्यशालाका सहभागीहरूलाई संवोधन गर्ने मौका दिएकोमा कार्यशालाका आयोजकहरूलाई धन्यवाद दिनु भयो । उहाँले वन व्यवस्थापनमा नेपालको वर्तमानको अनुभवले वन साधनको दिगो विकासका लागि जनसहभागिता आवश्यक भएको कुरा देखाएको छ भन्नु भयो । नेपालको वन व्यवस्थापन कार्यक्रममा उपभोक्ता समूहको गठन र परिचालन, कार्यगत योजनाको निर्माण र वन हस्तान्तरण गर्ने जस्ता कार्यहरू समावेश छन् । नेपालका अधिकांश जनताहरू वन साधनमा निर्भर छन् र ७५ प्रतिशत नेपाली जनता आफ्नो दैनिक आवश्यकताका लागि वनमा निर्भर छन् । बढ्दो जनसंख्याले वन साधनमा चाप बढिरहेको छ र स्थानीय जनताको पर्याप्त सहयोग र सहभागिता बिना सरकारी र गैर-सरकारी प्रयासहरू सफल हुन सक्तैनन् । नेपालको सामाजिक र आर्थिक अवस्थाले गर्दा आइमाईहरू र विपन्नवर्गहरू प्रत्यक्षरुपमा वन साधनमा निर्भर छन् । महिला उपभोक्ताहरूद्वारा व्यवस्था गरिएका वनका केही क्षेत्रहरू वढी व्यवस्थित र उत्पादनमुखी देखिएकाले भविष्यमा गरिने कार्यक्रममा महिलाहरूलाई बढी संलग्न गराउने योजना गरिने छ ।

माननीय मन्त्रीले प्रजातन्त्रको पुनर्स्थापना पश्चात् नेपालको वन कार्यक्रममा गति आएको कुरा बताउनु भयो । कार्यक्रमलाई संस्थागत गर्नका लागि नयाँ वन ऐन र पुरक ऐनहरू लागू गरिएको छ । यस ऐनले उपभोक्ता समूहलाई कानूनी मान्यता दिएको छ र वन उत्पादनमा तिनीहरूको कानूनी हक छ । सामुदायिक वनबाट हुने आम्दानी गाउँको र समुदायको विकासका लागि उपयोग गरिनेछ भन्ने कुरा पनि मन्त्रीले बताउनु भयो ।

मन्त्री अन्सारीले सामुदायिक वन कार्यक्रमले वातावरण संरक्षणमा पनि मद्दत पुऱ्याएको कुराको उल्लेख गर्दै भन्नु भयो - हिन्दू कुश-हिमाली भेग कमलो भएकाले मान्छेका नगन्य कृयाकलापले समेत सम्पूर्ण जनसंख्यालाई प्रभाव पार्न सक्छ । त्यसकारणले गर्दा वन व्यवस्थापन र यसका विकासका लागि प्राथमिकता दिन जरुरी छ।

मन्त्रीले कार्यशालाबाट बिचार र अनुभवको आदान-प्रदान गर्नमा मद्दत पुग्नेछ र त्यसले भविष्यका नीतिहरूलाई बल पुऱ्याउने कुरा उल्लेख गर्नु भयो । उहाँले इसिमोड, वन, वृक्ष र जनता कार्यक्रम वाच र आयोजकहरूलाई धन्यवाद दिदै कार्यशालाको सानदार सफलताको कामना गर्नु भयो ।

त्यसपछि सहभागी देशका प्रतिनिधिहरूलाई भेलालाई संवोधन गर्न निम्त्याइयो ।

कलावती देवी, उत्तर प्रदेश, भारत

नेपाल, पाकिस्तान, र भारत जस्ता देशहरूले गम्भीर वातावरणीय समस्याका सामना गर्नु परिरहेको कुरा स्वीकार्दै कलावती देवीले वन उत्पादनको विकास र संरक्षण गर्नु महत्वपूर्ण विषय हो भन्नु भयो। वनहरू महिलाहरूका प्रत्यक्ष चासोका विषयहरू हुन् र वन उत्पादनको अभावले तिनीहरूको काम बढ्न गएको छ । त्यसकारण महिलाहरूले वृक्षारोपण, संरक्षण र वन उत्पादनको उपयोगमा संलग्न हुनु पर्छ । महिलाहरूले वन विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । महिला तथा पुरुष दुबै मिलेर

वनको संरक्षण गर्न अत्यावश्यक छ । घरेलु कार्यको बोझले गर्दा यस्ता कार्यक्रमहरूमा महिला सहभागितालाई सीमित पारेको कुरामा तिनीले बिलौना व्यक्त गरिन् ।

अलि गोहार, पाकिस्तान

पाकिस्तानबाट सहभागीहरूलाई निम्त्याइएकोमा आयोजकलाई धन्यवाद दिंदै श्री गोहारले कार्यशाला ज्यादै नै फाइदाजनक हुने विश्वास व्यक्त गर्नु भयो । उहाँले हिन्दू कुश-हिमाली भेगका वरिपरि र त्यस क्षेत्रमा रहने जनताबाट ज्ञान आर्जन गर्न पाउने राम्रो अवसर हो भन्नु भयो । संस्कृति, जातीयता र भाषामा धेरै भिन्नता भएपनि कार्यशालामा छलफल गर्नका लागि त्यहाँ अझै पनि साझा विषय र समस्याहरू छन् । श्री गोहारले सामुदायिक वनको विकास गरेकोमा श्री ५ को सरकारलाई धन्यवाद दिनु भयो र नेपालको नीति र अनुभवबाट ज्ञान हासिल गर्न सहभागीहरू तत्पर रहेको कुरा व्यक्त गर्नु भयो । उहाँले यो ज्ञानले पाकिस्तान र अन्य देशहरूलाई प्राकृतिक साधन व्यवस्थापनका प्रभावशाली रणनीतिहरूको विकास गर्नमा मद्दत पुग्ने कुरा व्यक्त गर्नु भयो ।

जर्ज पाग्लिनावान, फिलिपिन्स

श्री पाग्लिनावानले फिलिपिन्स हिन्दू कुश-हिमाली क्षेत्रको भाग नभएतापनि वन र पर्वतीय संरक्षणको सवाल साझा मुद्दा हो भन्ने कुरा टिप्पणी गर्नु भयो । उहाँले सभामा सहभागी हुन निम्त्याइएकोमा फिलिपिनीहरू ज्यादै नै कृतज्ञ छन् भन्ने कुरा व्यक्त गर्नु भयो । श्री पाग्लिनावानले फिलिपिन्समा पनि जातीय समुदायहरूले बसोबास गरि आएका उच्च क्षेत्रहरू छन् । त्यसकारण हिमाली भेगमा वनको संरक्षण र व्यवस्थापन कसरी गरिएको छ त्यो हेर्न यस कार्यशालामा आफू आउनुको उद्देश्य व्यक्त गर्नु भयो । उहाँले कार्यशालामा बिभिन्न भाषा बोलिएतापनि वन एउटै भाषामा संचारित हुन्छन् । वनको एउटै भाषा हुन्छ त्यो हो-"जीवनको भाषा र यो नै साझा वन्धन हो, साझा तमसुक हो" भन्नु भयो ।

डिन सिग्टो, थाइल्याण्ड

श्री सिग्टोले वन्य वातावरण र जनताका समस्याका बारेमा छलफल गर्न एउटै ठाउँमा भेला भएका नेपाल, दक्षिण एशिया र दक्षिण पूर्वी एशियाका साथीहरूलाई प्रशंसा गर्दै आफ्नो अभिव्यक्ति शुरु गर्नु भयो । उहाँले आफूले दक्षिणी थाइल्याण्डको साथीहरूको प्रतिनिधित्व गरेको कुरा बताउँदै वनले माझीहरूको जीवनमा महत्वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गर्नु भयो । उहाँले दक्षिण थाइल्याण्डमा सामुदायिक वनको विकास गरी कार्यान्वयन गर्न प्रयत्न गरिरहेको कुरा उल्लेख गर्नु भयो । उहाँहरूको प्रयत्न अलिकति भए पनि सफल भएको छ । गरीव माझीहरूले भोग्नु परेको समस्यामा सरकारको ध्यान आकृष्ट भएको कुरा उहाँले उल्लेख गर्नु भयो ।

लक्ष्मी देवी खतिवडा, नेपाल

श्रीमती लक्ष्मी देवीले आफ्नो वन उपभोक्ता सम्बन्धित् अनुभव सुनाउनु भयो । तिनीहरूको बालीलाई बाढीले बगाएपछि तिनी र अन्य महिलाहरू मिलेर बृक्षारोपण गरे । तिनीहरूले आफ्नो अन्य आवश्यकता

अनुसार घाँस र दाउराका लागि विरुवाहरू रोपे । त्यस समूहका महिलाहरू सबै काम आफै गर्छन् । आफ्नो पैसा उठाएर बार बारेका छन्। तिनीहरूले दूग्ध संकलन केन्द्र र बिक्री केन्द्र पनि खोलेका छन्। यो केन्द्रबाट आर्जित आय स्कूल खोल्ने काममा उपयोग गरिएको छ । सरकारबाट तिनीहरूले आजसम्म कुनै किसिमको सहयोग प्राप्त गरेका छैनन् । श्रीमती खतिवडाले यो कुरा भन्दै आफ्नो भनाई टुंग्याउनु भयो - महिलाहरू पूर्ण रुपले वनमा निर्भर हुने भएकाले वन व्यवस्थापनको निर्णय गर्नमा तिनीहरूको सहभागितामा सुधार हुनु आवश्यक छ ।

पिताम्बर भण्डारी, नेपाल

श्री भण्डारीले दक्षिण एशियाली सामुदायिक वनको प्रथम कार्यशालामा सहभागी हुन निमन्त्रणा दिएकोमा इसिमोडलाई धन्यवाद दिनु भयो र वनको महत्वको बारेमा कविताद्वारा आफ्नो बिचार राख्नु भयो । कविता यस प्रकारको छ :

वन नै मान्छेको जीवन हो एकान्तमा शान्ति दिने
वनको बगैंचामा कोइली मात्र होइन अरु चराहरू स्वतन्त्र भएर गाउँछन्
जहाँ पर्वत छ त्यहाँ शान्ति छ
जहाँ बाघ, स्याल र ब्वाँसाहरू निर्भयका साथ घुम्छन्, डुल्छन्, विचरण गर्छन्
वनमुनि शुद्ध चिसो पानी पाईन्छ
वन मुनि फलफूल र तरकारी पाईन्छ ।
गीतले गुंजयमान हुन्छ वन
घाँस दाउरा गर्नेहरू र गाउँलेहरू निर्भयका साथ घुम्छन् वनमा
तिनीहरू त्यसै नै खुशी देखिन्छन्
तिनीहरू पूर्ण जीवन बाँचिरहेका छन् ।
जुन वेला सरकारले वन संरक्षण गर्थ्यो
वन जतातत्तै सखाप हुन्थ्यो, उपभोक्ताहरू ठगिन्थे
वन पालेलाई मतलब नै थिएन
त्यसैले त सरकार असफल भयो, असमर्थ भयो वन जोगाउन ।
अहिले त उपभोक्ता समूह आपसमा मिलेका छन्
वनको व्यवस्था आफै गर्छन्
वन आफै हुर्काउँछन्
आवश्यक पर्दा आफै काट्छन् ।
वन बचाऔं, वनको हेरचाह गरौं, जतातत्तै हरियाली बनाऔं ।
यसरी नै वातावरण सप्रिन्छ
यसरी नै सामुदायिक वनको विकास हुन्छ
अहिलेसम्म हामीहरूले काठ किन्नु परेको छ, आवश्यक पूरा भएको छैन
घाँस पनि हामीलाई पुगेको छैन, दाउरा पनि हामीलाई पुगेको छैन
त्यसैले त हामीले काठ पुऱ्याउन वृक्षारोपण गर्नुछ
काठ मात्र होइन, घाँस दाउराको लागि पनि वृक्षारोपण गर्नुछ
हामीलाई रसिला फलफूल चाहिएको छ
हामीलाई औषधिका लागि जडीबुटी चाहिन्छ
त्यसैले हामीहरूले जतातत्तै हरियाली बनाउनु पर्छ ।

पूर्ण सत्र

सभापति सेमाई चौधरी, सुनसरी, नेपाल

बिभिन्न देशका धेरै प्रतिष्ठित व्यक्तिहरूको उपस्थितिबाट आफू हर्षित भएको कुरा जनाउँदै सभापति चौधरीले नेपाल लगायत अन्य देशहरूमा हरियालीले ढाक्ने आशा व्यक्त गर्नु भयो ।

कार्य समूहको प्रतिवेदन

चार कार्य समूहको प्रतिवेदन माथि छलफल गर्नका लागि दिउँसोको खानापछि साधारण पूर्ण सत्रको बैठक बस्यो । यस सत्रका लागि राजकीय वन विभाग सामुदायिक वन डिभिजन, थाइल्याण्डका पियर मसाक माकाराभिरोन सभापति हुनुहुन्थ्यो ।

पोष्टर अथवा ओभरहेडसहित प्रस्तुति गरिएको थियो । यसका साथै सहभागीहरूलाई वितरण गर्नका लागि कार्य समूहका आवश्यक सामाग्रीहरू जम्मा गरेर हिन्दी र नेपालीमा अनुवाद गरिएको थियो ।

पहिलो कार्य समूह

यस समूहका १८ जना सदस्य थिए, ७ महिला र ११ पुरुष थिए, तिनीहरू मध्ये १० जना नेपालबाट ६ जना भारत, भूटान, र फिलिपिन्सबाट एक एक जना । सबै सहभागीहरूले आफूले प्रतिनिधित्व गरेको उपभोक्ता समूह वा संगठनसहित आफ्नो परिचय आफैले दिए र कार्यशालाबाट आफूले गरेको आशा र आकांक्षा बताए ।

कार्यशालाबाट अपेक्षा

- अरुबाट सिक्नु र अनुभवको आदान-प्रदान गर्नु

प्राय:जसो सहभागीहरूको आम ईच्छा कार्यशालाको माध्यमबाट यस क्षेत्रको सामुदायिक वन कार्यक्रमहरूको बारेमा अझ बढी ज्ञान हासिल गर्नु नै थियो । नेपालका स्याङ्जा जिल्लाका भीमलाल सुवेदीले आफ्नो उपभोक्ता समूहको गठन कसरी भयो, त्यस बारेमा बताउनु भयो । उहाँले नेपालका र अन्य देशका उपभोक्ता समूहहरूबाट धेरै सिक्न र अनुभवको आदान-प्रदान गर्ने आशा व्यक्त गर्नु भयो । राम बजार उपभोक्ता समूह, ओखलढुङ्गा, नेपालका भीम प्रसाद श्रेष्ठले आफ्नो समूहले कुनै पनि दातृ संस्थाबाट सहयोग नपाएको कुरा बताउनु भयो र अन्य उपभोक्ता समूहको गठन र व्यवस्थापनका बारेमा जान्ने ईच्छा राखेको कुरा व्यक्त गर्नु भयो ।

अन्य देशका सहभागीहरूमा जस्तो कि भूटानका डेनिस डेसमोन्ड र फिलिपिन्सका जर्ज पाग्लिनावानको पनि यस्तै किसिमको आकांक्षा थियो । श्री पाग्लिनावानले सामुदायिक वनको अनुभव बटुलेर जाने आशा व्यक्त गर्नु भयो । उदाहरणका लागि फिलिपिन्समा 'उपभोक्ता समूह' भन्ने शब्द कहिल्यै प्रयोगमा आएको छैन किनकि समुदायले वनको उपयोग कहिल्यै गरेन र वन जहिले पनि कसै न कसैको स्वामित्वमा रह्यो ।

- वन व्यवस्थापनको प्रष्ट नीति निर्माणमा काम गर्नु

वन उपभोक्ता समूहको संचालनका लागि वन व्यवस्था सम्बन्धी विद्यमान सरकारी ऐन, कानून, नीति र विधानहरूको समीक्षा गर्नु पर्ने आवश्यकताको अनुभव गरियो । धेरै जसो सहभागीहरूले धेरै जसो नीतिहरू जनताका कल्याणका लागि निर्माण गरिएका छैनन् भन्ने कुराको टिप्पणी गरे । तिनीहरूले दिएका नीतिगत सुझावहरूमा कृषिजन्य वनको प्रदर्शनी, प्राकृतिक जडीबुटीको संरक्षणदेखि रेन्जरको तालिमसम्म समावेश भएका थिए । तिनीहरूले दिएका विशेष सुझावहरू निम्न प्रकारका छन् ।

- वन कार्य-योजना बनाउँदा र त्यसको कार्यान्वयन गर्दामा उपभोक्ताहरूको आवश्यकताहरू निश्चित रुपमा समावेश हुनु पर्ने ।
- वन उपभोक्ता समूहको गठन हुनु अघि सम्बन्धित गाउँलेहरूलाई वन उपभोक्ता समूहको उद्देश्य र दायित्वका बारेमा पूर्ण रुपले जानकारी गराउनु पर्छ र व्यवस्थापकीय समितिको निर्वाचन तिनीहरूको पूर्ण सहभागिताको आधारमा मात्र गरिनु पर्छ ।
- वनका कर्मचारीहरू र वन उपभोक्ता समूह बीच सहयोग र सद्भावना कायम राख्नका लागि बाधा र मनमुटावलाई हटाउन आवश्यक छ ।
- एकपल्ट वन उपभोक्ता समूहलाई वन्यभूमि हस्तान्तरण गरिसके पछि वनका कर्मचारीहरू बाट त्यहाँ हस्तक्षेप हुनु हुन्न ।
- निर्णय गर्ने र नीति निर्माण गर्ने स्थानमा वन उपभोक्ता समूहबाट पर्याप्त प्रतिनिधित्व हुनु पर्छ।
- झगडा र संघर्षलाई मिलाउनका लागि एउटा सुहाउँदो पद्धतिको आवश्यकता छ ।
- बदलिंदो आवश्यकता र अवस्थालाई सुहाउने बनाउन कानून र बिधानहरू लचिला हुनु पर्छ ।
- वन उपभोक्ता समूहको वनको स्वामित्व, उपभोक्ताको अधिकार र दायित्व प्रष्टसंग परिभाषित हुनु पर्छ ।

- राष्ट्रिय अथवा क्षेत्रीय संगठनको स्थापना गर्न

- वन उपभोक्ता समूह बीचमा संस्था स्थापनाको बारेमा, जानकारीको आदान-प्रदान गर्ने सूत्रको बारेमा र तालिमको बारेमा संचार माध्यमको अभाव एउटा गम्भीर चासोको विषय हो । धेरै जसो सहभागीहरूले क्षेत्रीय-स्तरको संगठन स्थापना गर्नका लागि सुझाब दिए । अहमदावादका श्री जी. राजुको भनाई थियो - यस संगठनबाट क्षेत्रीय समस्या सामूहिक रुपमा सुल्झाउन सकिन्छ । यस्तो एउटा संगठनले ज्ञान, सूचना र अनुभवको आदान-प्रदान गर्ने बस्तुहरू उपलब्ध गराउन सक्छ र सान्दर्भिक समस्यामा सही किसिमको निर्देशन गर्न सक्छ र समूह बीचको कृयाकलाप र संचारको संयोजन गर्न सक्छ ।

- महिला वन उपभोक्ताको अनुभवको आदान-प्रदान गर्नु र अधिक महिला सहभागिता निश्चित गर्नु ।

चामोली जिल्ला, यु.पी. भारतकी कलावती बिगत १६ वर्षदेखि महिला मण्डलकी अध्यक्ष छिन्। तिनको भनाई थियो - महिलाहरू सहभागी भए पछि नीतिहरूको पुननिर्माण भएको छ र वन

व्यवस्थापनमा सुधार आएको छ । महिलाहरूको समूह अहिले राम्ररी नै शक्तिशाली भएको छ। अन्य महिलाहरू के गरिरहेका छन् त्यो कुरा यस कार्यशालाबाट सिक्ने आशा मैले लिएको छु ।

सप्तरी जिल्ला नेपालकी लक्ष्मी देवी खतिवडाले आफ्नो उपभोक्ता समूहको अनुभव बताउनु भयो "मालती महिला समूहले एउटा नर्सरी स्थापना गरी धेरै रुखका विरुवाहरू उत्पादन गरी सकेका छन् । यदि कसैले बस्तुभाउहरू त्यस क्षेत्रमा चराउन लगेको खण्डमा हामी रु ५।- देखि ५१।- सम्म जरिवाना गर्छौं । प्राथमिक बिद्यालय खोल्न प्रत्येक घर-धुरीबाट रु १०।- संकलन गरेका थियौं । देशको अन्य महिलाहरू के गरीरहेका छन् भन्ने हेर्न म यहाँ पुग्ने सुअवसर पाएकी छु ।"

उपभोक्ता समूहको कार्यमा सुधार गर्नका लागि सुझावहरू तयार पारिएका थिए । ती निम्न हुन् :

- तिनीहरूको औकात वा हैसियतको वास्ता नगरी सदस्यहरू बीचमा अधिकार र दायित्व बराबर हुनु पर्छ ।
- आय आर्जन गर्ने अवसरमा गरीव वर्गलाई प्राथमिकता दिनु पर्छ र शीप विकासका लागि तालिमको व्यवस्था गर्नु पर्छ ।
- सम्बन्धित क्षेत्रमा शीप बिकासको लागि वन उपभोक्ता समूहका सदस्यहरूलाई आवश्यक तालिम उपलब्ध गराउनु पर्छ ।

दोस्रो कार्य समूह

यस समूहमा एक्काइस जना सहभागी थिए । नेपालबाट नौ जना, भारतबाट सात जना, थाइल्याण्ड र पाकिस्तानबाट दुई/दुई जना र फिलिपिन्सबाट एक जना । त्यसमा सात महिला थिए र चौध पुरुष । समूहका सदस्यहरूले पहिले आफ्नो संगठनको परिचय दिने र त्यसपछि तिनीहरूले बिभिन्न देशका सामुदायिक वन सम्बन्धी कानूनहरूको ब्याख्या गर्ने निर्णय गरे । चण्डी प्रसाद भट्ट, उत्तर प्रदेश, भार तले सुझाव दिएका थिए - सबैको अनुभव सुनेपछि समूहले सहभागिताको विकासका लागि ज्ञान हासिल गर्न सक्छ । सहभागीहरूले आफ्नो उपभोक्ता समूहले सामना गरिरहेको समस्याहरूका बारेमा पनि छलफल गरेका थिए ।

चासोका केही क्षेत्रहरू निम्नानुसार छन्

- सदस्यहरू बीच उत्साहको संचार कसरी कायम राख्ने ? जवकि सरकार र नीतिहरू परिवर्तन भैरहन्छन् ।
- ओखलढुङ्गा नेपालकी शर्मीला कटुवालको भनाई अनुसार उपभोक्ता समूह बीचको झगडा र उपभोक्ता समिति बीचको संघर्ष चासोको विषय हो । उहाँले झगडाको एउटा नमूना प्रस्तुत गर्नु भयो । यो झगडा एउटा सफलतम् उपभोक्ता समूह भित्र नै उठेको थियो । उहाँको बिचारमा त्यस समूहको अध्यक्ष तानाशाही प्रकृतिको थियो । त्यो अध्यक्ष सम्पूर्ण रुखहरू काट्न चाहन्थ्यो र त्यसको ठाउँमा नयाँ रुखहरू लगाउन चाहन्थ्यो जवकि महिलाहरू पुराना रुखहरू मात्र काट्न चाहन्थे ।

- ठूलावडालाई वन हत्याउनबाट कसरी रोक्ने ।
- नेपालमा गैर-सरकारी संस्थाहरूको अभियान कमजोर भएकाले सामुदायिक वनमा काम गर्नका लागि गैर-सरकारी संस्थालाई तालिम दिन आवश्यक छ ।

कार्यशालाबाट अपेक्षा

- सहभागीहरूबाट तिनीहरूको प्राकृतिक साधन व्यवस्थापनको ढाँचाका बारेमा र तिनीहरूको वन सम्बन्धी हालको विधानको स्तरका बारेमा ज्ञान हासिल गर्नु । हिमाली भागको पहाडी क्षेत्रमा र संसार भरमा प्राकृतिक साधन व्यवस्थापनको सूचना प्राप्त गर्नुपर्ने आवश्यकताको अनुभव तिनीहरूले गरे । त्यसमा साधनको वैज्ञानिक र कानूनी स्तर समावेश गरिएको थियो ।
- पहाडी र हिमाली भेगका मानिसहरूको साझा समस्याको पहिचान गर्नु ।
- समाधान गर्नुपर्ने समस्याको प्राथमिकता तोक्ने र भौगोलिक दृष्टिले समस्यामा विविधता छ छैन त्यो पनि हेर्ने ।
- अन्य देशका नविन र प्रगतिशील वन्य कृयाकलाप अनि संस्था, गठन र कार्यान्वयन गर्दाको सफलता, असफलता र कठिनाईहरू जुन तिनीहरूले पार गरे, त्यस बारेमा जान्नु ।
- प्राकृतिक साधन व्यवस्थापनका लागि जनताको आवश्यकताका बारेमा सिक्नु । प्राकृतिक साधन व्यवस्थापनमा कस्तो किसिमका परिवर्तन आवश्यक छ, त्यो कुराको निर्णय गर्नु र एकीकृत विकास योजना सहित नमूनाको उपभोक्ता समूहको गठन गर्न सकिन्छ कि ? त्यसमा बिचार गर्नु ।
- वन व्यवस्थापन कृयाकलापमा महिला सहभागितालाई प्रोत्साहित गर्ने बाटोका बारेमा छलफल गर्नु र निर्णय गर्ने ठाउँमा तिनीहरूको भूमिकालाई बृद्धि गर्नु ।

सहभागीहरूले आफ्नो समूहले धेरै कठिनाईहरू कसरी पार गरे त्यसको सफलताको कथा र अनुभवहरूको आदान-प्रदान गरे । केही उदाहरणहरू निम्न प्रकारका छन् ।

- थाइल्याण्डका डिन सिंग्टोले दक्षिणी थाइल्याण्डका स्थानीय माझीहरूको संगठनको सफलतम् प्रयासको बारेमा बताउनु भयो । त्यो संस्था तीन वर्षदेखि मात्र कार्यरत छ । टिन खानी र ठूला-ठूला डुङ्गावालाहरूले वन सखाप पारेका थिए । त्यसबाट माछा मार्नमा असर परेको थियो । यो संगठनले बिस्तारै बिस्तारै एक पछि अर्को कदम चालेर यो समस्याको समाधान गरे । तिनीहरूले पहिले गाउँलेहरूको भेला गराए र जडीबुटीको संरक्षण गर्नेमा राजी गराए । त्यसपछि तिनीहरू बृक्षारोपण गर्ने काममा लागे । एघार प्रान्तका अस्सी गाउँहरू यसमा संलग्न भए । यसमा जम्मा दश हजार मान्छे संलग्न थिए । यो खुकुलो किसिमको समूह थियो, संस्थागत ढाँचा र कागजी काम केही थिएन । यो वास्तवमा आपसमा समस्याहरूको हिस्सेदारीका लागि एउटा गाउँमा शुरु भएको थियो ।
- काभ्रे जिल्ला, नेपालका दीपक थापाले, आफ्नो समूह एउटा वनलाई सामुदायिक वनमा परिणत गराउनमा सफल भएको कुरा बताउनु हुन्छ । उहाँको गाउँको त्यो वन नब्बे वर्षदेखि अठ्ठाईस परिवारले आफ्नो बनाएका थिए । धेरै संस्थाहरूसंग संघर्ष गरे । अन्त्यमा त्यो वन अहिले सामुदायिक वनमा परिणत भयो । अहिले त्यो वन दुइ सय बीस परिवारले संरक्षण गरिरहेका छन् । आन्तरिक बैमनस्यता पनि अहिले खतम भएको छ ।

- फिलिपिन्सकी फेली पियलाले किसान सरोकार र सेवा केन्द्रको प्रतिनिधित्व गर्नु भएको थियो । यो संस्थाको स्थापना सन् १९८६ मा भएको थियो । जनताहरू सरकारको विरोधमा पहिले नै संगठित भएका थिए तर संगठनात्मक रणनीतिहरूलाई ज्यादै नै सकारात्मक बनाइयो । पहिले यो प्राविधिक संगठन थियो । यो संगठन छलफलको सट्टामा नयाँ प्रविधि र तालिममा केन्द्रित थियो। त्यसपछि तिनीहरू भूमिसुधार ऐनका लागि संगठित भए । तिनीहरूले अन्य गैर-सरकारी संस्थाहरूसंग सम्वन्ध राखेर संगठनात्मक बिस्तार गरे ।
- चण्डीप्रसाद भट्टले चामोली ग्राम सेवा मण्डलको प्रतिनिधित्व गर्नु भएको थियो । यो मण्डलले भारत चीप्को आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको थियो । उहाँले त्यस बारेमा सविस्तार वर्णन गर्नु भएको थियो । पचास वर्षसम्म वन अधिकारीहरूको साँठगाँठमा ग्राम पंचायतद्वारा वनहरू सखाप पारियो । वन विनाशपछि त्यस क्षेत्रमा ब्यापक बाढी आयो । पहिले यो संस्था बाढी उद्धार समितिका रुपमा गठन गरियो । तत्पश्चात् महिलाहरूले अनुभव गरे - घरको व्यवस्था गर्ने जिम्मेवारी पुरुषहरूको भए जस्तै जंगल फडानीको जिम्मेवारी तिनीहरूले लिनु पर्छ । त्यसकारण जब सरकारले रुखहरू ढाल्न दिने निर्णय गऱ्यो, तिनीहरू आफै संगठित भए र रुख समाएर रुख काट्न आउनेलाई रुख ढाल्नबाट बञ्चित गराए । त्यसपछि तिनीहरू वन व्यवस्थापनको लामो बाटो हिडिसकेका छन् र तिनीहरू संसारभरका सामुदायिक वनका उदाहरण बनेका छन् । अहिले तिनीहरूले रुख रोपेका छन् , संरक्षण गरेका छन् , नर्सरीको स्थापना गरेका छन् , प्रौढ शिक्षा उपलब्ध गराएका छन् र प्राथमिक स्कूलहरूको स्थापना गरेका छन् ।

अन्त्यमा यो समूहका सदस्यहरूले भारतीय सरकारलाई चिप्को आन्दोलनका सुन्दरलाल बहुगुणासंग सम्झौता गर्न अनुरोध गरेका थिए, जो त्यसवेला यु.पी. पहाडको तेहरी बाँध निर्माणको बिरोधमा भोक हडतालमा बसेका थिए ।

तेस्रो कार्य समूह

यस समूहमा १९ सहभागीहरू थिए, ११ महिला र आठ पुरुष । १० जना नेपालका बिभिन्न भागका थिए, छ जना भारतका, दुई जना पाकिस्तानका र एक जना थाइल्याण्डका थिए ।

समूहका सबै सदस्यहरूले आफ्नो र आफ्नो संस्थाको परिचय दिए । केही उदाहरण तल दिइएका छन्

- हरिप्रसाद न्यौपानेले नेपालको आहाले र बोखिम सामुदायिक वन उपभोक्ता समूह भोजपुरको प्रतिनिधित्व गर्नु भएको थियो । धेरै वर्षअघि उपभोक्ता समूहको सदस्यहरूले बनाएको सामुदायिक वन कार्यगत योजना अन्तर्गत फडानी भएको जग्गा वन उपभोक्ता समूहलाई दिइएको थियो । यसमा प्रत्येक घरबाट एक पुरुष र एक महिला सदस्य थिए । पचास प्रतिशत आय सामुदायिक वनको खातामा जान्थ्यो र बाँकी रहेको रकम ज्यालामा खर्च हुन्थ्यो । सामुदायिक वनको नर्सरीमा २०,००० देखि २५,००० सम्म विरुवाहरू थिए । जिल्ला शिक्षा समितिले प्रौढ शिक्षा कार्यक्रम चलायो । यो समूहले, वन उपभोक्ता समूहको जिल्लासंगको सम्बन्ध, बीउ वितरणमा सहयोग र कृषिजन्य वनको प्रवर्धनको बारेमा वन ऐन प्रष्ट हुनु पर्ने कुरा चाहेको थियो ।
- मीना खड्काले नेपालको कास्की जिल्लाको द्वारता सैरीवी सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधित्व गर्नुभएको थियो । वन ऐन अन्तर्गत ह्रास भएको वन तिनीहरूको संरक्षणमा आयो र

सात जनाले एक हेक्टर जग्गामा कृषिजन्य वन उत्पादन शुरु गरे । धेरै किसिमका विरुवाहरू हुर्काइयो र जग्गाको छेउमा काठका लागि काम लाग्ने रुख रोपियो । समितिको सभा महिनाको दुईपल्ट बस्छ र साधारण सभा भने प्रत्येक महिनाको एकपल्ट बस्छ । यस संगठनले प्रत्येक घरलाई दाउराको दवाव कम गर्न एउटा आधुनिक चुलो उपलब्ध गराएको छ र सार्वजनिक शौचालयको निर्माण गरेको छ।

- अमन अली शाहले उत्तरी पाकिस्तानको गिल्गिट स्थित एउटा गैर-सरकारी संस्थाको प्रतिनिधित्व गर्नु भएको थियो । यो आगा खाँ ग्रामीण टेवा समितिको एउटा भाग हो । यसको स्थापना, वन संरक्षणको आवश्यकताको चेतना जनतामा जगाउनका लागि भएको थियो । वनले २०,००० हेक्टर जग्गा ओगटेको थियो । समितिमा महिला र पुरुष दुवै सहभागी थिए । प्रत्येक सदस्यले २०० विरुवा रोप्नु पर्ने जिम्मेवारी थियो । सदस्यहरूलाई ऋण र बैंकको सुविधा पनि उपलब्ध गराइएको थियो ।
- कुलदीप बर्माले हिमांचल प्रदेश स्थित सिरमौरको "जनताको खाँचोमा जनताको काम" नामको गैर-सरकारी संस्थाको प्रतिनिधित्व गर्नु भएको थियो । यो संस्था दश वर्ष अघि स्थापना भएको थियो । उहाँको भनाई थियो - वनले पूरा जग्गा ढाकेको थिएन र स्वामित्व सरकारको हातमा थियो । जनताले एउटा दुईटा रुखसम्म पनि काट्न पाउँदैनथे । यस संगठनले एउटा महिला समितिको गठन गऱ्यो जसलाई 'महिला मण्डल' भनिन्छ । यस मण्डलले महिलासंग सम्बन्धित् काम गरेको छ । यस समिति मार्फत केही उपयोगी तालिम उपलब्ध गराइएको छ ।
- खगेन्द्र सिक्देल स्वीस डेभलपमेन्ट कोअपरेशनबाट आउनु भएको थियो । उहाँले त्यहाँ वन सल्लाहकारका रुपमा काम गर्नु भएको थियो । चेतना जगाउनु र वन विभागका कर्मचारीहरूलाई तालिम दिनु यस संस्थाको काम हो । यो संस्थाले वन विभाग र उपभोक्ता समूह बीचको पुलको काम गर्छ । उहाँले बिभिन्न समूह बीचको तुलनात्मक अध्ययनको आवश्यकता भएको र भारतको चिप्को आन्दोलनको बारेमा जान्ने उत्सुकता भएको बिचार व्यक्त गर्नु भएको थियो ।

छलफल पछि यो समूह निम्नलिखित सहमतिमा पुगेको थियो ।

- नेपालमा वन उपभोक्ता समूहको अवस्था साधारणतया सकारात्मक छ । वन उपभोक्ता समूहहरू फाइदा पाउनेमा छन् र ग्रामीण तहमा सामुदायिक वनमा महिला सहभागितामा सुधार भएको छ। केही ठाउँहरूमा वन उपभोक्ता समूहले आय आर्जन गरेर गहकिलो बचत गरेका छन् ।
- भारतको प्रत्येक राज्यमा सहभागितामूलक वन व्यवस्थापन भिन्न ढाँचाका छन् र समस्याहरू पनि फरक फरक छन् । धेरै जसो राज्यमा वन सरकारी नियन्त्रणमा छ । त्यसकारण त्यहाँ सामुदायिक वन लोकप्रीय छैन । किनभने उपभोक्तासंग जग्गाको स्वामित्व छैन र वन उत्पादनको पर्याप्त हिस्सा तिनीहरूले प्राप्त गरेका छैनन् । भारतका सहभागीहरू नेपालको सामुदायिक वनको ढाँचा र अवस्थाका बारेमा जान्न चाहन्छन् ।

कार्यशालाबाट अपेक्षा

- बिभिन्न देश र जिल्लाका सहभागीहरू बीच बिचार, अनुभव र समस्याको आदान-प्रदानको अभिबृद्धि गर्नु । उपभोक्ता समूहहरूलाई अझ बढी सक्रीय बनाउनका लागि शिक्षा, गोष्ठी र देश भित्र र बाहिरको भ्रमणको व्यवस्था गर्नु आवश्यक छ ।

- उपभोक्ता समूह बीचमा समझदारीलाई प्रोत्साहित गर्न भैरहेको कानून र नियम अन्तर्गत जिल्ला क्षेत्रीय र केन्द्रीय-स्तरको संस्था खडा गर्न नयाँ र व्यावहारिक नीतिको तर्जुमा गर्नु ।
- क्षेत्रको विकासका लागि कृषिजन्य वनको प्रवर्धन गर्नका लागि प्रष्ट नीतिको तर्जुमा गर्नु ।

चौथो कार्य समूह

यस समूहमा १८ जना सहभागी थिए, दस पुरुष र आठ महिला । ११ जना नेपालबाट, ५ जना भारतबाट र दुई जना पाकिस्तानबाट । यस समूहका सदस्यहरूले वन क्षेत्रको लगातार ह्रास भएकाले तिनीहरूले उल्लेखनीय साझा समस्याको पहिचान गरे । ह्रासका कारणहरू तल उल्लेख गरिएका छन्:

- वातावरणको बारेमा ज्ञान र चेतनाको अभाव
- वन विभाग र वन उपभोक्ता समितिको बीचमा उचित किसिमको समन्वयको अभाव
- राजनैतिक समस्या । यसमा राजनैतिक दल र वन विभाग बीच समन्वयको अभाव
- वन प्रविधिको अभाव
- पुरुष प्रभुत्व
- बेरोजगारी र गरीबीको समस्या
- ठूलाबडाहरूको सामाजिक प्रभुत्व
- वन सीमानाको समस्या
- जडीबुटीको दुरुपयोग
- वन्य जन्तुका बारेमा पनि प्रष्ट र समुदायमुखी नियम र विधानको आवश्यकता

कार्यशालाको अपेक्षा

समूहका सदस्यहरूका चासोका केही क्षेत्रहरू थिए, तिनीहरू यस कार्यशालाबाट प्रष्ट हुन चाहन्थे । तिनीहरू यस प्रकारका छन् ।

- वातावरणीय समस्या जस्तो कि आगलागी, पहिरो र विनाश हुनबाट वनलाई कसरी जोगाउने त्यसका उपायहरू के हुन सक्छन् त्यो कुरा पत्ता लगाउने;
- सफलतम् वृक्षारोपण, कृषिजन्य वन प्रविधि;
- झगडा मिलाउने प्रविधि जस्तो कि वन्य भूमिलाई घेर्ने र उपभोक्ता समूह बीचको व्यवस्थापन सम्बन्धी झगडा मिलाउने तरीका;
- नेपालको सफलतम् सामुदायिक वन कार्यक्रमका बारेमा सिक्नु;
- हिन्दू कुश-हिमाली क्षेत्रका देशहरू बीच संगठनात्मक बिस्तार गर्नु जसले समन्वयको ब्यवस्था गर्छ;
- सामुदायिक अधिकार र शक्ति;
- आय आर्जनका सम्भावित उपायहरू; र
- तल्लो तहमा चेतना जगाउने सरल र बिस्तृत कार्यक्रमहरू बनाउनु ।

समूहका केही सदस्यहरूबाट भएका परिचय यस प्रकार छन्

- यम बहादुर आले सभापति कोइदिम सामुदायिक वन, तनहुँ जिल्ला, नेपालले भन्नु भयो - खोरि या प्रथा अर्थात् कृषिका लागि वन फडानी गर्ने परम्पराले जब वन सखाप भयो, त्यसपछि सामुदायिक वन उपभोक्ता समूहको स्थापना भयो । तनहुँ जिल्लामा छोराहरूलाई तिनीहरूको बल नाप्न वनमा रुख काट्न पठाईन्थ्यो । काटिएका ती रुखहरू बाल्ने काममा प्रयोग गरिन्थ्यो र सुख्खा जग्गा कृषिका लागि उपयोग गरिन्थ्यो । यो अपर्याप्त कृषि जग्गा र बेरोजगारीको परिणाम थियो । त्यसले धेरै रुखहरू काट्ने र बाल्ने कामलाई अगाडि बढायो । दुई वर्ष अघिदेखि सामुदायिक वन कार्यक्रम शुरु भयो । यो कार्यक्रम शुरु भए पश्चात् तिनीहरू अहिले तरकारीहरू बेचिरहेका छन् र वार्षिक ने.रु. ११०,०००।- (यु.एस. डलर २,०००) आय आर्जन गरिरहेका छन्। आर्जित आय सामुदायिक वन विकासको काममा, खेतीको विकासमा, खानेपानी योजनामा र पुल र गोरेटो जस्ता निर्माण कार्यमा उपयोग गरिएको छ । तिनीहरूले सरकारबाट कुनै किसिमको सहयोग लिएका छैनन् ।
- कास्की जिल्ला नेपालकी सुभद्रा अधिकारी महिला वन उपभोक्ता समूहकी एउटी सदस्य हुनु हुन्छ। तिनीहरूले दुई हेक्टर जमिनमा रुख रोपेका छन् । यो समूहले जिल्लामा वन संरक्षण गरे वापत नगद पुरस्कार प्राप्त गरेको कुरा उहाँले बताउनु भयो । समुदायलाई आवश्यक पर्ने घाँस र दाउरा वनबाट पूर्ति गरिन्छ । यो उपभोक्ता समूहले एउटा आमा समूह पनि खडा गरेको छ र खानेपानी योजना, २५० मिटर गोरेटो बाटो र वृक्षारोपण र सामुदायिक वनको संरक्षणमा यो समूहको संलग्नता छ ।
- आशीष कुमार शाह, त्रिपुरा, भारतका आचार्य जगदीश चन्द्र बोस वृक्ष मित्र संघको प्रतिनिधित्व गर्नुभएको थियो । यो एउटा गैर-सरकारी संस्था हो र वातावरण संरक्षण गरे वापत यसले राज्य-बाट पुरस्कार प्राप्त गरेको छ । यो समूहले प्राविधिक सहयोग र प्रोत्साहन दिने काम गर्छ र अहिले चार किसिमका वनका कार्यक्रमहरू चलाईरहेको छ : सामाजिक वन, बारी वन, कृषिमा आधारित वन र संयुक्त/ सहभागितामूलक वन ।
- झालाभाई रथवी गुजरातको बिक्रम साराभाई अन्तर्कृया विकास केन्द्रका स्थानीय अधिकृत हुनु हुन्छ । उहाँले काम गर्ने ठाउँमा प्राय:जसो वनको भाग सखाप पारिएको थियो । प्राकृतिक वनलाई जोगाउन ग्रामीण सहकारी संस्थाको स्थापना गरियो र पर्ती जमिनमा वृक्षारोपण गरियो । केही सहकारी संस्थाहरूले सरकार र बिक्रम साराभाई अन्तर्कृया विकास केन्द्रसंग मिलेर संयुक्त कार्यक्रमको रुपमा कवुलियत वनको थालनी गरे । बिक्रम साराभाई अन्तर्कृया विकास केन्द्रले सर कार र ग्रामीण सहकारी संस्थाको मध्यस्थताको रुपमा काम गरिरहेको छ ।
- स्याङ्गजा नेपालका कृष्ण सुवेदीले धनी मान्छे भन्दा गरीव मान्छेहरू वनमा कतिको आश्रित छन् भन्ने कुराको प्रमाणका लागि एउटा सत्य कथा बताउनु भयो ।

> *"मोटे सार्की अत्यन्त गरीव थियो । उसले आफ्नो छ जना छोराछोरीहरूलाई रुख काटेर पाल्नु पर्थ्यो । महिला समूहको स्थापना पछि त्यो समूहले वनको संरक्षण गर्न शुरु गऱ्यो । तर मोटे सार्कीमा कुनै परिवर्तन आएन । उ अझै पनि रुख काट्न वनमा गैरहन्थ्यो । महिलाहरूले त्यसलाई समात्ने प्रयत्न गरे । तर तिनीहरूको प्रयास असफल भयो । उ कुन बेला वनमा जान्छ र रुख काट्छ कसैले*

पनि पत्तो लगाउन सकेन । ज्यादै मेहनत पछि एकदिन उ समातियो । महिला समूहले उसलाई थुन्नका लागि प्रहरी चौकीमा लगे । प्रहरीले मोटे सार्कीलाई थानामा राख्यो । त्यसको केही समय पश्चात् उसकी श्रीमती मेरो घरमा आईन् र सहयोगका लागि गुहार्न थालिन् । तिनले भन्न थालिन् - "लोग्ने जेलमा छ र हामीहरूलाई पाल्ने कोही पनि छैनन् ।" तिनले पैसा अथवा चामल मसंग मागिन्। तिनीलाई अलिकति चामल दिइयो र पठाइयो । त्यसपछि समूहले बिचार गऱ्यो - "मोटे सार्कीलाई वनको रेखदेखका लागि जागिर किन नदिने ? त्यसरी उसलाई जागिरमा लगाइयो भने, उसले रुख काट्न छोड्नेछ ।" त्यसपछि समूहले प्रति महिना ४५०।- तलव दिने गरी वनको रेखदेखका लागि मोटे सार्कीलाई नियुक्त गऱ्यो । अहिले उसले वनको रेखदेख गरेको छ र वनको सुरक्षा भएको छ ।"

- श्री पियरमसाकले पूर्ण सत्रको सारांश गर्दै भन्नु भयो - अहिलेको मुख्य चासोको विषय नै वन संरक्षणका लागि सरकारी कानून र नीति हो । त्यही बेलामा एउटा महत्वपूर्ण सुझाव दिइएको थियो। त्यो सुझाव हो - उपभोक्ता समूहको सामर्थ्यमा सुधार ल्याई प्रभावशाली किसिमले काम गर्न सक्ने बनाउने र एउटा संगठनात्मक बिस्तार र अन्य प्रविधिको विकास गरी समूहलाई बलियो बनाउने।

पूर्ण सत्रपछि सहभागीहरू आफ्नो देशीय कार्य समूहमा बिभाजित भए । यी समूहहरूलाई नीति, विधान, समस्या, सफलता असफलता समावेश गरी सहभागितामूलक वनको स्तरको बारेमा देशीय प्रस्तुति तयार गर्न भनिएको थियो ।

सर्वनाम सडक नाटक

साँझमा नेपालको परिचित नेपाली सडक नाटक समूह सर्वनामले एउटा नाटक प्रस्तुत गऱ्यो । जुन कार्यशालाकै लागि तयार गरिएको थियो । यस नाटकमा गाउँको एउटा सुन्दर रुखको बयान गरिएको थियो जसलाई समुदायले पवित्र मान्थे । एउटा स्थानीय नेता जो गाउँमा भोट माग्न आएको थियो र गाउँको विकासका लागि बचन दिइरहेको थियो, त्यसको दृष्टि त्यो रुखमा पऱ्यो । त्यो नेता र उसका पछि लागेर आएका गाउँका जमिन्दारहरूले त्यो रुख काट्यो भने त्यो गाउँको उन्नति हुन्छ भनेर जनतालाई विश्वास दिलाउन प्रयत्न गरे । स्थानीय जन-समुदायले विश्वास गरेनन् र रुख बचाउने अभियानमा लागे ।

राजनीतिज्ञ र जमिन्दारले त्यो ठूलो रुख काटेर दाउरा बेच्दा नाफा हुने कुरा सोचेर तिनीहरूले सहयोगका लागि स्थानीय पूजारीलाई गुहारे । त्यस वापत त्यस पूजारीलाई तिनीहरूले काठमाण्डौमा घर बनाइ दिने बचन दिए । गाउँलेहरूलाई सम्झाउन पूजारीलाई उचाले । तिनीहरूले उसलाई यो भन्न उचाले - यो रुख खराबीको जड हो जसले गाउँलाई नोक्सान पुऱ्याएको छ । यो रुख काट्यो भने गाउँ राम्रो हुन्छ, खराबी हट्छ, सुख शान्ति हुन्छ । पूजारीले जोड गरे तापनि यो रुख जसले तिनीहरूको समुदायलाई धेरै पुस्तादेखि आरामदायी छाँया दिइरहेको छ, त्यस्तो रुखले तिनीहरूलाई नराम्रो गरेको छ भन्ने कुरा विश्वास गर्न सकेनन् । अन्त्यमा जनताको तीब्र बिरोधपछि रुख काट्नबाट जोगियो ।

चौथो दिन
मे २४, १९९५
बुधवार

स्थलगत भ्रमण

कार्यशालाको चौथो दिन स्थलगत भ्रमणका लागि छुट्याइएको थियो । सहभागीहरूको भ्रमणका लागि दुई स्थानको छनौट गरिएको थियो । एउटा ठाउँ काभ्रेमा थियो । यो गाउँ नेपाल अष्ट्रेलिया सामुदायिक वन कार्यक्रमको रेखदेखमा थियो । अर्को स्थान धादिङ्गमा थियो । त्यो गाउँ युनाइटेड मिशन टु नेपालको प्राकृतिक साधन व्यवस्थापन कार्यक्रमको एक भाग थियो । सहभागीहरू यी ठाउँहरू मध्ये एउटा ठाउँ रोज्न स्वतन्त्र थिए ।

साँझमा श्री इग्बर्ट पेलिन्कले गोदावरीस्थित इसिमोडको प्रयोगात्मक र प्रदर्शनी स्थलमा सहभागीहरूका लागि चियापानको आयोजना गर्नु भएको थियो ।

पाँचौं दिन
मे २५, १९९५
विहीबार

देशीय समूहको प्रस्तुति

फिलिपिन्स

जर्ज पाग्लिनावानले फिलिपिन्सको प्रस्तुति गर्नु भयो । अंग्रेजीमा ओभरहेड स्लाइड तयार गरिएको थियो, र यसलाई नेपाली र हिन्दीमा सोझै अनुवाद गरिएको थियो । समयको बचत गर्न यसो गरिएको थियो । श्री पाग्लिनावानले बारांगे पाट्रोसेनियो सामुदायिक वन योजनाको बारेमा बताउनु भयो । त्यो योजना सन् १९९२ मा निम्नलिखित उद्देश्यका साथ शुरु गरिएको थियो ।

- किसानहरूलाई कृषि र वनका कृयाकलापका बारेमा जानकारी दिनु,
- वन उत्पादनबाट आयमा बृद्धि गर्नु, र
- वन क्षेत्र भित्रका विविध जीवहरूको रक्षा गर्नु ।

पूर्ण सत्र एक
(११ देखि १ बजे सम्म)
सभापतिहरू:
कमलावैन, भागोरा र जी.राजु ।

यस आयोजनामा ५५ घर धुरीहरू समावेश गरिएका थिए । त्यस आयोजनाले ५३० हेक्टर जमिन ओगटेको थियो र १०० हेक्टरमा काठपातको वन थियो । उपलब्ध साधनहरूमा चूनढुङ्गा, उम्रेको दोश्रो श्रेणीको वन, र पानीको मूहान थियो जुन समुदायका लागि आवश्यक पर्ने पानी आपूर्तिको साधन थियो । योजनाले विश्व विद्यालय, अरु गैर-सरकारी संस्था र सरकारी संस्थाहरूसंग सम्बन्ध स्थापित गरेको थियो ।

योजनाको कृयाकलाप

- किसानहरूलाई संगठन गर्नु
- पुरुष, महिला र युवाहरूको समिति निर्माण
  - गाईवस्तुको वितरण
  - बिभिन्न किसिमका कम प्रभाव दिने खेती
  - रुख र फलफूलको नर्सरी
  - वन

- गोष्ठी, तालिम, र व्यावहारिक ज्ञान
- प्रदर्शन कार्यक्रम/खुला कार्यक्रम
  - किसान–किसान भेटघाट
  - किसान–संस्था
- सहकारी शिक्षा
- नियमित मासिक सभा
- पर्यवेक्षण

योजनाको बल र अवरोधहरू

बल

- स्थानीय सरकारबाट टेवा
- विश्वविद्यालयहरू, वन विभाग, गैर-सरकारी संस्थाहरू र चर्च समूहहरूसंग सम्बन्ध
- योजनालाई मूर्तरुप दिन छिमेकीहरूले देखाएका ईच्छा
- महिला सहभागिता
- किसान चासो र सेवा केन्द्र र समुदायबीच हार्दिक सम्बन्ध
- समुदायले सरकारी विभागहरू, स्कूलहरू, गैर-सरकारी संस्थाहरू र चर्च समूहहरूका लागि एउटा नमूनाको भूमिका खेलेको
- स्वदेशी रुखका विरुवाहरू र फलफूलका रुखहरू जम्मा गर्न र खरीद गर्न आत्मनिर्भर भएको ।

अवरोधहरू

- सरकारी नोकरशाही
- अन्य गैर-सरकारी संस्थाको कार्य क्षेत्रसंग काम दोहोरिनु
- गैर-सरकारी संस्थासंग काम गर्न सरकारी उदासिनता
- विरोध भैरहनु
- भू-स्वामित्वको समस्या

आफ्नो आयोजनाको प्रस्तुति पछि पाग्लिनावानले फिलिपिनी सरकारको सामुदायिक वन योजनाको सम्झौताको बयान गर्नु भयो । जुन तल दिइएको छ :

- तयारी

➢ क्षेत्र पहिचान
➢ उपभोक्ता/बसोबास गर्नेसंग सल्लाह
➢ प्रष्ट सम्झौता सहित एउटा गैर-सरकारी संस्थालाई साझेदारीमा छान्नु ।

- कृयाकलापहरू

➢ संगठन गर्नु–समितिको निर्माण र नीति निर्माणमा नेतृत्व लिनु
➢ शिक्षा
➢ गोष्ठीहरू
➢ आय आर्जन हुने योजना, सहकारिताको लागि शुरुको पूँजी जम्मा गर्नमा सक्रीयता
➢ वन्य कृयाकलापहरू
➢ कृषिजन्य वनका लागि गोष्ठी / तालिम
➢ नर्सरीको स्थापना : रुख र फलफूल रोप्नु

- कार्यावधि समाप्ति

➢ गैर-सरकारी संस्थासंगका साझेदारी दुई वर्षमा समाप्त हुने
➢ प्राकृतिक साधन विभागले बुझ्ने

- फाईदाहरू

➢ सबै कृषि/गाईबस्तुको आय समुदायमा जाने

- आर्थिक पक्ष

➢ स्थायी रुखहरूबाट हुने आम्दानीको न्यूनतम प्रतिशत सरकारलाई बुझाउनु पर्छ
➢ समुदायले आम्दानी छुट्याउँछ ।

छलफल

प्र. दुई वर्षपछि सरकारले किन लिन्छ?

उ. "धेरै गैर-सरकारी संस्थाहरूले यो प्रश्न सोध्ने गरेका छन् र त्यसकारण हाम्रो योजना हाम्रो क्षेत्रमा सरकारसंग सहभागी हुँदैन । यसको उत्तर के हुनसक्छ भने शुरुको अवस्थामा समुदायको संगठन गर्नमा सरकार भन्दा गैर-सरकारी संस्था राम्रा हुन्छन् । शुरुको संगठन पश्चात् , अरु योजनाहरू पनि समावेश गर्न सकिन्छ ।"

प्र. समुदायहरू जमिन आफ्नै नाउँमा राख्न चाहन्छन् कि सरकारलाई दिन चाहन्छन् ?

उ. "वास्तवमा, प्रथमत: जमिनको स्वामित्व सरकारसंग हुन्छ । त्यो जमिनको समुदायले व्यवस्था मात्र गरेको हुन्छ । हामीहरूलाई के लागेको छ भने, सरकारले पछि लिनका लागि, समुदायको संगठन गर्नका लागि हामीहरूलाई प्रयोग गरेको छ ।"

प्र. नर्सरीहरू जग्गा धनीकै हुन्छन् कि सरकारको हुन्छ ?

उ. "ती सामुदायिक नर्सरीहरू हुन् । समुदायका सदस्यहरूले ती नर्सरी तयार गरेका हुन्छन् । तर बेर्नाहरू गैर-सदस्यहरूलाई पनि उपलब्ध गराइन्छ ।"

थाइल्याण्ड

यस देशको प्रस्तुति पियरमसाक माकाराभिरोन र डिन सिंग्टोले गर्नुभएको थियो । प्रस्तुतिको शुरुवात्मा उहाँहरूले थाइल्याण्डको सामुदायिक वनको छोटो परिचय दिनु भएको थियो । ओभरहेड स्लाइडसहित उहाँहरूले प्रस्तुत गर्नु भएको थियो । थाइल्याण्डको सम्पूर्ण क्षेत्रफल ५,००,००० वर्ग किलोमिटर छ । त्यसमध्ये ४० प्रतिशत वनले ढाकेको हुनु पर्छ । तर अहिले २६ प्रतिशत जमिन मात्र वनले ढाकेको छ । राष्ट्रिय लक्ष्यलाई प्राप्त गर्न अतिरिक्त १४ प्रतिशतको आवश्यकता छ ।

थाइल्याण्डमा वनको कुन टुका समुदायले व्यवस्था गरेको हो भन्ने कुरा छुट्याउनका लागि धेरै किसिमका पद्धतिहरू अपनाइएका छन् । साँस्कृतिक व्यवहारका आधारमा १०,००० भन्दा वढी वनका टुकाहरू समुदायद्वारा व्यवस्थापन गरिएका छन् । औपचारिक रुपमा देशका बिभिन्न क्षेत्रका सामुदायिक व्यवस्थापन निम्न अनुसारका छन् :

उत्तर	३०० वनहरू
उत्तर-पूर्व	१०० वनहरू
दक्षिण	६५ वनहरू
मध्य	५० वनहरू

हालको राष्ट्रिय वन नीतिले सामुदायिक वनको प्रवर्धन गर्न चाहेको छ । राष्ट्रिय सामाजिक र आर्थिक विकास योजनाले पनि सामुदायिक वनको प्रवर्धन गर्न र नयाँ सामुदायिक वन ऐनको व्यवस्था गर्न सुझाव दिएको छ । दुई वर्ष यता प्राकृतिक साधनको र वातावरणको व्यवस्था गर्न स्थानीय संगठनलाई अधिकार दिने कुरामा सरकारी नीतिले जोड दिएको छ । सरकारले यसलाई मुख्य समस्याका रुपमा लिएको छ । हालमा दुई किसिमका सामुदायिक वन ऐनहरूमा थाई सरकारले बिचार गरिरहेको छ । एक सरकारले तयार पारेको र अर्को समुदाय र गैर-सरकारी संस्थाहरूले मस्यौदा गरेको । यी दुवै किसिमका मस्यौदाहरूबाट एउटा परिणाम निस्कने आशा गरिएको छ । वर्तमानमा सामुदायिक वन संरक्षण ऐन र परम्परागत पद्धति अन्तर्गत सामुदायिक वनको व्यवस्था गरिएको छ ।

त्यसपछि पियरमसाकले माझीहरूले भोगिरहेको समस्या देखाउने जीव प्रबृत्ति पद्दतिको रेखा चित्र देखाउनु भयो । खानीहरू र ठूला ठूला माछा मार्ने डुङ्गाहरूले गर्दा माछाको स्रोत घटिरहेको देखिन्छ । माझीको सपना छ - जीव प्रबृत्तिको स्थापना गर्नु र ठूला ठूला डुङ्गाहरू हटाउनु अनि त्यहाँ स्थानीय माझीहरूलाई मात्र जान स्वीकृत दिनु ।

पूर्ण सत्र दुई (२ देखि ४:३० बजे सम्म) सभापतिहरू: कमलावैन, भागोरा र जी.राजु ।

छलफल

प्र. प्रस्तावित वन ऐनका दुई किसिमको वयानको बीचमा के अन्तर छ? र त्यहाँ दुइटा ऐन किन ?

उ. "सरकारले प्रस्ताव गरेको ऐनले नियन्त्रण गर्ने सबै अधिकार सरकारलाई दिन्छ र अर्को जनताले प्रस्ताव गरेको ऐनले उपभोक्ता समूहलाई नै नियन्त्रण गर्ने अधिकार दिन्छ ।"

प्र. सामुदायिक वन र परम्परावादी पद्दतिमा के फरक छ ?

उ. "सामुदायिक वन सरकारको तर्फबाट प्रस्तुत गरेको नियम र कानून अनुसार गठन गरिन्छ । सरकारी अधिकृतहरूले स्थानीय प्रमुखलाई यसमा समावेश गर्छन् । त्यसकारणले गर्दा यो वास्तविक गैर-सरकारी संस्था होइन, सरकारले गाउँको प्रमुखलाई वनको व्यवस्था गर्न नियुक्त गर्छ र प्रमुखको निर्देशन बमोजिम उपयोगका लागि रकम उपलब्ध गराउँछ । तर परम्परागत पद्दतिमा भने वनको व्यवस्था र संरक्षण स्थानीय जनता मिलेर आफै गर्छन् । अहिले गाउँलेहरू उपभोक्ताहरूले संचालन गरेको वास्तविक सामुदायिक वन पद्दति चाहन्छन् ।"

प्र. अहिले थाइल्याण्डमा सामुदायिक वन कसरी संचालन भएको छ ?

उ. "पहिले, वन र यसका उपभोक्ताहरूको पहिचान गरिन्छ । दोश्रोमा, वन-पैदावारहरूको संकलन गरिन्छ । तेश्रोमा, समुदायले आफैले नियम बनाउन सक्छ, जरिवाना तोक्न सक्छ र समस्यामाथि सम्झौता गराउन सक्छ । तर यसो गर्दा नियम भित्र रहेर गर्नु पर्छ । वन-पैदावार बेच्ने गरिदैन र स्थानीय जनताहरू तिनीहरूको आवश्यकता अनुसार वनको उपयोग गर्छन् । निर्वाचित गाउँ समितिले सामुदायिक वनको उपयोग र उपभोक्ताहरू बीचमा वन-पैदावारहरू वितरण गर्ने बारेमा नियम बनाउँछ । वन-पैदावारबाट संकलन गरिएको आय ग्रामीण विकास कोषमा जान्छ, उपभोक्ताहरूको कोषमा होइन ।"

प्र. सामुदायिक वन-पैदावारबाट कसलाई नाफा हुन्छ ?

उ. "नाफा प्राय:जसो आत्मनिर्भरताको आधारमा हुन्छ । उदाहरणका लागि समुदायका काठहरू समुदायका लागि उपलब्ध गराइन्छ । प्रशासन सरकारमा निर्भर हुन्छ तर नाफा भने ग्रामीण विकास कोषमा जान्छ ।"

प्र. सरकार र जनताका बीचमा सहमति सिर्जना गर्न कुन प्रकृया अपनाइएको छ ? त्यहाँ मध्यस्थकर्ता को हुन्छ ?

उ. "गत महिनामा मन्त्रीले जनताले प्रस्ताव गरेको ऐनलाई हेर्ने बचन दिनु भएको छ । त्यस ऐनमा 'जनमञ्च' को व्यवस्था गरिएको छ । त्यसमा ऐनको समीक्षा गर्न र सम्झौता गर्नमा समुदायका सदस्यहरू, सरकारी अधिकारीहरू, गैर-सरकारी संस्थाहरू, प्राज्ञहरू, र राजनीतिज्ञहरू समावेश

गरिएका छन् । केही समय अघि पूर्वी थाइल्याण्डमा एउटा विशाल प्रदर्शनीको आयोजना गरिएको थियो । त्यस बेलामा कृषि मन्त्रीले सरकारी धारणामा बनेको ऐनलाई समीक्षा गर्ने कुरा बताउनु भएको थियो ।"

प्र. नेपालको मेरो उपभोक्ता समूहमा महिलाहरू नर्सरीमा निकै सक्रीय छन्, तर तपाईको स्लाइडमा कुनै पनि महिला देखिएनन् । के थाइल्याण्डमा महिलाहरू सक्रीय छन् ?

उ. "हो थाइ महिलाहरू बहादुर छन्, तर भित्रबाट मात्र । महिलाहरूको सल्लाहबिना कुनै पनि निर्णय हुँदैन । थाइल्याण्डमा महिलाहरू पैसा राख्छन् र लोग्नेमान्छे काम गर्छन् ।"

प्र. सामुदायिक समुन्द्र भनेको के हो ? यसको उपयोग माझीहरूले मात्र गर्छन् कि पूरा समुदायले गर्छ?

उ. "सबै जनता नै माझी भएकाले सबैले यसको उपयोग गर्छन् ।"

भूटान

भूटानको प्रस्तुति डेनिस डेसमोण्डले गर्नु भएको थियो । उहाँ संयुक्त राष्ट्र संघको स्वयम् सेवक हुनु हुन्छ र हाल भूटानको वन विभागसंग मिलेर काम गरिरहनु भएको छ । उहाँले ओभरहेड स्लाइड मार्फत व्याख्यात्मक टिप्पणी सहित निम्न लिखित सूचना प्रस्तुत गर्नु भएको थियो । भूटानको सम्पूर्ण क्षेत्रफल ४०,५०० वर्ग किलोमिटर छ र यहाँको जनसंख्या छ लाख छ । वनले ६४ प्रतिशत ढाकेको छ र देशभरमा वेकारको जमिन आठ प्रतिशत मात्र छ । कम जनसंख्यालाई धेरै वनले ढाकेको जमिन उपलब्ध छ । भूटानको सामुदायिक वनको इतिहास हेर्‍यो भने १९६९ को वन ऐन भेटिन्छ । त्यो ऐन वनको संरक्षणमा जोड दिनेमा केन्द्रित छ । सम्पूर्ण वनलाई राष्ट्रियकरण गर्ने त्यस ऐनमा व्यवस्था छ । यसमा उल्लेख भए अनुसार व्यक्तिका जमिनका रुखहरू समेत राष्ट्रको संपत्ति हुन् । सन् १९७९ मा सामाजिक वन कार्यक्रमको प्रारम्भ गर्ने कुरा राजाबाट घोषणा गरिएको थियो । त्यसमा विद्यार्थीहरू द्वारा बीउहरू वितरण गर्ने, रोप्ने र जनसहभागितालाई प्रोत्साहित गर्ने कुरा समावेश थियो । जे भए तापनि भूटानका सबै रुखहरू सरकारी भएकाले तिनीहरूको संरक्षण गर्न कुनै प्रोत्साहन छैन । यो कुरा सन् १९६९ र १९७९ को ऐनमा विद्यमान फरकले प्रष्ट पार्छ ।

सन् १९८० को दशकमा सरकारले वन संरक्षण र व्यवस्थापनका लागि राष्ट्रिय वन व्यवस्थापन इकाईहरूको गठन गरेको छन् । सन् १९८७-८८ मा त्यहाँ सामाजिक वनका नीति र विधानका लागि मार्गदर्शक गोरेटोको काम भयो । विश्व खाद्य कृषि संगठनको सहयोगमा मार्गदर्शकको रुपमा नियमहरूको निर्माण गरियो । सन् १९८७ र १९९२ का बीचमा सामाजिक वन सम्बन्धी ऐनको विकास भएको देखिन्छ । यिनीहरू जन सहभागितामाथि केन्द्रित छन् । सन् १९७४ को नीतिमा परिवर्तन गरेर १९९२ मा एउटा नयाँ वन नीति स्वीकृत गरियो । यो ऐनले सहभागितामूलक वन व्यवस्थापनलाई नियमित गर्ने बाटो देखाएको छ ।

सन् १९९० र १९९३ को बीचमा सामाजिक वन नियमहरू स्वीकृत गरियो । यसले निजी वनलाई स्वीकारेको छ, तर रुखहरू अझै सरकारी स्वामित्वमा छन् । रुखको स्वामित्व सार्नका लागि दर्ताको व्यवस्था छ । यसले निजी वनमा रुख रोप्न प्रोत्साहित गर्छ । त्यहाँ कित्ता नापीको संचालन पनि गरिएको छ ।

भूटानको सामुदायिक वन नेपालको सामुदायिक वन जस्तै छ । समुदायले उपयोग गरिरहेको वन संरक्षण र व्यवस्थापनका लागि उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने कुरा समावेश छ । त्यसका लागि उपभोक्ता समिति र व्यवस्थापन योजना चाहिन्छ । रुख रोप्न आवश्यक भएको र ह्रास भएको वन क्षेत्र र प्राकृतिक वन क्षेत्र निर्वाहका लागि हस्तान्तरण गरिए । वन-पैदावार प्राय:स समुदायको निर्वाहका लागि उपयोग गरिन्छ, तापनि सामुदायिक वनबाट आर्जित रकम समुदायको उपयोगका लागि जाने व्यवस्था छ । पहिले वन व्यवस्थापनका लागि र त्यसपछि समुदायको विकासका लागि ।

सन् १९९२ मा वन अधिकृतहरूको भेलामा विद्यमान नियमहरूलाई वाधकका रुपमा लिइयो । नयाँ निर्देशिका तयार गरियो । १९९३ र १९९५ का बीचमा वन तथा प्राकृतिक संरक्षण ऐनको मस्यौदा तयार पारियो र यो अझै पारित हुन बाँकी नै छ । अन्तरिम नियमहरू अझै कृयाशील छन् । नीतिको औपचारिक स्वीकृति अझै दिइएको छैन र निर्देशिकाहरूलाई अझै राम्ररी बनाइदैंछ ।

निर्देशिका र प्राविधिक कार्यको जिम्मेवारी कृषि मन्त्रालयको सामाजिक वन र बिस्तार शाखा हो । दक्ष जनशक्तिको अभाव छ, तापनि सामाजिक वन र विस्तार शाखाको निम्न लिखित जिम्मेवारी छ :

- सामाजिक वन: निजी वा सामुदायिक
- वन विस्तार
- वृक्षारोपण
- जलाधार व्यवस्थापन

कामको कार्यान्वयन र नियमित गर्नका लागि दश क्षेत्रगत वन डिभिजनलाई २० जिल्ला वन विस्तारित क्षेत्रमा परिवर्तन गरिएको छ, प्रत्येकका लागि एउटा रेन्ज अफिसर, एउटा फरेष्टर र दुई वन पालेको व्यवस्था छ । दाताहरूद्वारा संचालित चार योजनाहरू छन् , बीस जिल्ला मध्ये १२ जिल्ला ढाकेका छन्, तिनीहरू जिल्ला बिस्तारित योजनामा काम गरिरहेका छन्, प्रत्येकमा एउटा रेन्ज अफिसर छ, एउटा फरेष्टर र दुई वन पाले ।

भविष्यका लागि निम्न लिखित समस्याहरू पहिचान गरिएका छन् ।

- सामाजिक वनका नियमहरूमा अझ परिमार्जन
- निर्देशिकाको काम पूरा गरी वितरण गर्ने
- कर्मचारीको तालिम र पुन: परिचय
- ग्रामीण बिस्तार: नियमहरू र कार्यक्रमहरू
- कार्यान्वयन र प्राविधिक टेवा

छलफल

प्र. भूटानको व्यवस्था माथिबाट तल जाने तरीकाको देखिन्छ । के भूटानमा परम्परावादी उपभोक्ता समूह व्यवस्थापन ब्यवहारमा छ ?

उ. "भूटान स्वयम्मा नै सानै मानिन्छ , आफैले व्यवस्था गर्न सक्ने खालको, तर पनि विकेन्द्रीकरणका बारेमा बिचार भैरहेको छ । निर्देशिकाहरू वैधानिक मानिदैनन् । ती निर्देशिकाहरू मान्ने कि नमान्ने भन्ने बारेमा जिल्लाले निर्णय गर्न सक्छ । यस कार्यक्रमको मुख्य आधार हो – समुदायले व्यवस्था गरेको वन र परम्परावादी पद्दतिका लागि अनुसन्धानको आवश्यकता छ । किन भने वनले ढाकेको क्षेत्र ज्यादै वढी भएकाले सरकार सामाजिक वन लागू गर्न होशियार भएको छ ।"

प्र. सामुदायिक वन कार्यक्रम दातृ-संस्थाबाट संचालित छन् ?

उ. "वास्तवमा छैनन् । दातृ-संस्थाहरू सहयोग उपलब्ध गराउँछन् तर त्यसको कार्यान्वयन भने सर कारले गराउँछ ।"

प्र. भूटानको ६४ प्रतिशत भूमि वनले ढाकेको छ, अझै पनि त्यहाँ वन संरक्षणको आवश्यकता छ ?

उ. "आवश्यकता त्यति चर्को नभएकाले सरकार बिस्तारै हिडिरहेको छ ।"

पाकिस्तान

अलि गोहारले पाकिस्तानको संक्षिप्त परिचय दिदै आफ्नो प्रस्तुति गर्नु भयो । पाकिस्तानको सम्पूर्ण भागको पाँच प्रतिशत भन्दा केही बढी भाग मात्र वनले ढाकेको छ र त्यहाँ पाँच किसिमका वनको पहिचान गरिएको छ । वनको वर्गीकरण निम्नानुसार छन् ।

- सरकारी संरक्षित वन
- सरकारी आरक्षित वन
- गुजारा वन: सरकारले व्यवस्था गरेको सामुदायिक वन, त्यसवाट हुने आय समुदायको हुन्छ तर शुल्क लगाइन्छ ।
- निजी/ब्यापारिक वन: निजी वन व्यक्तिगत स्वामित्वका होइनन् । तिनीहरू पनि समुदायका स्वामित्वका हुन सक्छन् तर त्यस्ता वन विशेष व्यवस्थापन पद्दति अन्तर्गत संचालित छन् ।

सामाजिक/सामुदायिक वन पाकिस्तानका लागि नयाँ धारणा हो, जहाँ केही योजनाहरू दातृ-राष्ट्रहरूको सहयोगमा वन विभागले भर्खरै शुरु गरेको छ । केही आय आर्जन गर्नेमा छन् भने केही वन बृद्धिमा सक्रीय छन् । यस्ता आयोजनाहरूको मुख्य उद्देश्यहरू निम्न प्रकारका छन् :

- दाउरा र घाँसको उत्पादन,
- ग्रामीण गरीवका लागि आय आर्जन,

- वेरोजगारी हटाउनु, र
- वातावरण संरक्षण

सामाजिक वन आयोजनाले उपभोक्ता समूहलाई संलग्न गराउने परिकल्पना गरे तापनि यो आयोजना पाकिस्तानको प्राकृतिक वनको सानो भागमा मात्र सीमित हुन गएको छ । त्यसकारण त्यहाँ खास देखिने काम भएको छैन । केही कठिनाईहरूले तिनीहरूको विकासमा बाधा पुऱ्याइरहेका छन् । ती निम्नानुसार छन् ।

- वन विधान र नीति – प्रष्ट नीतिको अभाव छ र इ.सं. १९२४, वेलायती उपनिवेशिक कालदेखिको विधान अझै पनि लागू छ ।
- जनतालाई संलग्न गराउन फरेष्टरहरू इच्छुक छैनन् ।
- वन विभागमा विश्वासको कमी छ ।
- आर्थिक कठिनाईहरू
- समितिहरूलाई अधिकार दिइएको छैन ।

आगा खाँ रुरल सपोर्ट प्रोग्रामका (AKRSP) वन कार्यक्रमहरू, उत्तरी पाकिस्तानको पर्वतीय भागमा अवस्थित छ । यसमा बाहिरी हिमाली भेगहरू, काराकोरम श्रृंखला, हिन्दू कुशका भाग र पामीरको भागहरू पर्छन् । ७४,२०० वर्ग किलोमिटर क्षेत्रफल भित्रमा ६ जिल्ला छन् र ती ६ जिल्लामा कूल जनसंख्या ८ लाख छ । यी मध्ये पाँच जिल्लाहरूमा काठ, दाउरा, र घाँसको ज्यादै अभाव छ । छैठौं जिल्ला भने प्राकृतिक वनमा, पहिलोको निजी व्यापारिक वनमा, सम्पन्न छ । अरु जिल्लाका वनहरू सरकारद्वारा संरक्षित छन् । त्यहाँ भू-दृश्य उच्च पर्वत (१५-१६००० फिट) को सल्लो र तल्लो खालका वनदेखि खेती गर्न सकिने खालको सिंचित जमिनसम्म छ । सिंचाई बिना केही पनि उम्रन्दैन ।

श्री गोहारले AKRSP को एउटा कार्यक्रमको परिचय गराउनु भयो । त्यसमा गाउँलेहरूसंग तीन वार्तालाप हुन्छन् । ती वार्तालाप यी हुन् :

- समस्याको छलफल र AKRSP को दृष्टिकोण
- छुट्याउने खालको मूल्यांकन र PRA पद्धतिमा जानु
- समुदायसंग छलफल र सहभागितामूलक योजना बनाउनु ।

चार्टमा वन विकास योजनामा महिलाको कामलाई विस्तृत रुपमा प्रस्तुत गरिएको थियो । त्यसमा नर्सरीको विकास र वृक्षारोपण समेत समावेश थियो ।

छलफल

प्र. गिलगिटमा ०.८ प्रतिशत मात्र वन छ । यो प्राकृतिक कारणले भएको हो वा वन-फडानीले गर्दा यस्तो भएको हो ?

उ. "दुवै कारणले गर्दा यति कम ठाउँ वनले ढाकेको हो ।"

प्र. दाउराको आवश्यकता कसरी पूरा गरिन्छ ?

उ. "जनताहरू गुइँठा र घाँसहरूको उपयोग गर्छन् । कोही मट्टितेलको प्रयोग गर्छन् जुन ९०० किलोमिटर टाढा पाईन्छ । त्यहाँको हावापानी विषम छ । ४५°से. देखि -३५°से. सम्मको फर क छ ।"

प्र. यस किसिमको वन-विनाश गर्ने सरकार हो कि जनता हुन् ?

उ. "सरकारले AKRSP लाई मद्दत गर्छ, हामीहरू सरकारी कार्यक्रमलाई मद्दत गर्छौं । यस किसिमको वन-विनाश हुनुमा सरकारी नीति र जनताका कृयाकलाप दुबै जिम्मेवार छन् ।"

प्र. प्राकृतिक वनको सामुदायिक नियन्त्रणमा किन जोड दिईदैन र वृक्षारोपणका लागि प्रोत्साहित किन गरिन्दैन ?

उ. AKRSP वन, कृषि र अन्य प्राकृतिक साधन व्यवस्थापनलाई समावेश गरेर एकीकृत योजना बनाउन ईच्छुक छ । हामीहरूले अनुभव गरेका छौं । यो काम हामीले पहिले निजी भूमिबाट शुरु गर्नु पर्छ ।

यो सत्र, ४:३० बजे समाप्त भयो ।बाँकी रहेका नेपाल र भारतको देशीय प्रस्तुति भोलिपल्ट बिहानका लागि राखियो । दिउँसोको बाँकी समयमा भारत र नेपालका देशीय कार्य समूहका सदस्यहरूले आपसमा छलफल गरे । साँझमा परम्परागत नेपाली संगीतको कार्यक्रम थियो । यो कार्यक्रमको आयोजना नेपालका प्रख्यात कवि र लोक गायक मंजुलले गर्नु भएको थियो ।

छैठौं दिन
मे २६, १९९५
शुक्रबार

भारत

भारतको प्रस्तुति राजीव आहाल र जी राजुले गर्नुभएको थियो । उहाँहरूले ओभरहेड चार्टको प्रयोग गरेर हिन्दी र अंग्रेजीमा प्रस्तुत गर्नु भएको थियो । भारतको देशीय कार्य समूहको छलफल भारतका बिभिन्न राज्यका सहभागीहरूका साथ शुरु भयो । तिनीहरूले आ-आफ्नो राज्यको संयुक्त वन व्यवस्थापनका कामहरू र संरचनाहरूको प्रस्तुति गरे । केन्द्रीय स्तरको संयुक्त वन व्यवस्थापनका बारेमा पनि छलफल भयो । यो सम्पूर्ण प्रस्तुति पश्चिम बंगाल, उत्तर प्रदेश, हिमांचल प्रदेश, त्रिपुरा र गुजरात राज्यका सहभागीहरू बीचमा सूचनाको आदान-प्रदानको सामूहिक प्रयत्नको परिणाम थियो। सबैको सामूहिक प्रयत्नका कारणले गर्दा एउटा पूर्ण प्रस्तुति सम्भव भएको थियो ।

पूर्ण सत्र तीन,
९ बजे बिहान,
सभापति
सोसान कुर्वान

एउटा गीतबाट प्रस्तुति शुरु भयो । यो पनि बताइएको थियो - भारतको प्राचीन परम्परा र रीतिमा वातावरण संरक्षण सम्बन्धी धेरै गीत र उखानहरू छन् । रुखको महत्वका बारेमा स्वदेशी परम्परा बिर्सियो । सन् १९७० देखि रुखको महत्व र वातावरण प्रति चेतनामा बृद्धि भएको पाइन्छ । यही

चेतनाको कारण सामुदायिक वनको शुरुवात् भयो र एक दशकसम्म मान्छेहरूले यसको उपलब्धिका बारेमा अनुमान गरिएका कुरालाई पत्याएनन् । उपलब्धि हुँदैन भन्ठाने ।

सन् १९७३ मा पश्चिम बंगालमा संयुक्त वन व्यवस्थापनको शुरुवात् भयो । यसको सफलता पछि सन् १९९० मा भारतका सबै राज्यमा संयुक्त वन व्यवस्थापनलाई प्रोत्साहित गर्न सरकारी आदेश जारी भयो।

संयुक्त वन व्यवस्थापन अन्तर्गत वनको नियन्त्रण स्थानीय समुदायमा गयो । सबै गैर-काठका वन-पैदावार वा नाफा समुदायलाई हुने व्यवस्था थियो, त्यही भयो । तर काठ र खम्बाको नाफा सरकार र वन संरक्षण समितिका बीच बाँढियो । पन्ध्र राज्यमा संयुक्त वन व्यवस्थापन शुरु भैसकेको छ । नाफाको बाँड-फाँडको नियम राज्य-राज्यमा फरक छ । प्रायःजसो औसत पच्चीस प्रतिशत समुदायलाई जान्छ र पचहत्तर प्रतिशत वन विभागलाई ।

भारतमा राष्ट्रिय-स्तरको समस्या

- प्राकृतिक जीव परिबृत्ति पद्धति ऐनको मस्यौदाले विद्यमान वन ऐनलाई हटाउने परिकल्पना गरिएको छ । वर्तमान वन ऐन, सन् १९२७ मा बेलायतले लागू गरेको थियो । त्यो बेलामा लागू भएको ऐन अहिलेसम्म यथावत छ ।
- उद्योगका लागि ह्रास भएको वन कवुलियतमा दिनु गम्भीर चासोको विषय हो ।
- वन्य भूमि स्थानीय पुराना वासिन्दाले कृषिका लागि उपयोग गरिरहेका छन् । तिनीहरू सुकुम्बासी छन् । परम्परावादी पुराना स्थानीय बासिन्दालाई वनको भूमिमा खेती गर्न दिनु राम्रो हो वा होइन, त्यस बारेमा वाद-विवाद भैरहेको छ । छलफल भैरहेको छ ।
- वास्तविक सामुदायिक व्यवस्थापनका लागि राष्ट्रिय संयुक्त वन व्यवस्थापन एक कदम अगाडि नहुन सक्छ ।
- ग्राम पंचायत र ग्रामीण उपभोक्ता समूह बीचको सम्बन्ध प्रष्ट हुनु पर्छ ।
  - वन व्यवस्थापनका लागि उपभोक्ता समूह मुख्य प्रतिनिधि हुनु पर्छ । पंचायतको प्रतिनिधित्व पनि आवश्यक छ ।
  - ग्राम पंचायतहरूलाई खास भूमिकाको लागि ऐन नियममा परिवर्तन ल्याउनु पर्छ। ग्राम पंचायतलाई वन सम्बन्धी कृयाकलापका लागि रकमको व्यवस्था गर्नु पर्छ ।
  - अन्तर ग्रामको समस्यामा कुराकानी गर्न सक्ने भूमिका ग्राम पंचायतको हुनु पर्छ ।
  - ग्राम पंचायत राजनैतिक ईकाइ भएकाले उपभोक्ता समूहबाट अलग राख्नु पर्छ ।
  - ग्राम पंचायतले वनमा आधारित उद्योगलाई प्रोत्साहित गर्न सक्छ । ग्राम पंचायत र उपभोक्ता समूहबीचको अन्तर्कृया त्यतिखेर जटिल बन्न जान्छ, जतिखेर एक भन्दा वढी ग्राम पंचायतहरू उपभोक्ता समूहसंग सम्बन्धित हुन जान्छन् । त्यसका लागि एउटा महासंघको व्यवस्था हुनु आवश्यक छ ।
- कृषिका लागि वन्य भूमि
  - गरीव र भूमिहीनलाई उपभोक्ता समूहको वनवाट जीवन निर्वाह हुन सक्छ ?
  - गरीव जनताहरूले उपभोक्ता समूह वनबाट लाभ प्राप्त गरेका छन् । भूमिसुधार जहाँ पुग्न सकेको छैन, त्यहाँ सामुदायिक वन पुग्न सक्छ ।

– कृषिको सट्टामा वन समस्या, अहिलेको प्रश्न यो होइन । प्रश्न हो – दिगो प्राकृतिक साधन व्यवस्थापनको ।

ग्राम (ग्रामीण) वनको अवधारणा

- स्वामित्व, व्यवस्थापन र अधिकारका बारेमा कानूनी व्यवस्था हुनु पर्छ । भूमि अझै पनि सरकारी स्वामित्वमा छ । स्वामित्वको नियममा परिवर्तन हुनु पर्छ ।
- स्थानीय आवश्यकतानुसार प्रयोग गर्न सकिने खालका लचिला नियम/विधान हुनु पर्छ ।
- यस विधान र ढाँचा दलित, महिलाहरू र विपन्न वर्गले तयार पारेको हुनु पर्छ ।
- संयुक्त वन व्यवस्थापन/वन पंचायत भित्र पर्याप्त वन सहितको सबै समुदाय समावेश भएको हुनु पर्छ ।
- समुदायलाई वन उत्पादनको शत प्रतिशत अधिकार हुनु पर्छ ।
- साना खालका उद्योगहरूलाई सुविधा हुनु पर्छ । वन उत्पादनका लागि बजारको स्थापना गर्न आवश्यक छ ।
- बिभिन्न तहमा उपभोक्ता समूहको सम्बन्धको स्थापना हुनु पर्छ ।

फरेष्टरहरूको दृष्टिकोण

कार्यक्षेत्रका कर्मचारीहरूको उपभोक्ता समूहलाई सहयोग गर्ने दृष्टिकोण हुनु पर्छ । निगरानी मात्र राख्ने फरेष्टरको दृष्टिकोण भएमा जनताहरू नजिकिन्दैनन्, बरु टाढा जान्छन् ।

कानूनी मान्यता

- उपभोक्ता समूह वन व्यवस्थापनका लागि बल पुऱ्याउन कानूनी मान्यता/ विधानको आवश्यकता हुन्छ । वन कर्मचारीहरुले सामुदायिक वनमा विश्वास राख्दैनन्, विश्वास गर्दैनन् भन्ने होइन, तिनीहरू सीमित छन् । त्यसकारण तिनीहरूले संरक्षण गर्न सक्तैनन् । त्यसकारण उपभोक्ता समूहको एउटा महासंघको आवश्यकता छ ।
- सरकार र जनता दुवैले संयुक्त रुपमा नीति र प्रकृया बनाउनु पर्छ ।

महिलाको भूमिका

- महिलाहरूको भूमिकालाई प्रष्टसंग मान्यता दिनु पर्छ । महिलाहरूले निर्णायक भूमिका निभाउनका लागि कम्तीमा पनि ६० प्रतिशत महिलाहरूको प्रतिनिधित्व कार्य समितिमा हुनु पर्छ ।
- गाउँ सीमा भित्रका अन्य जग्गाहरूलाई उपभोक्ता समूहको वनमा समावेश गर्नु पर्छ ।
- सबै सहभागीहरूमा नाफाको वितरणमा समानता र समान अवसरको निश्चिन्तता हुनु पर्छ।
- फरेष्टर, समुदायका सदस्यहरू र गैर-सरकारी संस्थाहरूलाई तालिमको आवश्यकता छ ।
- समुदायका लागि बनाइने एकीकृत विकास कार्यक्रमको एक भागको रुपमा वन विकासलाई लिएर एकीकृत विकासको खोजी गर्नु पर्छ ।

- उपभोक्ता समूह वनको कार्यान्वयनमा स्थानीय अवस्था अनुसार लचिलो हुनु पर्छ ।

छलफल

प्र. हामीहरूले के कुरा प्रष्ट पार्नु पर्छ भने नेपालमा पनि वन्य भूमिको स्वामित्व सरकारमा छ । संयुक्त वन व्यवस्थापन लागू गर्नु अघि सरकारले सल्लाह लिने गर्छ ?

उ. "जनताहरू जसले सन् १९८० भन्दा पहिलेदेखि नै जमिन जोतिरहेका छन् यद्यपि यो गैर-कानूनी रुपमा नै भएपनि तिनीहरू जमिनका हकदार हुन्छन् । तिनीहरूमा भूमिको स्वामित्व छ भन्ने कुरा मानिन्छ । स्थानीय-स्तरका वास्तविक जनतासंगको सरकारले गर्ने सल्लाह पर्याप्त छैन । धेरै सरकारको अझै पनि के मानसिकता छ भने संयुक्त वन व्यवस्थापन लागू गर्नको अर्थ हो, जनतालाई श्रमिक बनाउनु । जनतालाई श्रमिकको रुपमा प्रयोग गर्न पाइने मानसिकता तिनीहरूको हुन्छन् ।"

प्र. ह्रास भएको वन उद्योगलाई दिने सम्बन्धमा – के यी जमिनहरू आवादी हुन् ? कसले यी जग्गाहरू कवुलियतमा दिन्छ ?

उ. "यो सरकारी प्रस्ताव हो जसको विरोध भैरहेको छ । वास्तवमा, साधारणतया यस्ता जमिनहरू जन-जाति समुदायले उपयोग गरिरहेका हुन्छन् । यस्तो सरकारी प्रस्तावले सरकार र जन-जाति बीचमा झगडा उत्पन्न गराएको छ । जन-जातिका समर्थनमा गैर-सरकारी संस्था र यसका सहयोगी संस्थाहरू छन् ।"

प्र. ग्रामीण जनताहरू जीवन निर्वाहका लागि साधनको माग गर्छन्, जबकि शहरीयाहरू विलासीका लागि साधनको माग गर्छन् । यसमा तपाईको के बिचार छ ?

उ. "हामीहरूलाई पूरा विश्वास के छ भने, संगठित जनताको अभियानसंग शक्ति हुन्छ र यसले पूरा व्यवस्थालाई नै असर पार्छ । उदाहरणका लागि चिप्को आन्दोलनलाई लिन सकिन्छ । यो एउटा सानो समूह हो तर यसले वास्तविक समस्या लियो । त्यसले पूरा उत्तर प्रदेशको सरकार लाई प्रभाव पाऱ्यो र नीतिलाई परिवर्तन गरायो ।"

सभापति सोसान कुर्बानले प्रस्तुतिको समाप्तीमा निम्न कुराहरू बताउनु भयो ।

- वन क्षेत्रको स्वामित्व र अधिकार उपभोक्ता समूहको हातमा हुनु पर्छ ।
- नियमहरूको कार्यान्वयन स्थानीय अवस्था अनुसार लचिलो हुनु पर्छ ।
- महिलाहरूको भूमिका महत्वपूर्ण छ त्यसकारण यसमा सुधार हुनु पर्छ ।
- नाफाको वितरणमा समानता हुनु पर्छ ।
- फरेष्टरहरू स्थानीय जनताका लागि सहयोगी हुनु पर्छ ।

पूर्ण सत्र चार,
१० बजे,
सभापति
जर्ज पाग्लिनावान

नेपाल

नेपालको प्रस्तुति दीपक थापा, के.पी. अधिकारी र एच.पी. न्यौपाने र वाइ.बी आलेले ओभरहेड चार्ट सहित नेपालीमा गर्नु भएको थियो ।

नेपालको सामुदायिक वनको ऐतिहासिक पृष्ठभूमिको बयान सहित प्रस्तुति शुरु भयो । इतिहासलाई तीन भागमा बाँडिएको थियो - राणा शासन अघि, राणा शासनको समयमा, र प्रजातन्त्रको उदय पछि । खासगरि यो समयमा वनमा ज्यादै नै अतिक्रमण भयो । वनको राष्ट्रियकरण पछि वनको फडानी पहिले भन्दा उग्र रुपमा भयो । बिभिन्न किसिमका राजनैतिक घटनाहरूले पनि वन फडानीलाई सहयोग पुऱ्याए । त्यस अवसरमा वन ऐन र पूरक ऐनहरूको विकासको पनि संक्षेपमा चर्चा गरिएको थियो ।

नेपालमा सामुदायिक वनको ऐतिहासिक पृष्ठभूमि

राणा शासन अघि - राणा शासन अघि नेपालको वनको अवस्था राम्रो थियो । त्यतिखेर वनको संर क्षणका लागि कुनै प्रयत्न गरिएको थिएन । यसका अतिरिक्त जागिर, किपट र बिर्ता प्रथा अन्तर्गत आर्मीका अधिकृतहरू र दरबारका उच्च पदस्थ कर्मचारीहरूलाई वन दिने चलन थियो । तिनीहरूको ईच्छा मुताविक वन क्षेत्रको उपयोग हुन्थ्यो । त्यसले गर्दा वनको फडानीमा बृद्धि भयो ।

राणा शासनको समयमा - शक्तिका लागि राणा दाजुभाईहरू बीचको आन्तरिक झगडाका कारण वनको फडानीमा बृद्धि भयो । झगडामा पराजितहरू देशका बिभिन्न भागमा जान्थे र आफ्नो साथमा जानेहरूका लागि समेत बसोबासका लागि र अन्य प्रयोगका लागि समेत व्यवस्था गर्नु पर्थ्यो । त्यसले गर्दा पनि वन सखाप भयो । भारतको रेल वे लाइन निर्माणका लागि ठूला-ठूला काठहरू यसै बेलामा भारतमा निर्यात गरियो ।

प्रजातन्त्रको उदयपछि - यस समयमा बिभिन्न किसिमका आन्दोलनहरूले खासगरि २००७ सालको परिवर्तन; बि.सं. २०३६ सालको आन्दोलन र २०४६ सालको अन्दोलनमा वनको फडानी बेसरी भयो । आन्दोलनहरू नै वन फडानीका कारण भए । बि.सं. २०३६ सालको आन्दोलनमा मात्र देशको चार प्रतिशत वन सखाप भयो । सरकारका ऐन तथा पूरक ऐनहरूले पनि वन फडानीका लागि योगदान पुऱ्याए । बि.सं. २०१३ सालको वन ऐनले सबै वनको राष्ट्रियकरण गऱ्यो र यसले जनतालाई वनमा घाँस, दाउरा काट्न जान पूर्ण रुपले निषेध गऱ्यो । त्यसपछि जनताहरूले वन-पैदावारको वास्ता अथवा सुरक्षा गरेनन् । वेवास्ता गरे । बि.सं. २०१६ सालमा स्थापित वस्ती विकास कम्पनी र टिम्बर कर्पोरेशन अफ नेपालले पनि तराई क्षेत्रको वन सखाप पारे ।

बि.सं. २०१८ सालमा एउटा नयाँ ऐन लागू गरियो । यस ऐनले सबै वनलाई राष्ट्रिय, सामुदायिक, धार्मिक, निजी र कवुलियती वनमा वर्गीकरण गऱ्यो । जे गरे तापनि जन-सहभागिता सहितको सामुदायिक वनको अवधारणाको कार्यान्वयन गर्न यो ऐन असफल भयो ।

बि.सं. २०३४ (ई.सं. १९७७।७८) मा वन व्यवस्थापन कार्यशालाको आयोजना गरियो । यस कार्यशालामा जन-सहभागिता र सामुदायिक वन व्यवस्थापन नै चर्चाको मुख्य विषय थियो ।

बि.सं. २०३५ (ई.सं. १९७८।७९) को वन विधानले सामुदायिक वनको अवधारणा समावेश गर्ने कोशिस गरेको देखिन्छ । यस विधानमा पंचायत वन र पंचायत संरक्षित वनलाई स्वीकार गरेको देखिन्छ । यस विधानले पंचायतलाई वन संरक्षण गर्ने अधिकार र जिम्मेवारी सुम्पियो । तर पंचायतका नेताहरूले आफ्नो स्वार्थका लागि यो अधिकारको दुरुपयोग गरे । आम-जनताको भलाईको वेवास्ता गरे । बि.सं. २०३७ (१९८०।८१) मा वन-पैदावार बिधान र २०४९ (१९९२।९३) को निजी वन विधान लागू गरियो र बि.सं. २०४४ (१९८७।८८) मा निजी वनको विधानमा संशोधन गरियो ।

चालीस वर्षको अवधिमा बिभिन्न किसिमका वन क्षेत्रसंग सम्बन्धित ऐनहरू लागू गरियो र संशोधन गरियो, जे होस् बि.सं. २०४९ (१९९२।९३) को वन ऐनले पहिलोपल्ट सामुदायिक वनको व्यवस्था प्रष्ट गऱ्यो । यो वन ऐन २०४५ (१९८८।८९) सालको वन क्षेत्रका लागि तयार पारिएको गुरु योजना अनुसार नै थियो । यसका अतिरिक्त २०४९ (१९९२।९३) को वन ऐनको व्यवस्थालाई वि.सं. २०५१ (१९९४।९५) को विधानले प्रष्ट पाऱ्यो । व्यक्तिको, दातृ राष्ट्रको, र सरकारको निरन्तर प्रयासको फलस्वरुप नेपालमा सामुदायिक वन कार्यक्रम लागू भएको छ र यसले विकास गरिरहेको छ ।

पर्वतीय विकास

अर्को विषय पर्वतीय विकाससंग सम्बन्धित थियो । यसमा मानव जीवनका धेरै पक्षहरू समावेश गरिएका थिए । उदाहरणका लागि आर्थिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य र भौतिक संरचनालाई लिन सकिन्छ ।

परिचय: विकास भनेको जीवन-स्तरमा सुधार आउनु मात्र होइन यसको अर्थ हो समाजको र समुदायको आर्थिक, सामाजिक, नैतिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ र अन्य भौतिक अवस्थामा सुधार आउनु हो ।

विद्यमान समस्याहरू

विद्यमान समस्याहरूलाई निम्नानुसार ब्याख्या गरिएको थियो ।

- पर्वतीय क्षेत्रहरू अझै पनि पहुँचबाट टाढा छन् ।
- अशिक्षा अझै पनि धेरै छ । अझै पनि धेरै जनताहरू अशिक्षित छन् । यसले गर्दा मानव श्रोत र प्रविधिको अभाव छ ।
- जनसंख्या द्रुतगतिमा बढिरहेको छ ।
- सरकारी नीतिहरू र चासोहरू अपर्याप्त छन् ।
- प्राकृतिक र अन्य साधनको परिचालन व्यवस्थित छैन ।

यी समस्याहरूको परिणाम

- बाँच्नका लागि नै कठिन अवस्था छ ।
- वातावरणमा आएको असन्तुलनका कारण प्राकृतिक प्रकोपमा बृद्धि भैरहेको छ ।

पर्वतीय विकासमा सामुदायिक वनको भूमिका

- संगठन र सामाजिक इकाईको भूमिकालाई जनताहरू आन्तरिकीकरण गर्न सक्छन् ।
- धेरै किसिमका अन्य सामुदायिक संस्थाहरूको सिर्जना ।
- निजी वनको स्तरीकरण र कृषि वन्य कार्यक्रमहरू ।
- योजनाबद्ध किसिमले पशुपालनमा बृद्धि ।
- स्थानीय आयमा बृद्धि ।
- भू-क्षय नियन्त्रण प्रकृया ।

पर्वतीय विकासका लागि सुझावहरू

- पर्वतीय विकासका लागि सरकार, गैर-सरकारी संस्था, दातृ संस्थाहरू र जनता स्वयम् नै प्रतिबद्ध हुनु पर्छ ।
- स्थानीय जनतालाई सामुदायिक वन आयोजना/कार्यक्रमहरू छान्न, योजना गर्न र व्यवस्था गर्नमा समावेश गर्नु पर्छ ।
- प्राकृतिक साधन र वन्य जीवजन्तुको संरक्षण र विकासका लागि एकीकृत विकास कार्यक्रमहरू उपलब्ध गराउनु पर्छ ।
- सरकार, गैर-सरकारी संस्था र अन्य सम्बन्धित संस्थाहरूले स्थानीय समुदायलाई प्राविधिक र वस्तुगत सहयोग उपलब्ध गराउनु पर्छ ।
- वातावरणमा असर नपर्ने खालका साना खालका जनमुखी योजनाको कार्यान्वयन गर्नु पर्छ ।

पर्वतीय विकासको परिणाम/प्रभाव

- जनताको आधारभूत आवश्यकता र आय बृद्धिमा सहयोग गरे पछि जनताको जीवनस्तर बढ्नेछ ।
- स्थानीय समुदायको आत्मविश्वास बढ्नेछ ।
- प्राकृतिक वातावरणमा सुधार हुनेछ ।
- स्थानीय साधन र शीपमा विकास हुनेछ ।

नेपालमा सामुदायिक र निजी वन कार्यक्रमहरू

नेपालमा ३,३०० भन्दा बढी सामुदायिक वन उपभोक्ता समितिहरू कानूनी रुपमा दर्ता भएका छन् र लगभग १,३५,१५१ हेक्टर वन भूमि तिनीहरूलाई हस्तान्तरण गरिसकिएको छ । ४,००० भन्दा बढी सामुदायिक वन उपभोक्ता समितिहरू वन हस्तान्तरण गर्न सकिने प्रकृयामा पुगेका छन् ।

सामुदायिक वनसंग सम्बन्धित तथ्यांक सहित नेपालको ओभरहेड स्लाइड नक्सा प्रस्तुत गरिएको थियो ।

क्षेत्र	वन उपभोक्ता समितिको संख्या	क्षेत्रफल (हेक्टर)
पहाड	२९८७	१,१२,१८९
तराई	३२०	२२,९६२
जम्मा	३३०७	१,३५,१५१

संस्थागत समस्याहरू

त्यसपछि सामुदायिक वनको प्रकृयाका बिभिन्न चरणहरू र कार्यक्रमका नकारात्मक र सकारात्मक पक्षहरूको छलफल गरिएको थियो ।

वन हस्तान्तरण गर्ने प्रकृया

- उपभोक्ताहरूको पहिचान ।
- उपभोक्ताहरूको सहभागितामा समूह विधान र वन कार्यगत योजना तयार गर्ने ।
- प्रमाणपत्र दिने र वन हस्तान्तरण गर्ने
- वन हस्तान्तरणका चरणहरू

  – घर-घरमा सामुदायिक वनका नियम, कानून, विधान तथा सूचनाहरू पुऱ्याउनु/घरसम्म फैलाउनु ।

  – समूहको विधान तयार गर्न र कार्यगत योजना निर्माण गर्नका लागि सानो समूह छलफलको आयोजना गर्नु ।

  – विधान, कार्यगत योजना र उपभोक्ता समितिको अन्तिम स्वीकृतिका लागि आमसभा बोलाउनु ।

  – प्रत्येक महिनामा समितिको सभा राख्ने ।

  – प्रत्येक दुई वर्षमा साधारण सभा बोलाउने ।

सकारात्मक पक्ष/बल

- उपभोक्ता समूहहरू कानूनी रुपले मान्यता प्राप्त छन् ।
- सामुदायिक वन कार्यक्रमहरूका लागि वन विभागका कर्मचारीहरूको परिवर्तित दृष्टिकोण ।
- वन विभागबाट प्राविधिक सहयोग उपलब्ध हुनु ।
- वन-पैदावारबाट हुने शत प्रतिशत आम्दानी उपभोक्ताहरूको कोषमा जाने र त्यो कोषको रकममा उपभोक्ताहरूको अधिकार हुने भएकाले जनताको ईच्छा जागृत हुने र आम्दानी गर्न उपभोक्ताहरूले बढी प्रयास गर्ने ।
- कार्यगत योजनामा जनताको आवश्यकतालाई ध्यान दिइने ।
- जनताको आवश्यकतालाई समावेश गरी वन विभागले वार्षिक योजना बनाउने व्यवस्था भएको ।
- सामुदायिक वनको हस्तान्तरण गर्ने पूर्ण अधिकार क्षेत्रीय निर्देशकबाट जिल्ला वन अधिकृतमा सरेको ।

- सामुदायिक वनको विकास र सामुदायिक वनको कोषको रकमले जनतालाई अन्य विकासका कृयाकलापहरू गर्नमा प्रोत्साहन मिलेको । उदाहरणका लागि शिक्षा, शीप विकास, खानेपानीको व्यवस्था र आय-आर्जन गर्ने अन्य काममा सामुदायिक कोषबाट खर्च गर्न सकिने व्यवस्था भएको ।

कमजोरी/नकारात्मक पक्षहरू

- सबै क्षेत्रहरूमा, हस्तान्तरणको प्रकृयामा एकरुपताको अभाव ।
- सामुदायिक वन व्यवस्थापनमा सहभागी हुनका लागि ज्ञान दिन र प्रोत्साहित गर्न तालिम प्राप्त र प्रतिवद्ध मानव स्रोतको अभाव ।
- उपभोक्ता समूहको कृयाकलापहरूमा समुदायका सबै सदस्यहरूको समान सहभागिताको अभाव ।
- निर्णायक तहमा महिला सहभागिताको अभाव ।
- वन क्षेत्र र उपभोक्ता समूहका सदस्यहरू अधिक भएको ठाउँमा उपभोक्ता समूहलाई परिचालन गर्न कठिनाई भएको ।
- उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको वन क्षेत्रहरू संरक्षित रहेका तर अन्य वन क्षेत्रहरू भने ह्रास हुँदै गएका ।
- वनका कर्मचारीहरूको उपभोक्ता समूहको पहिचानका लागि गाउँका नेताहरूसंगको प्रत्यक्ष सम्पर्कले गर्दा वास्तविक उपभोक्ताको पहिचान गर्नमा समस्या खडा भएको छ । किनभने त्यो नेताले राजनैतिक पूर्वाग्रह राखेर आफ्नो पक्षलाई मात्र उपभोक्ता बनाउन सक्छ । राजनैतिक दवाव र पूर्वाग्रहले गर्दा वास्तविक उपभोक्ताको पहिचान नहुन सक्छ ।
- वन-पैदावारको उपयोगको सम्बन्धमा उपभोक्ताहरू बीच फरक बिचारधारा देखिन गएको छ । उदाहरणका लागि आफ्नै लागि उपयोग गर्ने कि व्यापारिक उपयोग गर्ने ?
- केही उपभोक्ताहरूले वन विभागबाट अनावश्यक कानूनी समस्याको सामना गर्नु परिरहेको छ ।
- राजनैतिक सिमाना नै वनको सिमाना मानिन्छ तर यहाँ उपभोक्ताहरूले बनाएको सिमानाले समस्या खडा गरेको छ ।
- कार्यगत योजना पछि सरकारले अघि सारेको करारनामाको व्यवस्था अनावश्यक देखिन्छ ।
- कुनै–कुनै ठाउँमा उपभोक्ता समूह भन्दा उपभोक्ता समिति वढी शक्तिशाली देखिएको छ ।
- समूहहरूबीचको झगडाले समस्या खडा गरेको छ ।
- कार्यक्षेत्रमा वनका कर्मचारीहरू अपर्याप्त छन् ।
- जिल्लाको राजनैतिक सिमाना वैज्ञानिक छैन ।
- वनका केही कर्मचारीहरू अयोग्य छन् । तिनीहरूसंग पर्याप्त प्राविधिक ज्ञान छैन ।
- केन्द्रदेखि कार्यक्षेत्र-स्तर सम्मको वनका कर्मचारीहरूको परम्परावादी मानसिकतामा परिवर्तन ल्याउन जरुरी छ ।
- केही समूहहरूले उपभोक्ता समूहको खाता ठीकसंग राखेका छैनन् । उपभोक्ता समूहको कोष राम्रोसंग संचालन गरेका छैनन् ।

सामुदायिक वनको नीति नियम र विधानको विश्लेषण

हालको वन ऐन वि.सं. २०४९ (१९९२।९३) र वि.सं. २०५१ (१९९४।९५) को वन विधानको विस्तृत विश्लेषण गरिएको थियो । त्यो ऐन र विधानको नकारात्मक र सकारात्मक पक्षहरूको विस्तृत रुपले

विश्लेषण प्रस्तुत गरियो । ती ऐन र विधानको प्राय:जसो व्यवस्था सकारात्मक पक्षहरू नै थिए । नेपालको सामुदायिक वनको विकासका लागि यो ऐन र विधानको प्रकृति प्रगतिशील देखिन्छ । यिनीहरू सामुदायिक विकासका लागि उपयुक्त छन् । सामुदायिक वन विकासका लागि कुनै-कुनै व्यवस्था मात्र बाधक देखिएका छन् ।

वन व्यवस्थापनका लागि सामुदायिक दृष्टिकोण यस क्षेत्रका लागि सर्वोत्तम उपलब्धि हो । बातावरणका लागि यो दृष्टिकोण ज्यादै नै सकारात्मक देखिएको छ । यसले जनताको जीवन-स्तर उठाउने काम गरेको छ । वन क्षेत्रको गुरु योजनाको आधारमा रहेर वन हस्तान्तरण गर्नु अघि र पछिको अवस्थाको बिचार विमर्श गरियो ।

हस्तान्तरण अघि

- वनमाथिको सबै अधिकार सरकारमा थियो । जनताहरू वन क्षेत्रको उपयोग गर्ने अधिकारबाट बंचित थिए ।
- वनका नीति र नियमहरू जनमुखी थिएनन् र जनतासम्म पुगेका थिएनन् ।
- वन ऐन, विधान र निर्देशिका आपसमा विरोधाभाषपूर्ण थिए ।

हस्तान्तरण पछि

- स्वामित्वमा बृद्धि भएको छ ।
- महिलाहरूको सहभागिता उत्साहवर्धक छ ।
- वन-पैदावारको व्यवस्थित वितरणमा आम सहमती रहेको छ ।
- ग्रामीण विकासको कृयाकलापमा सकारात्मक योगदान रहेको छ ।
- रोजगारीका अवसरहरू पैदा भएका छन् ।
- सन्तुलित वातावरणको विकास गर्न, नाफा बाँड्न र निर्णय गर्ने प्रकृयामा सक्रीय सहभागिता देखिएको छ ।

छलफल

प्र. वन उपभोक्ता समूहहरू साधन र प्राविधिक सहयोगका लागि सरकारसंग कुन हद्सम्म निर्भर छन्? उपभोक्ता समूहलाई आत्मनिर्भर बनाउन र सरकार माथिको निर्भरता कम गर्न कुन रणनीति हुन सक्छ ?

उ. "जनतालाई शिक्षा दिएर र चेतना जगाएर, जनता र सरकारी कर्मचारी दुबै मिलेर उपभोक्ता समूहको गठन गर्नमा कदम चाल्छन् । तिनीहरू जनसहभागितामा विधानको निर्माण गर्छन् र कार्यगत योजना बनाउँछन् । सरकारले प्राविधिक सहयोग मात्र उपलब्ध गराउँछ । यसका अतिरिक्त सानो परिणाममा बस्तुहरू जस्तो पाइप र नर्सरी स्थापना गर्नका लागि बीउ उपलब्ध गराउँछ । समूहको आत्मनिर्भरता र दिगोपन समूहकै कृयाकलाप र प्रयत्नमा निर्भर गर्छ ।

सामुदायिक भावना, उपभोक्ताहरू बीच आम सहमती र समूहको आन्तरिकीकरणले तिनीहरूलाई सामर्थ्यबान बनाउँछ । त्यसबाट उत्पादनका नयाँ कृयाकलापको सिर्जना हुन्छ । उदाहरणका लागि आय आर्जनका कृयाकलाप र व्यवस्थित पशुपालनमा बृद्धि हुन्छ । अन्तोतोगत्वा उपभोक्ता समूहहरू सरकार माथि कम निर्भर र आत्मनिर्भर हुन्छन्।"

प्र. मैले सुनेको छु नेपालको वन विभाग सामुदायिक वनमा व्यापारिक विरुवा रोप्न चाहन्छ । वास्तविक अवस्था के छ ?

उ. "सामुदायिक वनमा एउटा कुनै विशेष जातको वनस्पतिलाई प्राथमिकता दिने विशेष नियम छैन । यो कुरा पूर्णरुपले जनताको ईच्छामा निर्भर हुन्छ । यस्तो निर्णय गर्दा स्थान सुहाउँदो पनि हुनु पर्‍यो । व्यापारिक वनस्पति रोप्ने बारेमा विशेष आधार बनाइएको छैन । यसका अतिरिक्त सामुदायिक वन नीतिको कार्यान्वयन तीन चरणबाट पार हुन्छ ।"

- पहिलो हो, जनताको माग र तिनीहरूको व्यवस्थापन सामर्थ्यको आधारमा पाँच वर्ष वा अर्को निश्चित समयका लागि कार्यगत योजनाको निर्माणपछि समुदायलाई वनका भागहरू उपलब्ध गराइन्छ ।
- दोश्रो चरणमा, व्यवस्थापन, संरक्षण र उपयोगिताको सबै जिम्मेवारी उपभोक्ता समूहलाई हस्तान्तरण गरिन्छ ।
- अन्त्यमा, उपभोक्ता समूहहरूलाई तिनीहरूको आवश्यकता अनुसार वन-पैदावारको उपयोग गर्नका लागि पूर्ण अधिकार र जिम्मेवारी दिइन्छ ।

- पाँच वर्षको करारनामाको व्यवस्थाको अर्थ वनलाई पछि फिर्ता लिनु होइन, बरु तिनीहरूलाई प्रोत्साहन दिनको लागि यस्तो गरिएको हो । अझ राम्ररी व्यवस्थापन गरुन् भन्ने आशय हो । हाम्रो अनुभवको आधारमा अर्को पाँच वर्षका लागि कार्यगत योजनालाई पुनर्गठन गर्न सक्छौं।

प्र. नेपालको प्रस्तुतिबाट मैले के बुझें भने सामुदायिक वन कार्यक्रम सरकारद्वारा लागू गरिएको र सर कारबाट प्रेरित छ । भारतमा स्थिति फरक छ । भारतमा वन विभाग र जनता बीचको फाटो धेरै ठूलो छ । वन विभाग जनतालाई वनमा जानबाट रोक्न चाहन्छ । नेपालको वन विभाग ज्यादै उदार र जनमुखी छ । सामुदायिक वनका लागि बजेटको व्यवस्था कस्तो छ ?

उ. "सामुदायिक वनको अवधारणा पहाडमा बढी लोकप्रीय छ । किनभने सरकार एक्लैले वनको संर क्षण गर्न सक्तैन र जनतालाई वन हस्तान्तरण गर्न चाहन्छ । तराईको स्थिति भने बिल्कुल फर क छ । किनभने त्यहाँको वन व्यवसायिक छ । अर्को कारण के हो भने, बि.सं. २०४५।४६ (१९८८।८९) (१९८९।९०) मा वन क्षेत्रका लागि गुरु योजना बनाइयो । यो बनाउँदा दातृ राष्ट्रहरू र अन्य श्रोतहरूको सल्लाह बमोजिम सामुदायिक वनलाई जोड दिइयो । सामुदायिक वन कार्यान्वयन कार्यक्रमहरूमा दाताहरू सहयोग गर्न तयार थिए । त्यसकारण यदि सरकार सामुदायिक वन कार्यान्वयन गर्न तयार नभएमा त्यहाँ दाताहरू नै पाईदैनथ्यो । वन मन्त्रालयको सम्पूर्ण बजेटको ४७ प्रतिशत रकम सामुदायिक वन र निजी वनका लागि छुट्याएको छ ।"

प्र. नेपालमा सामुदायिक वन व्यवस्थापनको स्थिति राम्रो छ र धेरै समयदेखि कार्यान्वयन भैरहेको छ। तर दुई प्रतिशत वन मात्र हस्तान्तरण भएको छ । यो प्रकृया किन यति ढिलो ?

उ. "केहीलाई लागेको छ यसको प्रकृया ढिलो छ, सुस्त छ । ज्यादै ढिलो प्रकृया भन्नेहरू एकातिर छन् भने अर्कोतिर मान्छेहरू छन्, तिनीहरू भन्छन्, हस्तान्तरणको प्रकृया उचित किसिमले चलिरहेको छ । यी बिचारहरू आपसमा विरोधाभाषपूर्ण छन् । जनताहरू प्रकृया ढिलो भएको सम्झन्छन्, किनभने सरकारले इ.सं. २०१० सम्ममा उपभोक्ताहरूलाई सम्पूर्ण वन हस्तान्तरण गर्ने लक्ष्य राखेको छ । जेहोस्, उपभोक्ता समूहको गठन प्रकृया, जनतालाई संलग्न गराउने काम, नियम र विधानका बारेमा सचेत बनाउने काम जटिल छ । ढिलो हुनाका अर्को कारण भने उपभोक्ता समूहको गठन गर्ने प्रकृया हो – उपभोक्ता र वनको पहिचान गर्न नै धेरै महिना लाग्छ, त्यो पनि कुनै किसिमको बाधा-बिरोध नहुँदा । सामान्यतया प्रत्येक पहाडी जिल्लामा १३ जना रेन्जरहरू हुन्छन् । तिनीहरू कार्यक्षेत्रका सरकारी अधिकृत हुन् । तिनीहरू नै उपभोक्ता समूह गठन गर्नमा जिम्मेवार छन् । ती तेह्र जना मध्येमा पनि प्रत्येक जिल्लामा आठ या दश मात्र उपस्थित हुन्छन्, अन्य कि त सरुवा भैरहेका हुन्छन् कि त अन्य कारणले बाहिर हुन्छन् ।"

उपभोक्ता समूहको बारे चेतनाको स्तर ज्यादै निम्न छ । यसको एउटा कारण के हुन सक्छ भने त्यो तहमा सरकारको सामर्थ्यको सीमा छ र अर्को कारण वन कर्मचारीको दृष्टिकोण नै हुन सक्छ। तिनीहरू जनताको घर-दैलोमा गएर त्यहाँ समूह गठन गर्न आएका कुरा व्यक्त गर्न हिचकिचाउँछन्, उत्साहित छैनन् । समुदायबाट वन हस्तान्तरण गर्नका लागि वन विभागमा ज्यादै दवाव बढेको छ । तपाईहरूले देखिरहनु भएको छ, लगभग ४,००० समुदायहरूले सामुदायिक वनबाट आफ्नो माग पूरा गरेका छन् । तर सबै उपभोक्ता समूहहरू आफ्नो अधिकार, नियम, विधान र सर-कारी नीति बारे सचेत नहुन सक्छन् । यसकारण तिनीहरूलाई संगठन गर्न समय लाग्न सक्छ ।

प्र. शत प्रतिशत आम्दानी उपभोक्ता समूहले उपयोग गर्ने हुँदा दिइएको समयमा अर्थात् निश्चित समयमा तिनीहरूले कति आर्जन गर्छन् र कसरी यसको उपयोग गरिन्छ ?

उ. "हामीहरू तपाईहरूलाई तनहुँ जिल्लाको एउटा उदाहरण दिन सक्छौं ।"

बि.सं. २०५० (१९९३।९४) मा २३५ हेक्टरको एउटा सामुदायिक वन क्षेत्र, १०२ उपभोक्ता परिवारलाई हस्तान्तरण गरियो । वन-पैदावारबाट कोषमा जम्मा गरिएको कूल रकम १,१५,२६० (यु.एस. डलर २,१००) थियो । यस रकमको ६० प्रतिशत रकम उपभोक्ताहरूलाई तिनीहरूको योगदानका लागि सोझै दिइयो । यो तिनीहरूको योगदानको आधारमा वितरण गरिएको थियो र यसरी बाढ्ने कुरालाई साधारण सभाबाट पास गराईएको थियो । बाँकी रहेको ४० प्रतिशत ग्रामीण विकासको कृयाकलापमा लगानी गरिएको थियो । उदाहरणका लागि झोलुङ्गे पुल, खानेपानी आयोजना, गोरेटो बाटो निर्माण, शीप विकासका लागि तालिम आयोजना र स्थायी आय आर्जनमा लगानी । हामीहरू वातावरण र शीप विकासका लागि संयोजन गर्नेलाई पुरस्कारले सम्मानित गर्छौं ।

त्यहाँ अरु पनि यस्ता कतिपय उदाहरणहरू छन् । केही उपभोक्ता समूहहरू तिनीहरूको लागि चाहिने दाउरा र घाँस मात्र पुऱ्याउँछन् । त्यहाँ अन्य उपभोक्ता समूहहरू पनि छन् । तिनीहरू पुनर्वनीकरणका लागि आफ्नो प्रयत्न र श्रम लगाइरहेका छन् र अझै पनि तिनीहरू दाउरा र घाँसको अभाव अनुभव गरिरहेका छन् ।

प्र. *सामुदायिक वनका लागि कानूनहरू र नीतिहरू प्रगतिशील भएकाले उपभोक्ता समूहलाई योजना गर्न, व्यवस्थापन गर्न, उपयोग गर्न, रुखको छनौट गर्न र कोषमा जम्मा भएको रकम उपयोग गर्न पूर्ण अधिकार छ । समस्या के छ त ?*

उ. "वन नीति, कानून, विधान, पुरक ऐन सबै राम्रा छन् तर कार्यान्वयनका लागि प्रतिबद्धताको समस्या छ । उदाहरणका लागि बिधान बनाउने र कार्यगत योजना बनाउनका लागि उपभोक्ताहरू बीचमा सामान्य सहमती चाहिन्छ तर यो काम केही व्यक्तिको नेतृत्वमा तयार हुन्छ । त्यहाँ वन अधिकृतहरूबाट नियमको विपरीत अनावश्यक थिचोमिचो छ । वन अधिकारीहरूको सरुवा मुख्य समस्या हो । सरकारी कर्मचारीहरू अधिकार दिनका लागि अझै पनि मानसिक रुपले तयार छैनन् ।"

सभापतिबाट समापन उद्गार

सामुदायिक वन समुदायका लागि नयाँ कृयाकलाप हो । यो सरकारका लागि पनि नयाँ कृयाकलाप हो। यसले गर्दा हत्पतमा केही नहुन सक्छ । सामुदायिक वन उपभोक्ता समूहको मूल्यांकन बैंकमा रकम जम्मा गरेको आधारमा, वा रुख वा अन्य पैदावार तिनीहरूले वितरण गरेको आधारमा गर्न हुन्न । तिनीहरूले आवाजहीनलाई कसरी आवाज दिए, आफ्नो अधिकारको लागि संघर्ष गर्न, जनतालाई परि चालन गर्न कतिको समर्थ भए, यस आधारमा मूल्यांकन गर्नु पर्छ । हामीहरूले यो उपलब्धि हासिल गऱ्यौं भने मात्र सामुदायिक वन सफल हुन्छ ।

एकीभूत सत्र

भविष्यका लागि चुनौतीहरू

मे २६, शुक्रबारको अपरान्ह "भविष्यका लागि चुनौतीहरू" को छलफल गर्नका लागि छुट्याइएको थियो । सहभागीहरू एकीभूत सत्रका लागि चार कार्य समूहमा विभाजित भए । प्रत्येकले निम्नानुसार को समस्याहरू मध्ये कुनै एकमा छलफल गर्नका लागि तिनीहरू विभाजित भएका थिए ।

१ वकालत र नेटवर्कको लागि रणनीतिहरू
२ निर्णायक तहमा महिलाहरूको भूमिकालाई बृद्धि गर्नका लागि रणनीतिहरू
३ स्थानीय संस्थाहरूलाई मजबुत बनाउनका लागि रणनीतिहरू: संस्थाको निर्माण, क्षमताको निर्माण, र तालिम
४ नीतिहरू, कानूनहरू, नियमहरू, र बिधानहरूलाई समर्थ बनाउनका लागि रणनीतिहरू

छलफलको विषय र निष्कर्षहरू देशीय कार्य योजनाको तयारीका बेलामा प्रयोगमा ल्याउनका लागि काम लाग्ने थिए ।

वकालत र नेटवर्कको लागि रणनीतिहरू

प्रत्येक सहभागीहरूले वकालत र नेटवर्कको आफ्नो अनुभव आपसमा आदान-प्रदान गरे ।

दार्जिलिङ्गमा धेरै ग्रामीण समुदायहरूले वन संरक्षणका कृयाकलापहरू आफैले अलग्गै बसेर संचालन गरे पछि मात्र नेटवर्कको सुरुवात् भएको हो । धेरै मान्छेहरूले संयुक्त वन व्यवस्थापन अन्तर्गत समुदायहरूमा तिनीहरूको अधिकारको बारेमा चेतना जगाउन र स्थानीय समूहहरूलाई धेरै किसिमका सहयोग उपलब्ध गराउने, यसमा कार्यमूलक अनुसन्धान र स्थानीय समूह र सरकारी संस्थाहरू बीचको मध्यस्थता गर्न समेत समावेश छ, एउटा नेटवर्कको संगठन गर्ने संस्थाको आवश्यकताको अनुभव गरे । यसरी सन् १९८९ मा विद्यमान दार्जिलिङ्ग नागरिक कल्याण समाज अन्तर्गत पर्यावरण संरक्षक परिषद्को स्थापना भयो र औपचारिक रुपमा सन् १९९२ मा दर्ता भयो । यस नेटवर्कको सदस्यमा वातावरण संरक्षण समितिका सदस्यहरू वा वन संरक्षण समितिका सदस्यहरू समावेश थिए । तिनीहरूले यस नेटवर्कको सदस्य बापत अलिकति रकम सदस्यता शुल्कका रुपमा तिर्नु पर्थ्यो । यो संगठनले सदस्यहरूका लागि तालिम र कानूनी सल्लाह दिन्थ्यो । यो संगठनले एउटा पत्रिका पनि प्रकाशित गऱ्यो र सबै सदस्यहरूलाई पुऱ्यायो । समितिको सभा र सबै इकाईका सदस्यहरूको सभा निममित रुपमा हुन्थ्यो । वन डिभिजनका केही कर्मचारीहरूको घुसखोरीको बिरोध जनाउन यो संगठनले निर्णय गऱ्यो र तिनीहरूको निगरानी राख्नमा संलग्न भयो । रेन्ज अफिसरको भ्रष्ट आचरणको एउटा गोप्य प्रतिवेदन तयार गरेर वन विभागलाई बुझायो । अरु राष्ट्रिय संस्थाहरू जस्तो कि राष्ट्रिय जलाधार विकास समितिले वातावरण संरक्षणको प्रवर्धन गर्न र नर्सरीहरूको स्थापना गर्न यस संगठनसंग सम्पर्क गरेको छ ।

सहभागीहरू

१. घनेन्द्र काफ्ले, नेपाल यु.के. सामुदायिक वन योजना
२. डि.एस. रसाइली, वातावरण संरक्षण समाज महासंघ, दार्जीलिङ्ग, पश्चिम बंगाल
३. जी. राजु, भिक्सात, अहमदावाद गुजरात
४. एम.डी. मिस्त्री, दिशा, सवरकन्त गुजरात
५. भीमलाल सुवेदी, स्याङ्गजा, नेपाल
६. यम बहादुर आले, तनहुँ, नेपाल
७. राजीव आहल, कांगड़ा, हिमाचल प्रदेश
८. भीम प्रसाद श्रेष्ठ, राम बजार उपभोक्ता समूह, ओखलढुङ्गा, नेपाल
९. दीनेश पोखरेल, गुल्मी, नेपाल
१०. हरिप्रसाद न्यौपाने, भोजपुर नेपाल

उत्तरी गुजरातमा एकलब्य संगठनको स्थापना गरियो । यो संगठन सदस्यतामा आधारित थियो । यो संगठन जन-जाति क्षेत्रमा खोलिएको थियो । यस ठाउँका जनताहरू किनारा लागिरहेका थिए । तिनीहरू किनारा लाग्दै गरेका थिए । यो संगठन जनताहरूलाई ठूलो संख्यामा परिचालन गरेर सरकारी नीतिमा परिवर्तन ल्याउनमा संलग्न भयो । एकलव्य संगठनको अनुभवले के बताएको छ भने, वकालतमा उत्रनका लागि शक्ति संरचनालाई चुनौती दिनु पर्छ । सूचना मात्र पनि पर्याप्त हुँदैन, तर यसलाई आम सहयोग परिचालन गर्नका लागि उपयोग गर्न सकिन्छ । आम सहयोगको संयोजनले, संचारका साधनहरूको उपयोगले र कानूनी पद्धतिले नीतिमा परिवर्तन गराउन सकिन्छ । संगठनकर्ताको धारणा के छ भने जहिले जहिले गरीव र धनीहरू बीचमा संघर्ष चर्केको छ गरीवहरूले गुमाउनु भन्दा बढी प्राप्त गरेका छन् । जन-जातिका जनताहरूलाई जमिन दिने कुरामा अन्य गैर-सरकारी संस्थाहरूसंग मिलेर एकलव्यले अभियान चलायो । एकलव्य संस्थाले राजनैतिक दलहरूसंग भेटेर समस्याहरू राख्ने, संचारका माध्यमबाट तिनीहरूको समस्यालाई चित्रण गरेर समर्थनमा लेखाउने काम गऱ्यो र सन् १९९३ मा पर्चाहरू बाढ्यो । राजनैतिक दलहरूले के देखे भने तमाम गरीव जनताको मत तिनीहरूको राजनैतिक भविष्यका लागि महत्वपूर्ण छ । यो सोचाईले गर्दा तिनीहरू गरीव जनताका ज्वलन्त समस्यामा बिचार विमर्श गर्न इच्छुक भए । जनतालाई जमिन दिने कुरामा तिनीहरू बढी इच्छुक भए । जन-जातिका मान्छेहरूको यो समस्यालाई चर्काउन पाए तिनीहरूले मत स्वभाविक रुपले प्राप्त गर्ने सोचाई थियो तिनीहरूको । जन-जातिका मान्छेहरूलाई केही जग्गा दिनुपर्ने कुराको चित्रण गर्दै व्यापक प्रचार-प्रसार गरियो र जनदवाव पनि दिइयो । ई.सं. १९८४ को नोभेम्बरमा ८० किसानहरूलाई जग्गाको प्रमाण-पत्र दिइयो । जे भएतापनि यसको बढी प्रगति भएको छैन । तर यो भोट बटुल्ने असली मुद्दा भएकाले एउटा राजनैतिक दलले आफ्नो घोषणा-पत्रमा जन-जातिका मान्छेलाई जमिन हस्तान्तरण गर्ने कुराको बचन दिएको छ । यो दलको विजय पश्चात्, अहिले के देखिएको छ भने बचन दिएको जमिन हस्तान्तरण हुनेछ ।

एम.डी. मिस्त्री, सामाजिक तथा मानव कार्य प्रोत्साहन विकास संस्थाका (DISHA) प्रतिनिधि हुनुहुन्थ्यो । उहाँले आफ्नो तेन्दु पात सम्बन्धी अनुभव बताउनु भयो । उहाँहरूले तेन्दु पातहरू जुन सरकारले किन्ने गर्थ्यो, ती पातहरू टिप्ने महिलाहरूको न्यूनत्तम ज्याला बढाउन अभियान चलाउनु भयो । उहाँहरूले वन विभागलाई दवाव दिन श्रम विभागलाई अनुरोध गर्नु भयो र एउटा मुद्दा पनि अदालतमा हाल्नु भयो । ई.सं. १९९२ मा लगभग १०,००० जन-जातिका मान्छेहरूले अहमदाबादमा प्रदर्शन गरे । तिनीहरूले तेन्दुको पात टिप्नेहरूको ज्याला बढाउने माग राखे । मुख्यमन्त्रीलाई ज्ञापन-पत्र दिए । त्यो दवावका कारण मुख्यमन्त्रीले यो समस्याको छानविन गर्न एउटा समिति बनायो । तत्पश्चात् ज्याला बृद्धि भयो ।

राजीव आहालले हिमाचल प्रदेशका गैर-सरकारी संस्थाहरू बीचको आफ्नो नेटवर्कको अनुभव सुनाउनु भयो । त्यस क्षेत्रमा २०० भन्दा बढी गैर-सरकारी संस्थाहरू प्राकृतिक साधन व्यवस्थापनको मुद्दामा संलग्न छन् । यी समूहहरू वन व्यवस्थापनका समस्यामा विशेष रुपले काम गरिरहेका थिएनन् । जुलाई १९९४ मा इसिमोडको नेतृत्वमा राज्यभर छरिएका गैर-सरकारी संस्थाहरूको तीन दिनको सभा बोलाएको थियो । त्यस सभामा आ-आफ्नो अनुभव र समस्याका आदान-प्रदान गर्ने मौका मिलेको थियो । यो सभामा वन सम्बन्धी समस्या र जल व्यवस्थापनको महत्वका बारेमा एउटा सहमती भएको थियो । प्राकृतिक साधन व्यवस्थापनको सवालमा दीर्घकालीन दृष्टिकोणको आवश्यकता छ भन्ने कुरामा जोड दिइएको थियो । नौ सदस्यीय संयोजन समितिको गठन गरिएको थियो र गैर-सरकारी

संस्थाका सबै सहभागीहरू नेटवर्कका सदस्य थिए । प्रत्येक महिनामा नेटवर्कको समितिको सभा हुने गर्छ र यस्ता सभाका लागि गैर-सरकारी संस्थाका सदस्यहरू सुविधा उपलब्ध गराउँछन् ।

समूहको कार्यले वन विभागको काम र संरचनाको बारेमा र खासगरि संयुक्त वन व्यवस्थापनका बारेमा राम्ररी जानकारी गराएको छ, समझदारीमा बृद्धि गरेको छ । संयुक्त वन व्यवस्थापनका नीतिहरूको अभिलेखहरू पहिले अंग्रेजीमा मात्र उपलब्ध थियो । अहिले ती नीतिहरू हिन्दीमा अनुवाद भैसकेको छ । यसले आम जनतालाई आफ्नो चासोको विषय र अधिकारको बारेमा जानकारी गराएको छ । त्यो अनुवाद वन विभागले पनि उपयोग गरेको छ । संयुक्त वन व्यवस्थापनका बारेमा एउटा समीक्षात्मक लेख तयार गरेर प्रकाशित गरिएको छ । उक्त प्रकाशित समीक्षात्मक लेख सबै संगठनहरूमा वितरण गरिएको छ । वन विभागलाई पनि यो समीक्षात्मक लेख दिइएको छ ।

सन् १९९४ को अक्टोवर महिनामा एउटा बृहत् भेलाको आयोजना गरिएको थियो । यस भेलामा वातावरण सम्बन्धी संस्था, गैर-सरकारी संस्था, विश्वविद्यालयहरू र सरकारी संस्थाहरूका जम्मा ७० जना प्रतिनिधिहरू सहभागी थिए । यो समूहले अहिले प्राकृतिक साधन व्यवस्थापनको बारेमा बस्ने राष्ट्रिय नीति तहको सभाका लागि "हिमाचल दर्पण" प्रकाशित गर्ने योजना गरिरहेको छ । यसका साथै यसले सहभागितामूलक ग्रामीण मूल्यांकन प्रविधिका बारेमा तालिमको आयोजना गर्ने योजना गरेको छ । अक्टुवरमा संयोजन समितिको पुनर्गठन गरिएको छ र एक जना संयोजकको छनौट गरिएको छ । काम गर्नका लागि केही महत्वपूर्ण समस्याहरूको पहिचान गरिएको छ । तर पनि यो समूहलाई एउटा संगठनको स्वरुप दिने र यी गैर-सरकारी संगठनहरूको महासंघ कसरी बनाउने, प्रश्न यथावत् छ ।

तनहुँ जिल्ला नेपालका ७१ उपभोक्ता समूहका प्रतिनिधिहरू एउटै ठाउँमा भेला भए । तिनीहरू जिल्ला स्तरीय नेटवर्कको मञ्च खडा गर्न भेला भएका थिए । त्यसको लागि एउटा बिधान बनाउने एउटा अन्तरिम समिति गठन गरिएको छ । यस संगठनबाट समूहहरूले एक अर्काबाट सिक्न सक्छन् र वन कार्यालयसंग साझा समस्याका बारेमा कुरा गर्न सहायता गर्न सक्छन् । यसका अतिरिक्त वन-पैदावार का मध्यस्थकर्ता र ठेकेदारसंग लेनदेन गर्नमा मद्दत गर्न सक्छन् । शुरुमा मञ्चका लागि प्रेरणा जिल्ला वन कार्यालयले दिएको थियो । मञ्चले वन कार्यालयको एउटा प्रस्तावमा राय बाझ्दा महत्वपूर्ण भूमिका खेलिसकेको छ । केही महत्वपूर्ण कुराहरूको बारेमा अझै टुङ्गो लागेको छैन ती हुन् - सदस्यता शुल्क लगाउने र जिल्ला संयोजन समितिका समूहको प्रतिनिधित्व ।

यस्तै, ओखलढुङ्गाका मान्छेहरूको एउटा समूह जसले सामुदायिक वन उपभोक्ता समूह खडा गरेका थिए, तिनीहरूले नेपालमा सामुदायिक वनको प्रवर्धनका लागि बृहत् भूमिका खेल्ने बिचार गरे । FTPP र वाचको सहयोगमा तिनीहरूले वन उपभोक्ता समितिका प्रतिनिधिहरू र समुदायहरूको भेला गराए । तिनीहरूले जिल्ला वन कार्यालयलाई वन हस्तान्तरण गर्नका लागि अनुरोध गरे । भर्खरको कुरा हो, यो ४२ वन उपभोक्ता समूहका ९० जना प्रतिनिधिहरू एउटा सभामा उपस्थित थिए । त्यस सभामा जिल्लाको बिभिन्न भागका बिभिन्न समस्याहरू राखिएको थियो । प्रतिनिधिहरूले आ-आफ्नो ठाउँको समस्याहरू उठाएका थिए । यसरी यो सभामा छलफल हुँदा वन उपभोक्ता समूहको एउटा नेटवर्कको आवश्यकता भएको कुरा निष्कर्षमा निस्कियो । एउटा आन्तरिम समितिको गठन गरियो र त्यस समितिलाई ६ महिना भित्रमा विधान निर्माण गर्ने जिम्मेवारी दिइयो ।

गुल्मी जिल्लाका वन उपभोक्ता समूहका सदस्यहरूले पनि जिल्ला वन कार्यालयले नर्सरी व्यवस्थापनको लागि आयोजना गरेको भेलामा एउटा नेटवर्क समूह गठन गर्ने बिचार व्यक्त गरे । तर जिल्ला वन अधिकारीले यो ईच्छालाई निरुत्साहित गरे । उनको भनाई थियो - वर्तमान सामुदायिक वनको विधानमा यस्तो संस्थाको लागि कुनै व्यवस्था छैन ।

यस्तै भोजपुरको कुरा लिउँ । त्यहाँ वनका भागहरू हस्तान्तरण गर्ने काम द्रुत गतिमा भैरहेको छ । त्यहाँका ४० वटा वन उपभोक्ता समूहहरू केही वर्ष अघि भेला भए । तिनीहरू जिल्ला-स्तरीय संयोजन समितिको गठन गर्न जम्मा भएका थिए । तर कानूनी प्रावधानको अभावमा यस्तो समिति गठन हुन सकेन । त्यति हुँदा पनि जिल्लाको रेन्ज पोष्ट अन्तर्गतको एक ठाउँमा ४८ वन उपभोक्ता समूहका सदस्यहरू मध्ये ३० समूहका सदस्यहरू आफै भेला भए । तिनीहरूले जिल्ला वन अधिकारी र कानूनी सल्लाहकारलाई निम्त्याए । त्यतिखेर तिनीहरूले एउटा गैर-सरकारी संस्थाको गठन गरे । त्यस संस्थाको नाम तिनीहरूले सामुदायिक वन विकास र ग्रामीण विकास मञ्च राखे । त्यस संस्थालाई तिनीहरूले जिल्लामा दर्ता गराए । त्यस संस्थाको विधानमा जिल्लाका वन उपभोक्ता समूहका सबै सदस्यहरूलाई समावेश गर्ने व्यवस्था छ । संस्थाका लागि प्रत्येक वन उपभोक्ता समूहले प्रतिनिधि पठाउन सक्छ, त्यसमा समूहका सभापति नै पठाउनु पर्छ भन्ने आवश्यकता छैन । प्रत्येक सदस्यले प्रति वर्ष रु. १००।- सदस्यता शुल्क तिर्नु पर्छ । निर्वाचित प्रतिनिधिहरूको एउटा समिति खडा गरिएको छ । त्यस समितिले स्थानीय तहदेखि केन्द्रीय तहसम्मको बाँझिएको प्रस्तावमा वकालत गर्नु पर्ने, आफ्नो भूमिका देखेको छ, समूहको समर्थनमा उत्रनु पर्ने आवश्यकता देखेको छ । अहिलेसम्म यस संगठनले वनको आगलागीको बारेमा सावधान गराउने पोष्टरहरू छापेको छ र अर्का कामका लागि प्रस्ताव बनाइर हेको छ ।

बलियो सामूहिक संस्थाको निर्माण गर्न सकिएमा मात्र वन उपभोक्ता समूहको समर्थनमा प्रभावशाली वकालत गर्न सकिने कुरामा समूहका सबै सदस्यहरूको राय थियो । तिनीहरूले यसलाई भविष्यका लागि साझा चुनौतीका रुपमा देखेका छन् ।

निर्णायक तहमा महिलाहरूको भूमिकालाई बृद्धि गर्नका लागि रणनीतिहरू

संगठनात्मक प्रस्तुति गर्नुअघि महिलाहरूको अभियानसंग सम्बन्धित् शब्दहरूको सूची तयार गर्ने कुरा सहभागीहरूले सोचे ।

- नारीको शक्ति
- स्वतन्त्रता
- महिलाहरूका लागि रोजगारीमुखी शिक्षा र शीप विकास
- रोजगारी
- समान सहभागिता

सहभागीहरू

१. राधा श्रेष्ठ, रामेछाप, नेपाल
२. कृष्ण सुवेदी, स्याङ्जा, नेपाल
३. अनिल भट्टराई, चितवन, नेपाल
४. देवी अधिकारी, सिन्धुपाल्चोक, नेपाल
५. मीना खड्का, कास्की, नेपाल
६. सुभद्रा अधिकारी, कास्की, नेपाल
७. लक्ष्मीदेवी खतिवडा, सप्तरी, नेपाल
८. उर्मिलाबैन तवियार, सबरकन्था, गुजरात
९. किन्कीदेवी सिरमौर, हिमाचल प्रदेश, भारत
१०. निमुदेवी, कुल्लु, हिमाचल प्रदेश, भारत
११. भगवती गौतम, काभ्रे, नेपाल
१२. हेमा कला, मन्डी, हिमाचल प्रदेश, भारत
१३. दिलसाद बेगम, गिल्गिट, पाकिस्तान
१४. दूर-ए-मर्जान, गिल्गिट, पाकिस्तान
१५. सुभाष मेन्धुपुरकर, जुब्बर, हिमाचल प्रदेश, भारत
१६. किरण भाटिया, काठमाण्डौ, नेपाल
१७. चण्डी प्रसाद भट्ट, चामोली, उत्तर प्रदेश
१८. शर्मिला कटुवाल, ओखलढुङ्गा, नेपाल
१९. ज्ञान कुमारी भुजेल, ओखलढुङ्गा, नेपाल
२०. श्रीमती कलावती, चामोली, उत्तर प्रदेश
२१. कमलीदेवी शर्मा, वाग्लुङ, नेपाल ।

- घर भित्र र बाहिर
- घरेलु उद्योग
- महिलाहरूको साँस्कृतिक पेवा
- महिलाहरूको संगठन
- आम अनुभव
- महिलाहरूको अधिकार

सुभाष मेन्धुपुरकर ग्रामीण कार्यबाट सामाजिक उत्थान (SUTRA) की प्रतिनिधि हुनु हुन्थ्यो । उहाँले हिमाचल प्रदेशको महिला आन्दोलनको इतिहास बताउनु भयो । रक्सीको खपत एउटा समस्याको रुपमा देखिएको थियो । महिलाहरू यसका विरुद्ध लड्न चाहन्थे । सन् १९८५ मा महिलाहरूको एउटा ठूलो समूहले राज्यको राजधानीसम्मको यात्रा गरी प्रदर्शन गर्ने निधो गऱ्यो । मदिरा र लागु पदार्थका विरुद्धमा प्रदर्शनी गरेर ध्यानाकर्षण गराउनु थियो । राज्य सरकारले यो यात्रालाई रोक्ने कोशीश गऱ्यो । सरकारले पुरुषहरूलाई आफ्नी श्रीमतीहरूलाई जुलुसमा भाग लिन जानबाट रोक्ने सल्लाह दियो । त्यतिले नपुगेर सरकारले विकासका सबै काम बन्द गर्ने धम्की दियो । यदि महिलाहरूले जुलुस निकाल्यो भने त्यस ठाउँका लागि सहयोग वन्द गर्ने कुरा समेत भन्न सरकारले बिर्सेन । त्यो धम्कीलाई चुनौती दिदै १५८ जना महिलाहरूले जुलुस निकाले, प्रदर्शन गरे र तीन दिनसम्मको यात्रा गरेर र जधानी सिमला पुगे । त्यहाँ तिनीहरूले विरोध प्रदर्शन सफलतापूर्वक गरे । यो विरोधले सरकारलाई धेरै दवाव दिन नसके पनि यसले महिलाहरूको आन्दोलनलाई उत्साहित पारेको छ, उत्साह प्रदान गरेको छ र महिलाहरूको नेतृत्वको विकासमा बाटो देखाएको छ ।

अहिले सुत्रमा चारसय महिलाहरू संलग्न छन् । तिनीहरू महिलाहरूको नेतृत्वको क्षमताको विकासमा काम गरिरहेका छन् । यो कार्यक्रमले पुलिस, अदालत, र सरकारी प्रशासनको भयबाट मुक्ति दिलाउने परिकल्पना गरेको छ । तिनीहरूमा चेतना जगाउने लक्ष्य राखेको छ । यसले देवी, चण्डी, सीता र भृकुटी जस्ता आदर्श हिन्दू नारीहरूको जीवनीको बारेमा जानकारी दिएर चेतना जगाउने अठोट गरेको छ । सुत्रले १६ वर्षदेखि १९ वर्षसम्मको अविवाहित महिलाहरूलाई भेला गराएर तिनीहरूको कानूनी र निजी अधिकारका बारेमा ज्ञान दिएको छ । कुन कुरालाई अपराध मानिन्छ, त्यसको ज्ञान दिएको छ । केटीहरूलाई सामाजिक, सरकारी र शारीरिक यातनाबाट सतर्क रहन सिकाएको छ । तिनीहरूलाई जिस्क्याउने, कुट्ने, बलात्कार गर्ने, रक्सी पसल खोल्ने, सरकारी किराना पसलबाट सामान दिन इन्कार गर्ने र यस्तै खराब कामबाट सतर्क रहन सिकाइएको छ । संगठनले विरोधको बारेमा चेतना जगाएको छ । यसले नाराहरूको बारेमा सूचना दिएको छ । आम विरोधको बारेमा जानकारी गराएको छ । यस्तै जागृतिका बारेमा अन्य कुराहरू पनि सिकाएको छ । यी सम्पूर्ण कृयाकलापहरूले महिलाहरूको अधिकारमा बृद्धि गराएको छ । महिलाहरू घरभित्रका दुःखका अनुभवहरू बाहिर व्यक्त गर्न समर्थ भएका छन् । मुख्य विषय हो - अधिकार । कार्यक्रमको मूल्यांकन गर्दा, छलफल गर्दा र नीति निर्माण गर्दा महिलाहरू कतिको लाभान्वित हुन सक्छन्, कुन अधिकार तिनीहरूले पाउँछन् र त्यसमा के कति महिलाहरू संलग्न हुन गैरहेका छन्, यी सब कुराहरूको अध्ययन हुन जरुरी छ ।

चण्डी प्रसाद भट्टले उत्तर प्रदेशको चिप्को आन्दोलन जुन वन र वातावरणसंग सम्बन्धित छ, एउटी महिला नेतृ गौरी देवीले शुरु गरेको कुरा बताउनु भयो । कसैले रुख काट्न लागेको छ र त्यो दृश्य कुनै महिलाले देखिन भने तिनी सुसेली हाल्थिन् । त्यो सुसेली सुन्नासाथ अरु महिलाहरू जम्मा हुन्थे र

रुख काट्नबाट त्यसलाई रोक्थे । यसैबाट यो आन्दोलन सुरु भएको हो । महिलाहरूले कडा र अलोकप्रीय कदम चाले । आफूहरू संगठित भए र समूदायका पुरुषहरूको दवाव र सरकारी कर्मचारीको दवाव अस्वीकार गरे । चिप्को आन्दोलन सरकारको विरुद्धमा थिएन । यो त केही नीति र कानूनको विरुद्धमा थियो । यसले वन विभागलाई आफ्नो बाटो बदल्न बाध्य बनायो । यसका अतिरिक्त महिलाहरू वनमा रुख काट्नबाट रोक्न मात्र होइन पाखोमा सुख्खा ठाउँमा वृक्षारोपण गर्नका लागि पनि संगठित भए । यो काम गर्न तिनीहरूले सरकारबाट स्वीकृत लिएनन् । आफ्नो वरिपरि चारैतिर हरियाली बनाए ।

कृष्ण कुमारी सुवेदी स्याङ्जाबाट आउनु भएको थियो । उहाँको महिला उपभोक्ता समूह त्यसै ठाउँको पुरुषसंग झगडामा फस्यो । तिनीहरू पुरुष समुदायको विपरीत धारणा राख्दथे । महिलाहरूले तीन हेक्टर जमिनमा आफैले रुख रोपेका थिए । त्यस ठाउँको हेरबिचार आफैले गरेका थिए । वन विभागले एउटा पालेका लागि मासिक रु. ४००।- उपलब्ध गराउने निर्णय गरेको थियो । यो कामको पुरुष समुदायबाट विरोध आयो । गाई भैंसी चराउने ठाउँमा तिनीहरूले वृक्षारोपण गरेर यसबाट पैसा कमाउन लागेकोमा विरोध गरे । जिल्ला वन अधिकृत महिलाहरूको समर्थनमा उत्रिए । अधिकृतले ती गाईवस्तुहरूलाई थुने । वन अधिकारीले पुरुषहरूसंग छलफल गरे । त्यस छलफल पछि तिनीहरूको दृष्टिकोणमा परिवर्तन आयो । अहिले अर्को चार हेक्टर जमिनमा वृक्षारोपण गरिएको छ । महिलाहरूले अहिले रक्सी तथा जुवाको विरुद्धमा अभियान चलाएका छन् ।

मीना पौडेलले वाच कार्यक्रमको बारेमा बताउनु भयो । यस कार्यक्रमले गाउँ-गाउँमा गएर औषधि वितरण गरेर र तरकारीका बीउहरू दिएर महिलाहरूलाई अधिकार दिलाउने परिकल्पना गरेको छ । पहिले त समुदायका पुरुषहरूले संगठनकर्ताहरूलाई महिलाहरूसंग कुरा गर्न दिन निरुत्साहित गरे । तिनीहरूको भनाई थियो - तिनीहरू अशिक्षित छन् । केही पनि जान्दैनन्, नेपाली पनि राम्रोसंग बोल्न जान्दैनन् वाचका महिलाहरू पनि कम थिएनन् । महिलाहरूसंग कुरा गर्न तिनीहरू खेतमा नै गए, बारीमा नै गए, भान्छामा नै गए । लगातार महीनौ भेटेपछि आयोजकहरूले तिनीहरूको दैनिक समस्या र संस्कृति बुझे । तिनीहरूको मुख्य समस्या थियो - अशिक्षा र घाँस र दाउरा जम्मा गर्न छ सात घण्टा लाग्ने । यसले गर्दा तिनीहरूलाई एक घण्टाको समेत फुर्सत थिएन । घाँस र दाउराको तत्कालीन समस्याबाट कामको थालनी गर्ने तिनीहरूले निर्णय गरे । यो समस्याको समाधान हुनासाथ तिनीहरूले कुनै पनि काम गर्ने समय पाउँथे । तिनीहरूले स-सना वृक्षहरू रोप्न थाले । एउटा नर्सरी स्थापना गर्न महिलाहरूको एउटा समूह गठन गरियो । वन विभागबाट ९,०००।- रुपैयाँ तिरेर विरुवाहरू ल्याइयो। यी विरुवाहरू रोप्नका लागि महिलाहरूलाई दिइयो । पुरुषहरूले महिला समूहको विरोध गरे । आफ्नो कोषमा रकम आउन थालेपछि विरोध बन्द भयो । अहिले त्यहाँ पाँच समूहहरू छन् । यसमा पुरुष समूह र महिला समूह दुबै छन् । यो सबै काम महिलाहरूले नै थालनी गरेका हुन् ।

तराईको काम पहाडबाट वसाई सरेका मान्छेहरूबाट शुरु भयो । त्यहाँ सामुदायिक वन कार्यक्रम नभएकाले वाचले महिलाहरूलाई अनौपचारिक शिक्षा दिन थाल्यो । तिनीहरूले महिलाहरूलाई व्यावहारिक शिक्षा दिए । उदाहरणका लागि मल । जव तिनीहरूले मलका बारेमा ज्ञान हासिल गरे तिनीहरू आफैले मलखाद बनाउन थाले र रसायनिक मल खरीद गर्न बन्द गरे । तिनीहरूलाई अधिकार, अन्याय, स्वतन्त्रता, अत्याचार र यस्तै यस्तै कुराहरूको जानकारी गराइयो । पछि नौ वटा शैक्षिक समूह मध्येबाट एउटा महिलाहरूको स्वतन्त्र समूह गठन गरियो । त्यस समूहले धेरै काम गर्न थाल्यो । त्यो

समूह गाउँमा खानेपानी ल्याउन सफल भयो । महिलाहरू केटी बेच्नेमा संलग्न मान्छेहरूलाई कार्यवाही पनि गर्न थाले । ११ महिलाहरूको विरुद्धमा एउटा पुरुषले अदालतमा मुद्दा दिएको छ । त्यो मुद्दा अझै चलिरहेको छ । महिला स्वतन्त्र समूहले वाचको सहयोगमा एउटा कोष खडा गरेका छन् । त्यसबाट तिनीहरू एउटा मैनवत्ती कारखाना खोल्न चाहन्छन् ।

मीनाले आफ्नो बिचार राख्दै भन्नु भयो - महिलाहरूलाई अधिकार सम्पन्न गराउन दुई कुरा चाहिन्छ । ती हुन् - सामाजिक चेतना र आय आर्जन गर्ने साधन । नेपाल र भारतका अभियान र समस्याहरू एकै किसिमका छन् । यसबाट हामीहरूले फाइदा लिन परेको छ । दुबैको अनुभवबाट फाईदा उठाउन सकिन्छ । अधिकार दिने रणनीतिले महिलाहरूको निर्णायक भूमिकामा बृद्धि हुने मात्र होइन, यसले सामुदायिक वन र मानव साधनको विकासमा समेत प्रोत्साहित गर्छ ।

स्थानीय संस्थाहरूलाई मजबुत बनाउनका लागि रणनीतिहरू: संस्थाको निर्माण, क्षमताको निर्माण र तालिम

यो सत्र संस्थागत विकासका लागि अनुभवहरूको आदान-प्रदान गरेर सुझाव दिनका लागि राखिएको कुराको स्मरण गराइएको थियो । यी सुझावहरू भोलिपल्टको देशीय सत्रका लागि मद्दतगार हुन्थे । यो समूहको प्रस्तुति आगा खाँ ग्रामीण सहयोग कार्यक्रमको बयानबाट शुरु भयो ।

आगा खाँ ग्रामीण सहयोग कार्यक्रमको तीन आधारभूत सिद्धान्त छन् । १) संगठन २) बचत र ३) क्षमता निर्माण । यसले गाउँ तथा बस्तीको तहमा ठोस आधारभूत संरचनाको विकास गरेको छ । बिभिन्न गाउँमा पुरुष तथा महिलाहरूका अलग सङ्गठनको सिर्जना गरिएको छ । महिलाहरूको संगठनमा महिलाहरू अशिक्षित भएमा मात्र पुरुषलाई सदस्य बनाउन सकिन्छ । समुदायका सदस्यहरूसंग संगठनको निर्माणका लागि मद्दत गर्न र समुदायलाई केही नाफा गर ाउने बारेमा शुरुका बार्तालाप हुन्छन् । यस्ता शुरुका बार्तालापपछि सदस्यहरू सभापति र सचिव चुन्छन् । त्यसपछि नियमित बैठक बस्ने गर्छ । सदस्यहरू समूह गठनका नियम आफै बनाउँछन् र कार्य योजनामा भाग लिन थाल्छन् । यसरी कार्य योजनामा संलग्न रहेमा नै तिनीहरूको बचतमा बृद्धि हुन थाल्छ ।

तिनीहरूको पहिलो कृयाकलाप नै बचतको परिकल्पना हो । सभाका प्रत्येक सदस्यहरू प्रत्येक सभाका लागि बचत गर्छन् । त्यो बचत आफ्नो क्षमता अनुसारको हुन्छ । त्यस सभामा एक घरबाट एकभन्दा बढी सदस्य हुन्छन्, हुन सक्छन् । प्रत्येक सभापछि गाउँको लेखापाल बचत भएको रकम बैंकमा जम्मा गर्छ । यो बचत कार्यक्रम संगठनात्मक छ । यसलाई बचत योजना भने हुन्छ । एउटा शिकारीले जसले शिकारको स्वीकृति पाउँछ, उसले ७,५००।- देखि २५,०००।- सम्म (यु.एस.डलर ३,०००) सरकारलाई तिर्नु पर्छ । सरकारले त्यो प्राप्त रकमबाट आगा खाँ ग्रामीण सहयोग कार्यक्रमलाई ७५ प्रतिशत रकम दिन्छ ।

सहभागीहरू

१. सोसान कुर्वान, गिल्गिट, पाकिस्तान
२. अलि शाह, गिल्गिट, पाकिस्तान
३. जर्ज पाग्लिनावान, फिलिपिन्स
४. डेनिस डेस्मोण्ड, भूटान
५. बुम्पेन केवोवान, थाइल्याण्ड
६. मुरारीलाल, चामोली, उत्तर प्रदेश
७. कृष्ण देवी, चामोली, उत्तर प्रदेश
८. निमु देवी, कुल्लु, हिमाचल प्रदेश
९. जी.राजु, अहमदावाद, गुजरात
१०. कुलभूषण उपमन्यू, चम्बा, हिमाचल प्रदेश, भारत
११. कुलदीप बर्मा, सिरमौर, हिमाचल प्रदेश, भारत
१२. नारायण काजी श्रेष्ठ, काठमाण्डौ
१३. नन्दलाल मजदी, सुनसरी, नेपाल
१४. सेमाई चौधरी, सुनसरी, नेपाल

सबै समुदायसंग बचत गर्नका लागि कोष नहुन सक्छ । त्यसकारण आगा खाँ ग्रामीण सहयोग कार्यक्रमका अन्य पाँच योजनाहरू छन् : कृषि, बजार, वन, लेखा र गाईवस्तु । यिनीहरूबाट समुदाय लाभान्वित हुन्छन् । त्यो कसरी भने यी पाँच विभाग ग्रामीण सहयोग कार्यक्रमका हुन् । प्रत्येक विभागमा एउटा विशेषज्ञ राखिएको हुन्छ । त्यो विशेषज्ञ गाउँ-स्तरको संस्थामा जान्छ । त्यसले तालिमका अतिरिक्त प्राविधिक सहयोग उपलब्ध गराउँछ । त्यसमा तालिम मात्र समावेश हुँदैन, बचत योजना पनि हुन्छ । त्यसका लागि सहयोग उपलब्ध गराउँछ । त्यसबाट समुदायहरूमा बचत गर्ने क्षमतामा बृद्धि हुन्छ । त्यसपछि कृष्ण देवीले उत्तर प्रदेशको महिला मंगल दलको परिचय दिनु भयो। चिप्को आन्दोलनको यस क्षेत्रमा यो समूह प्राथमिक रुपमा वन संरक्षणमा संलग्न रह्यो । यो समूहको गठन भएको दश वर्ष भैसकेको छ । अझै पनि यो समूह अनौपचारिक छ । प्रत्येक गाउँका लागि यी समूहहरू विशेष प्रकारका छन् । कतै फलफूलहरू जम्मा गरिन्छ र त्यसबाट आम्दानी गरिन्छ । महिलाहरूले एउटा रोजगार केन्द्रको स्थापना गरेका छन् । यसका लागि व्यवस्थापनको आवश्यकता छ । रोजगार केन्द्रमा सबै काम शीपमूलक हुनु पर्छ ।

सर्वोदयका मुरारी लालले क्षमता निर्माणको सम्बन्धमा बताउनु भयो । वर्षको दुई पल्ट कृषि, वन, माहुरी पालन र उन बनाउने काममा तालिम दिइन्छ । संस्थाले नयाँ किसिमको प्रविधिको परिचय गराएको छ । अलि अलि पढेका गाउँले आइमाईहरूलाई तालिमका लागि छनौट गरिन्छ । महिलाहरूको भूमिकालाई महत्वपूर्ण स्वीकारिएकाले तिनीहरूको विकासका लागि रणनीति बनाइन्छ । तालिम लिइसकेका आइमाईहरू आफ्नो ठाउँमा फर्कन्छन् र अरु आइमाईहरूलाई तालिम दिन्छन् । यो समूहले एउटा नर्सरी पनि संचालन गरेको छ । विरुवा रोप्ने समयमा यसले बेर्नाहरूको आपूर्ति गर्छ र स्थानीय उत्पादनलाई बजारको लागि मद्दत गर्छ । रुख बचाउनका लागि शुरु गरिएको यो अभियान अहिले आएर महिलाको विकास र तालिम दिने संस्थाको रुपमा विकसित भएको छ ।

जर्ज पाग्लिनावानले फिलिपिन्सको आफ्नो समूहको अनुभव बताउनु भयो । मान्छेहरूले तिनीहरूको आधारभूत आवश्यकताका बारेमा काम नगरेसम्म प्रतिकृया देखाउँदैनन् । उहाँको गैर-सरकारी संगठनले आवश्यकताको पहिचान गर्ने कामलाई पहिलो चरणको रुपमा प्राथमिकता दिएको छ । बिभिन्न संगठनात्मक उद्देश्यहरू पूरा गराउन, बिभिन्न समितिहरू बनाइएका छन् ।

"धेरै मान्छेको छनौट गरिन्छ र बिभिन्न समितिका लागि तालिम दिइन्छ । कहिलेकाही समूहले राजनीतिक पक्षबाट काम शुरु गर्छ खासगरेर महिला र गरीब घरका मान्छेहरूलाई तालिम दिइन्छ । हामीहरू समुदायभित्र राजनैतिक प्रश्न खडा गर्छौं जस्तो कि कसका लागि कसले निर्णय गर्छ ? सामुहिक निर्णयमा म कसरी सहभागी भैरहेको छु? सबै कुरा गाउँमा छलफल हुनु पर्छ ।

सर्वप्रथम सबभन्दा बढी बोल्नेलाई हामीहरूले चिन्नु पर्छ र जो कम बोल्छ तर सही कुरा बोल्छ त्यस्तालाई छुट्याउनु पर्छ । समुदायको निर्माण गर्दा शुक्ष्म रुपले बिचार पुऱ्याएर गर्नु पर्छ । त्यहाँ बिभिन्न किसिमका मान्छेहरू हुनु पर्छ । संस्थाको निर्माणमा जव मान्छेहरू भेला हुन थाल्छन् तिनीहरूको सम्भावित नेता छान्नु अघि समुदायका सदस्यहरूले कसलाई छान्नु पर्ने हो थाहा पाउनु पर्छ। समितिको निर्माण आवश्यकताको निर्माणमा आधारित छ । तालिम त्यहींबाट शुरु हुन्छ । पहिलो प्रश्न नै उठ्छ कसलाई तालिम दिनु पर्छ ? हामीहरू उदारतामा आधारित शिक्षाबाट शुरु गर्छौं । खुल्ला

सूचनाबाट समुदायले आफ्नो खास आवश्यकता छुट्याउँछ र मान्छेहरू अरु खास आवश्यक विषयलाई पछ्याउँछन् र तालिम सार्थक हुन्छ ।

शुरुका केही तालिमहरू समाप्त भए पछि समुदाय समूह बन्न जान्छ । त्यसले लगभग सब काम गर्छ तालिमको प्रवन्ध, नर्सरी शुरु गर्न के गर्नु पर्छ इत्यादि । सकभर तालिम समुदायमा गरिन्छ । गैर-सर कारी संस्थाले प्राविधिक सहयोग गर्छ जुन स्थानीय तहमा प्राप्त गर्न सकिदैन । हामीहरू आफैसंग सबै क्षेत्रको ज्ञान हुनु जरुरी छ । प्रत्येक तालिमको पाठ्यक्रममा सिकेको कुराको व्यावहारिक प्रयोग ज्यादै नै महत्वपूर्ण छ । वास्तविक रुपमा गरिएको काम सही हुनु पर्छ । हामीहरू नियम र विधानमा उदार ता अपनाउन जोड दिन्छौं । रेख-देख र मूल्यांकन, आलोचना स्वीकार्न सक्ने उदार सदस्यहरू पनि त्यतिकै महत्वपूर्ण हुन् ।"

कुलभूषण उपमन्युले हिमाचल प्रदेशको आफ्नो समुदायसंग एउटा गैर-सरकारी संस्था भएको कुरा बताउनु भयो । उहाँले त्यहाँको एउटा सामुदायिक संगठनले क्षमता निर्माणमा बिभिन्न किसिमबाट काम गरिरहेको कुरा बताउनु भयो । तिनीहरूले प्राकृतिक साधनको संरक्षणमा काम गर्ने बिचार गरि सकेको कुरा पनि बताउनु भयो । त्यसका लागि एउटा राज्य-स्तरको कार्य समूह गठन गरिएको छ । त्यसले वातावरण सम्बन्धी काम गर्नेछ । यो सामुदायिक संगठनले भावनात्मक कुरामा जोड दिएको छ। सामुदायिक भावना र प्राकृतिक साधन, यिनीहरूलाई उदाहरणका रुपमा लिन सकिन्छ । यस संस्थाले सामुदायिक संगठनसंग मिलेर काम गर्न थाल्नु अघिसम्म यो गैर-सरकारी संस्थाले समुदायको आवश्यकतालाई सम्हाल्न सकेको थिएन । अहिले एउटा कार्य समूह खडा भैसकेको छ । यसमा गैर-सरकारी संस्था र गैर-सरकारी संस्थाका कामदारहरूले प्राकृतिक साधनको बारेमा तालिम प्राप्त गरिसकेका छन् र जनताको सवाललाई कसरी हल गर्ने जानिसकेका छन् । यसलाई सामुदायिक अभियानको रुपमा काम गर्न सक्ने बनाउनु नै तालिमको मुख्य रणनीति हो । तालिमले समस्याको अनुगमन गर्छ र त्यसलाई अगाडि बढाइन्छ । अहिले गैर-सरकारी संस्थाहरूको एउटा नेटवर्क र समुदायमा आधारित संगठनको निर्माणमा प्रयत्न भैरहेको छ । यो नेटवर्कले प्राकृतिक साधन स्रोतसंग सम्बन्धित समस्यामा आफै काम गर्छ : जस्तो पानी, जग्गा, वन :

नारायण काजी श्रेष्ठले बताउनु भयो- उपभोक्ता समूहको शुरुवात्ले नेपालमा संस्थागत रुप लिएको छ । राष्ट्रियकरणले स्वदेशी वन व्यवस्थापन प्रथालाई मासेको थियो । जव पंचायत संरक्षित वन स्थानीय अधिकारीहरूलाई हस्तान्तरण गरियो, तिनीहरूले अधिकारको दुरुपयोग गरे र संरक्षित वनलाई सुरक्षा दिनुको साटो मासे । यो दृश्य पछि केही समुदायलाई वन कसरी संरक्षण गर्ने त्यस बारेमा काम गर्न केही अधिकार दिइयो । तिनीहरू यसमा सफल भए । यस्तो पनि देखापऱ्यो जहाँ वन विभागले हात हालेको छैन वन राम्रो छ । परम्परागत प्रथाले काम गरिरहेको छ । जनताहरू वनको नजिकै बसेका छन् र बास्तविक रुपमा वनको उपयोग गरिरहेका छन् । त्यसो हुनाले तिनीहरू वनको संरक्षण गर्नेछन् । शक्तिशालीलाई अधिकार दिएमा विनासको बाटो देखिन्छ । किनकि तिनीहरू पैसा कमाउन चाहन्छन् ।

१९७८ र १९८४ को बीचमा ४१३ उपभोक्ता समितिहरूको गठन भएको थियो तर प्राय:जसो सदस्यहरू पढेलेखेका ठूला बडा थिए । तिनीहरू कहिल्यै वनमा जाँदैनथे । नेपालमा सामुदायिक वनको शुरुवात् दाताहरूबाट भएको हो । तिनीहरू अंग्रेजीमा कार्यगत योजनाको माग गर्थे । यस अवस्थामा वन समितिहरू के गर्नु पर्छ जान्दैनथे । त्यसकारण तिनीहरूले काम गरेनन् । वन संरक्षण र वृक्षा-

रोपणमा नै ध्यान केन्द्रित गरिएको थियो । थुप्रै धनराशी खर्च भयो र यो रकम पंचायतका पदाधिकारीहरूको पकेटमा गयो । एउटा नयाँ किसिमको शुरुवात् र एउटा नयाँ प्रकृयाको आवश्यकता थियो । साधारणतया वन ऐन र विधानका बारेमा कसैलाई पनि थाहा थिएन । वनका कर्मचारीहरू पनि यसमा अनभिज्ञ थिए । त्यसकारण सरकार र वन परियोजनाहरूले वन विभागलाई स्थानीय जनतासंग मिलेर काम गर्न सक्ने बनाउनतिर काम गर्न शुरु गरे । शुरुका दुइटा तालिम कार्यक्रमले के देखायो भने जिल्ला वन अधिकारीहरू यो तालिम प्रकृयामा सहभागी हुन चाहँदैनन् । जे भए पनि समुदायलाई वन हस्तान्तरण गर्ने अधिकार वन अधिकृतहरूलाई मात्र थियो ।

वनलाई हस्तान्तरण गर्ने प्रकृयामा गाउँको सामाजिक आर्थिक विश्लेषण गरिएको थियो । गाउँलाई ८-१० जनाको ईच्छित समूहमा लक्ष्य गरेर विभाजित गरिएको थियो । वनलाई कसरी व्यवस्था गर्ने त्यसका लागि आफ्नै नियम बनाउन तिनीहरूलाई प्रोत्साहित गरिएको थियो । ठूलो भेलामा शक्तिशाली मान्छेहरूबाट हुने थिचोमिचोबाट जोगाउन यो एउटा प्रयत्न थियो । झगडा गर्ने समूहहरूलाई छलफल गर्न एकै ठाउँमा ल्याइयो र कुरा टुङ्गो लगाउन ठूलो भेला गर्ने निर्णय गरियो । एउटा कार्य समिति बनाउने कि नबनाउने भन्ने बारेमा नियमले व्यवस्था गर्ने कुरा आयो । यदि समिति स्थापित भयो भने यसले नियमको पालना गर्नु पर्ने हुन्छ । वन विभागले नियमहरूलाई स्वीकृती दिएपछि, वन हस्तान्तरण गर्न सकिन्छ ।

गुजरातका जी. राजुले – गाउँ-स्तरको सरकारी संस्थाहरूको क्षमता बृद्धिका बारेमा कुरा गर्नु भयो । क्षमता निर्माणका लागि गुजरातका बिभिन्न जिल्लाहरूमा बिभिन्न संघहरू भएको कुरा उहाँले जानकारी गराउनु भयो । त्यसका लागि त्यहाँ तालिमको व्यवस्था पनि छ । तिनीहरू सूचनाको आदान-प्रदानका लागि आफू मध्येबाट नै संगठित हुन्छन् ।

डेनिस डेसमोण्डले – भूटानको अवस्थाको बारेमा बताउनु भयो । उहाँले वन कर्मचारीहरूलाई पुन: ज्ञान दिएर सक्षम वनाउन खाँचो भएको कुरा बताउनु भयो । तिनीहरूको दृष्टिकोणमा परिवर्तन ल्याउनुका साथसाथै तालिमको आवश्यकता भएको कुरा पनि बताउनु भयो । सामुदायिक वन कार्यक्रमको कार्यान्वयनका लागि ज्ञान र शीपको सम्बन्धमा एउटा सम्भावित काम के हुन सक्छ भने माथिल्लो तहमा वैदेशिक अध्ययन भ्रमणमा बृद्धि गर्नु पर्छ । जहाँ मुख्य दृष्टिकोणमा नै परिवर्तन ल्याउन आवश्यकता छ त्यस्तो अवस्थामा सामाजिक वनको बिस्तारित क्षेत्र तहसम्म पनि यस्ता भ्रमणको आवश्यकता छ ।

बुम्पेन केवोवानले थाइल्याण्डको बारेमा बताउनु भयो । त्यहाँ सामुदायिक वनबाट कुन उत्पादनको आवश्यकता छ त्यो कुरा निर्वाचित गाउँ समितिले निर्णय गर्छ । अहिलेसम्म वनबाट प्राप्त हुने सबै उत्पादनहरू समितिका सदस्यहरू बीचमा वितरण गरिन्छ र बिक्री गरिदैंन । आम्दानीहरू गाउँ विकास समितिको कोषमा जम्मा गरिन्छ । त्यो आम्दानी उपभोक्ता समितिको कोषमा जम्मा हुँदैन । सामुदायिक समुन्द्रको सम्बन्धमा जहाँसम्म कुरा छ प्रत्येक माझीहरू स्वत: सदस्य हुन्छन् ।

नीति, नियम र विधानलाई सामर्थ्य बनाउनका लागि रणनीतिहरू

यस समूहमा सहभागीहरूले आफ्नो देशको अवस्थाको बारेमा चर्चा गरे ।

भारत

गुजरातमा सरकार र राजनीतिज्ञहरू वनका लागि कानून बनाउँछन् । जनताहरू त्यसको परिणामबाट कहिल्यै खुशी छैनन् । जनता भन्दा बढी नाफा सरकार कमाउँछ । नीति निर्माणमा जनताहरूलाई कहिल्यै संलग्न गराइदैन र सरकारको नीति जहिले पनि असफल हुन्छ । समुदायलाई फाइदा हुने भएमा मात्र नीतिले काम गर्छ त्यसकारण सरकारले जनताको आवश्यकता र मागलाई ध्यान दिनु पर्ने हुन्छ।

नेपाल

राजनीति नै मुख्य बाधा हो । नियम र विधानहरूलाई मान्छेहरू अधिकारका साथ घुमाइरहेका छन् । उदाहरणका लागि नापी, तीस वर्षदेखि भैरहेको छैन । सरकार यस्तोमा जसले स्वामित्वको दावा गर्छ त्यसलाई नै स्वामित्व दिइरहेको छ । धेरै मान्छेहरू आफ्नो जमिनको अधिकारबाट बंचित छन् । नीति प्रष्ट हुनु पर्छ । अस्पष्टता रहनु हुँदैन । वन ऐन र कानूनहरू प्रकाशित छन् तर ती कार्यान्वयन भएका छैनन् । यसका अतिरिक्त वन विभागबाट छुट्याउने आर्थिक सहयोग बिभिन्न क्षेत्रको अवस्था अनुसार हुनु पर्दछ । सामान्यतया कृषि वनमा जोड दिनु पर्छ र विद्यमान प्राकृतिक वन हस्तान्तरण हुनु पर्छ ।

फिलिपिन्स

गैर-सरकारी संस्थाहरूले फिलिपिन्सको सुख्खा ठाउँमा रुख लगाउन जोड दिए तर फाइदाको बाँड-फाँड भएन । समुदायलाई श्रम र ज्याला मात्र दिइयो । जव प्रशासनमा परिवर्तन आउँछ त्यतिखेर नीतिमा पनि परिवर्तन आउँछ ।

थाइल्याण्ड

सरकारसंग सामुदायिक वन नीति छैन । परम्परागत व्यवस्थापन विद्यमान छ । सरकारले व्यापारिक मूल्यलाई जोड दिन्छ जुन आवश्यकता अनुसार परिवर्तन भैरहन्छ । पटक पटकको अनुरोध पछि सर कारले नीति बनायो, तर त्यहाँ अझै पनि केही असहमती छन् । त्यो कुरा मिल्ने प्रकृयामा छ ।

पाकिस्तान

आगा खाँ रुरल सपोर्टको सिद्धान्त सरकारद्वारा देशभरमा प्रतिबिम्बित भएको छ । नीति परिवर्तनका लागि प्रभाव पार्न राजनैतिक शक्ति चाहिन्छ। सामाजिक वनको कार्यान्वयन पनि यसमा समावेश छ । AKRSP सामाजिक वनको राष्ट्रिय समन्वय समितिको सदस्य पनि छ । यो समितिलाई बलियो बनाउन सहयोग जुटाइरहेको छ ताकि नीति निर्मातालाई प्रभाव पार्न सकियोस् ।

यसका अतिरिक्त AKRSP तल्लो तहको तालिममा संलग्न छ र १२,००० गाउँले विशेषज्ञहरू तयार गरेको छ । त्यसमा ७०० वन विशेषज्ञहरू

सहभागीहरू

१. अली गुहार, गिल्गिट, पाकिस्तान
२. पिन्दरमसाक मकाराभिरोम, थाइल्याण्ड
३. फेलिसिशीमा पियाला, फिलिपिन्स
४. खगेन्द्र सिक्देल, रामेछाप, नेपाल
५. झालाभाई रथ्वी, अहमदावाद, गुजरात
६. गणेश बहादुर कार्की, दोलखा, नेपाल
७. बुम्पेन केववान, थाइल्याण्ड
८. डिन सिंग्टो, थाइल्याण्ड
९. एम.डी. मिस्त्री, सवरकण्ठ, गुजरात

समावेश छन् । यी मान्छेहरू स्थानीय जनताका लागि गाउँमा काम गर्छन् र गाउँको बचतबाट तिनीहरूको पारिश्रमिक दिइन्छ ।

नीति र नियमहरू बलियो हुनु नै समुदायमा आधारित साधन व्यवस्थापनको सफलताको पूर्व शर्त हो भन्ने कुरा यो समूहको निष्कर्ष थियो । तर पनि वकालत र नेटवर्कलाई रणनीतिका रुपमा पहिचान गरिएको छ । त्यसले नीतिलाई समर्थन बनाउन मद्दत गर्न सक्छ । उपभोक्ता समूहलाई टेवा दिन राष्ट्रिय संस्थाको सिर्जना गर्न आवश्यक भएको कुराको अनुभव गरेको कुरा तिनीहरूले बताए ।

	नेपाल	भारत	पाकिस्तान	फिलिपिन्स	भूटान
कानून	१९९३	१९२७	१९७७	?	१९७२ मा मस्यौंदा १९९३
सामुदायिक वन माथि विज्ञप्ति	हो	होइन	होइन	हो	हो
अन्य सरकारी उपायहरू	–	१९९१ मा सरकारी आदेश	–	सामाजिक वन/सामुदायिक वन निर्देशिका	आन्तरिक सामाजिक वन/सामुदायिक वन र नियमहरू
नियमहरू	१९९५	राज्यभूमि पृथकीकरण			
द्विपक्षीय साझेदारको भूमिका	उच्च	निम्न	सामान्य	सामान्य	उच्च
अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था	उच्च	निम्न	निम्न	सामान्य	उच्च
गैर-सरकारी संस्था	सामान्य	उच्च	सामान्य	उच्च	निम्न

सातौं दिन मे २७, १९९५ शनिवार

बिहानको सत्र, देशीय कार्य योजनाको तयारीका लागि छुट्याइएको थियो । निर्देशित सिद्धान्त, धारणामा आधारित थियो । त्यो के हो भने हामीहरूले पृथ्वीलाई बदल्न सक्तैनौं, तापनि हामीहरू साना काम गर्न सक्छौं । यदि हामीहरू मिलेर काम गर्यौं भने बढी काम गर्न सक्छौं । सहभागीहरूलाई कार्य योजना तयार गर्दा निम्न प्रश्नहरूलाई ध्यानमा राख्न जोड दिइएको थियो । हामी एक्लैले के गर्न सक्छौं ? हामी मिलेर के गर्न सक्छौं ?

छ भाषामा यी प्रश्नहरू सोधेर पोष्टर तयार पारिएको थियो र त्यो पोष्टर कार्यशालामा राखिएको थियो । ती छ भाषा हुन् : नेपाली, हिन्दी, अंग्रेजी, गुजराती, तागालोग र थाई । एउटा सहभागीले के भन्नु भयो भने धेरै सूचनाहरू बाँढियो र महत्वपूर्ण प्रश्न के छ भने यो नयाँ ज्ञानलाई कसरी उपयोगमा ल्याउने यसलाई के गर्ने?

यो पूर्ण सत्र पछि थाइ र फिलिपिन्सका सहभागीहरू प्रस्थान गर्ने कुरा तोकिएको थियो । यसकारण धेरै सहभागीहरूले बिदाई गर्ने मौका पाए । तिनीहरूले चेतनाका लागि आफ्नो गाउँ, योजना, स्थल र क्याम्प आउन निम्ता दिए । सहभागीहरूलाई गर्वको अनुभव भैरहेको थियो । यति धेरै ठाउँका धेरै मान्छेलाई एकै ठाउँमा भेला गराएर कार्य पूरा भएकोमा उनीहरू हर्षित थिए । यदि हामीहरूले मिलेर काम गर्यौं भने हामीहरूले धेरै गर्न सक्छौं । कठिनाईहरूलाई बिसौं ।

देशीय कार्य योजना र रणनीतिहरू

पाकिस्तान

प्रश्नबाट प्रस्तुति शुरु भयो – "यो कार्यशालाको परिणाम स्वरुप AKRSP ले आफ्नो गाउँको संगठनमा के सुधार र परिबर्तन ल्याउँछ ?

पाकिस्तानका उत्तरी क्षेत्रका लागि कार्य योजना

गाउँको संगठनमा कस्तो सुधार ल्याउन सकिन्छ ?

परम्परागत रुपमा, यी क्षेत्रका महिलाहरू सामुदायिक वन विकासको कृयाकलापमा संलग्न थिएनन् । वनको विनास पछि काठपातको साधन पूरै समाप्त भयो र महिलाहरूले आफैले काठपातको विकास गर्न शुरु गरे । यसका अतिरिक्त तिनीहरूले पुरुषहरूलाई वृक्षारोपण र अन्य वनको कृयाकलापमा व्यावहारिक मद्दत पुऱ्याउन थाले । त्यसले गर्दा तल दिएको कुरामा ध्यान पुऱ्याउनु पर्ने देखियो ।

- महिलाहरूलाई वन सम्बन्धी अतिरिक्त तालिमको आवश्यकता छ ।
- महिलाहरूलाई पुरुषलाई घच्घच्याउनका लागि, महिला अधिकारका लागि र महिलाहरूका लागि उदार आधारभूत सामाजिक संरचना खडा गर्न, सहयोगी संस्थाको सहयोगको आवश्यकता छ ।
- महिलाको उदार सामाजिक आधारभूत संरचनाको विकासमा धार्मिक, साँस्कृतिक, भाषिक र भौगोलिक बाधा छ उदाहरणका लागि संगठन, संघ इत्यादि खोल्न अबरोध छ, तापनि कार्यशालाले अन्तर्राष्ट्रिय तहमा समेत महिलाहरू भाग लिन सक्छन्, त्यो क्षमता राख्छन् भन्ने कुराको ज्ञान फैलाएको छ । AKRSP त्यस क्षेत्रका महिलाहरूका लागि एउटा आधारभूत संरचनाको निर्माणका लागि कोशीश गर्न प्रतिबद्ध छ ।
- कार्यशालाले सामुदायिक वनमा काम गरिरहेका धेरै संगठनहरूको र विकास संस्थाहरूको परिचय गराएको छ । इसिमोडको सहयोगमा AKRSP अन्य परियोजनाहरूबाट ज्ञान प्राप्त गर्ने अवसर लिन चाहन्छ ।

नीति निर्माणमा **AKRSP** को भूमिका

- नीति निर्माणमा AKRSP को भूमिकालाई प्राथमिकता दिने AKRSP ले निर्णय गरिसकेको छ। यसका लागि सेमिनार र कार्यशालाको आयोजना गरेर योजना स्थलमा नीति निर्माणलाई पुऱ्याएर नीति निर्माणमा तिनीहरूलाई AKRSP ले घच्घच्याउने क्षमता राख्छ ।

- पाकिस्तानको सामाजिक वन कार्यक्रमहरूको राष्ट्रिय समन्वय समितिको एउटा सदस्यको हैसियतले यस समितिलाई बलियो बनाउन सहयोग गरेर नीति निर्मातालाई प्रभाव पार्न सक्छ ।
- AKRSP को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग राम्रो सम्बन्ध छ । नीति निर्मातालाई प्रभाव पार्न तिनीहरूको पनि उपयोग गर्न सकिन्छ ।
- AKRSP ले गाउँ तथा घना बस्तीहरूको तहसम्म आधारभूत संरचनाको विकास गरेको छ । AKRSP को सिद्धान्तलाई पाकिस्तान भरमा सरकारले नै उतारेको छ । यसलाई नीति परिवर्तन गराउनका लागि राजनैतिक शक्तिको रुपमा सजिलै प्रयोग गर्न सकिन्छ ।

तल्लो तहमा तालिम :- AKRSP ले १२,००० भन्दा बढी ग्रामीण विशेषज्ञहरूको तयार गरेको छ । (त्यसमा ७०० जति ग्रामीण वन विशेषज्ञ छन्) यसका अतिरिक्त देश विदेशबाट व्यावसायिक तालिम दिनेहरूलाई बोलाएर AKRSP ले तालिमको सुविधा उपलब्ध गराउन सक्छ । तालिम प्राप्त दलले गर्दा किसानको प्राविधिक क्षमतामा विकास भएको छ ।

भुटान

डेनिस डेसमोण्डले संयुक्त राष्ट्र संघको स्वयम्सेवकका हैसियतले आफ्नो व्यक्तिगत कार्य योजना प्रस्तुत गर्नु भयो ।

"मेरो नियुक्ति दुई वर्षको लागि हो । भूटानको सामुदायिक वन कार्यक्रमलाई बलियो बनाउने काममा सहयोग गर्नु मेरो दायित्व हो । त्यसकारणले सम्पूर्ण भूटानको कार्य योजनाको बारेमा म बताउन सक्तिन तर पनि मैले व्यक्तिगत रुपमा कार्य योजना बनाएको छु । मैले यस कार्यशालाले अपेक्षा गरे अनुसार मैले यसलाई वर्गीकरण गरेको छु ।

नीति नियम र विधान

नीति र नियमहरू भूटानको विधान सभाबाट पास हुन्छन् । त्यहाँ केही मात्रामा जनसहभागिता भएता पनि नियम र विधान बनाउने कुरामा भने वन सेवा विभागले निर्णय गर्छ । छलफलबाट सामाजिक वनका नियमहरूमा संशोधन गर्दा सकारात्मक परिणाम निस्कन सक्छ । यदि त्यस्तो हुन सकेमा र छलफल शुरु भएमा म सल्लाह दिनेछु । वन सेवा विभाग मात्र संलग्न गराएर पुग्दैन त्यसमा जिल्ला प्रशासनलाई पनि संलग्न गराउनु पर्छ । त्यसपछि मात्र नियमहरूमा संशोधन गर्नु पर्छ । यो जनताको तहमा जानका लागि एक प्रकारको प्रथम पाइला हो ।

लैंगिङ्ग र समानताको समस्या

सबभन्दा मूख्य सवाल के छ भने वन सेवा विभागमा पेशेवर महिलाको अभाव छ । यो त्यस्तो कुरा हो जुन म प्रभाव पार्न सक्तिन । तर म यसलाई उल्लेख गर्नेछु । दोश्रो कुरा सामुदायिक वन निर्देशिका जुन बन्दैछ, त्यसमा महिला र इच्छुक समूह प्रति ध्यान पुऱ्याइएको छैन । म वन उपभोक्ता समिति पहिचान गरेर मात्र समितिको निर्माण गर्ने र व्यवस्थापन योजनाको तयारी गर्नु पर्ने कुरामा परिवर्तन

ल्याउनु पर्ने राय दिनेछु । वकालत नेटवर्क र उपभोक्ता समितिहरू बीचको समन्वय अहिलेको प्राथमिक समस्या होइन । किनभने अहिलेसम्म त्यहाँ उपभोक्ता समिति मञ्च नै छैन ।

तालिम/क्षमता निर्माण र अनुभवको आदान-प्रदान

म तालिम र क्षमताको निर्माणमा काम गर्नेछु । त्यसैसंग अनुभवको आदान-प्रदान पनि जोडिएर आउँछ। त्यहाँ वनका कर्मचारीहरूलाई ज्ञान दिनु आवश्यकता छ । तिनीहरूको दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी छ र यसका साथै तिनीहरूलाई तालिमको पनि आवश्यकता छ । सामुदायिक वन कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक सम्बन्धित विषयको ज्ञान र शीपका सम्बन्धमा विदेशमा वढी अध्ययन भ्रमणमा पठाउनु पर्नेछ । खासगरि छिमेकी मुलुकमा पठाउँदा लाभदायक हुन्छ । यसमा वरिष्ट वन अधिकारीलाई पठाउनु पर्छ, किनभने पहिले त तिनीहरूको दृष्टिकोणमा पूरै परिवर्तन ल्याउन आवश्यक छ । यसका साथ साथै म सरहका सामाजिक वन विस्तार योजनामा कार्यरत मेरा साथीहरूलाई पनि अध्ययन भ्रमणको आवश्यकता छ । केही शिक्षकहरूलाई पनि यसमा समावेश गर्नु पर्ने हुन्छ । भूटानमा दुइटा वन सम्बन्धी संस्था छन् । एउटामा वन पालेलाई तालिम दिइन्छ र अर्को दश जोड तीन वर्षको तालिम दिइन्छ । यो जिल्लाका रेन्जरका लागि दिइने तालिम हो । तिनीहरू नै जिल्लाका सामुदायिक वन कार्यान्वयन गराउने वास्तविक कर्मचारी हुन् । मलाई विश्वास छ भविष्यमा हामीहरूले वन उपभोक्ता समितिका केही सदस्यहरू अध्ययन भ्रमणमा र यस्ता कार्यशालामा आएको देख्न पाउने छौं ।

अर्को क्षेत्र हो बिस्तारित सामाग्रीको विकास । हाम्रो शाखाले भूटानको वनमा के भैरहेको छ त्यसको ताजा कृयाकलाप सहितको पत्रिका निकाल्ने गरेको छ । म यस पत्रिकाको दृष्टिकोणलाई व्यापक बनाउने कोशीश गर्नेछु । सामुदायिक वन सम्बन्धी अन्य देशहरूमा के भइरहेको छ त्यो कुरा समावेश गरेर बिचारको आदान-प्रदान गर्ने काममा मद्दत पुऱ्याउने छु । त्यसमा अन्य देशमा भएका तालिम र कार्यशालाको सूचना पनि प्रकाशित गर्नेछु । मैले समावेश गरेका निर्देशिका नियमहरू प्रकाशित गर्नेछु र यसलाई गाउँको तहमा बुझ्न सक्ने गरी सरल गराउने छु । अहिले लेखिएका यी कुराहरू बढी प्राविधिक दृष्टिकोणका छन् । यी कृयाकलाप मध्ये केहीको कार्यान्वयनका लागि मैले भूटानमा दाताहरू बीचमा राम्रो समन्वय राख्ने बिचार गरेको छु ।"

थाइल्याण्ड र फिलिपिन्सका सहभागीहरूले यो सत्र अघि नै प्रस्थान गर्नु पर्ने भए तापनि तिनीहरूले पूर्ण सत्रका लागि एउटा कार्य योजना बनाएका थिए ।

थाइल्याण्ड

गाउँ तह र सामुदायिक तह

- १४ प्रान्तमा सामुदायिक वनका लागि सूचनाको संकलन, लक्ष्य र उद्देश्य निश्चित गर्न कार्यशाला र सेमिनारको आयोजना गर्ने
- सामुदायिक विकासका लागि कार्यगत योजना माथि सेमिनारको आयोजना गर्ने

- गाउँमा वृक्षारोपणको कृयाकलाप कार्यान्वयन गर्ने
- सामुदायिक वनको विकासका लागि नयाँ क्षेत्रमा सहभागितामूलक कार्य र कार्यगत अनुसन्धान गर्ने
- गाउँको तहमा सामुदायिक वन समूहको कृयाकलापमा प्रवर्धन गर्ने

उप-क्षेत्रीय तह

- उप-क्षेत्रीय र क्षेत्रीय बिस्तारका लागि सहयोग गर्ने
- क्षेत्रीय सेमिनार गराउने
- सामुदायिक वनको कार्यान्वयनका लागि निर्देशिकाको समीक्षा र विकास गर्ने
- प्राकृतिक व्यवस्थापन र खासगरि सामुदायिक वन सम्बन्धी बन्ने नीतिहरूमा राष्ट्रिय संस्थालाई सहयोग गर्ने

राष्ट्रिय तह

- राष्ट्रिय तहमा सामुदायिक वनको लागि नेटवर्कलाई बल पुऱ्याउने, सामुदायिक वनका लागि बार्ता गर्न जोड दिने
- थाइल्याण्डमा सामुदायिक वन कार्यान्वयनका लागि निर्देशिकाको मस्यौदा गर्ने
- सामुदायिक वन ऐन प्रकाशमा ल्याउन सरकारलाई सम्झाउने

फिलिपिन्स

स्थानीय समुदायसंग परामर्श

- शिक्षा र सेमिनारहरू
- सूचनाको प्रवाह
- PRA गोष्ठी

क्षेत्रीय

- क्षेत्रीय गैर-सरकारी संस्थासंग परामर्श
- स्थानीय गैर-सरकारी संस्थासंग नेटवर्कको स्थापना

राष्ट्रिय

- सभालाई प्रभाव पार्ने
- नीतिहरू

संस्थागत

- नेटवर्क – पुस्तक प्रकाशन, पत्रिका प्रकाशन, सूचनाको आदान-प्रदान
- एकताका काम – सम्मेलन र सेमिनारहरू
- भ्रमणको आदान-प्रदान

भारत

भारतको राष्ट्रिय प्रस्तुति थियो । त्यसमा संयुक्त वन व्यवस्थापन र वन साधन जसले सबै राज्यलाई प्रभावित गरेको छ, त्यससंग सम्बन्धित समस्याहरूको व्याख्या गरिएको थियो । यसका अतिरिक्त सहभागीहरूले आफ्नो स्थानको–राज्यको निश्चित कार्य योजना र रणनीति बनाएका थिए ।

राष्ट्रिय परिप्रेक्ष्य र मुद्दाहरू

भारतमा केन्द्रिय वन ऐन छ । यस ऐनले नै देशभरको वन साधनको उपयोग र व्यवस्थापनलाई नियमित गर्छ । राज्य-स्तरमा बिभिन्न तहहरू छन् । पंचायतबाट शुरु भएर गाउँ तहसम्म पुगेका संस्थाहरू र वन संरक्षण समितिहरू छन् । धेरै बिचार विमर्श पछि केही साझा चासोका विषयहरूको पहिचान गरियो । यसमा तिनीहरू राज्यको सिमानाबाट माथि उठेर आए । राष्ट्रिय परिप्रेक्ष्यमा मुद्दाहरूलाई केलाए ।

"ग्राम वन अथवा ग्रामीण सामुदायिक वन साधनको अवधारणा नै मुख्य विषय हो । यो अवधारणालाई विकास गर्नका लागि आवश्यक रणनीतिको खाँचोको महसुस हामीले गरेका छौं । यसका लागि सहभागितामूलक र दिगो प्राकृतिक साधन व्यवस्थापनको एउटा नमूनाको स्थापना गर्ने कुरा हामी सोचिरहेका छौं ।

दोश्रो कुरा के छ भने अहिले भारतमा भैरहेको वन ऐनका ठाउँमा बन्ने नयाँ ऐनको मस्यौदामा संयुक्त वन व्यवस्थापनबाट हट्ने कुरा उल्लेख भएकाले त्यो चर्चाको विषय छ । हामीहरू निश्चित गर्न चाहन्छौं कि यो नयाँ ऐन संयुक्त वन व्यवस्थापनले अगाडि सारेका कुराहरूसंग नबाँझिने होस् अथवा त्यसका लागि यो ऐन बाधा नबनोस् । बर्तमानको संयुक्त वन व्यवस्थापनको प्रस्ताव आदर्श छैन तापनि यसलाई हामीले भविष्यको नीतिलाई सुधार गर्ने र टेवा पुऱ्याउने एउटा पुल ठानेका छौं ।

ह्रास हुँदै गएको वनलाई कवुलियतमा उद्योगलाई वन दिने कुरामा पनि छलफल भैरहेको छ । यो खतर नाक कदम हो । हामीहरूले समुदायबाट साधनहरूलाई टाढा राख्ने प्रयत्नलाई एक्यबद्ध भएर काम गर्नु पर्छ । खासगरी साधन बिहीन र सुकुम्बासीहरू जो साझा साधनमा निर्भर छन् तिनीहरू संगठित हुनु पर्छ ।

राज्य-स्तरमा हामी सबैलाई प्रभावित पार्ने एउटा समस्या छ, त्यो हो पंचायत र संयुक्त वन व्यवस्थापन बीचको सम्बन्ध । यो बृहत कम प्रष्ट छ । त्यसकारणले भविष्यमा झगडा हुने सम्भावना बढी छ ।

यस प्रश्नलाई हामीहरूले ध्यान दिन जरुरी छ त्यसका लागि उचित रणनीति अपनाउनु पर्ने हुन्छ । खासगरि यस संस्थाका अधिकार, जिम्मेवारीको परिभाषा गर्ने सम्बन्धमा ।

राज्य-स्तरमा सामुदायिक तहको संस्था र गैर-सरकारी संस्थाको नेटवर्कको निर्माण गर्न अहिले ज्यादै आवश्यक छ । हामीहरूले क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध राख्ने पद्दतिको निर्माण गर्न पनि त्यतिकै आवश्यक छ । यहाँ इसिमोडले महत्वपूर्ण भूमिका खेल्न सक्छ । यदि हामीहरूले एउटा निश्चित प्रश्नमा एकजुट भएर हाम्रो शक्तिलाई केन्द्रित गर्यौं भने हामीहरू सामुदायिक वनको र सहभागितामूलक दिगो साधन व्यवस्थापनको एउटा नवीन नमूनाको स्थापना गर्न सक्छौं । यो नै हामीहरू सबैलाई भारतमा चुनौती छ ।"

गुजरात: *"गुजरातमा गाउँ तहको सहकारिताको लामो परम्परा छ । धेरै जसोको आफ्नै राष्ट्रिय महासंघ छ । हामीहरू सरकार र गैर-सरकारी संस्था बीचको राज्य-स्तरको नीति मञ्चको स्थापना आवश्यकताको अनुभव गरिरहेका छौं । हामीहरूले यो प्रकृयालाई अगाडि बढाउने विश्वास लिएका छौं र दुई दिनको भेला गराउने योजना गरेका छौं । त्यस भेलामा संयुक्त वन व्यवस्थापनमा संलग्न भएका धेरै संस्थाहरूलाई संलग्न गराइने छ । तिनीहरूले त्यहाँ राज्य-स्तरको नेटवर्कको बारेमा छलफल गर्नेछन् । यस्तो मञ्चको मुख्य उद्देश्य हो - सूचनाको आदान-प्रदान, साझा समस्याको पहिचान र साझा समाधानको खोजी ।*

यसका अतिरिक्त हामीहरूले यस कार्याशालाबाट अरु दुई कुरा सिकेका छौं । ती सिकेका कुराको कार्यान्वियन हामी गुजरातमा गर्नेछौं । हामीहरूले थाहा पाएको पहिलो कुरा हो, जनतासंग निर्णय गर्न र नीति निर्माण गर्नका लागि पर्याप्त अधिकार र नियन्त्रण छैन । दोश्रो कुरा हामीहरू वन विभागलाई यस्तो धेरै जसो विकास कार्यहरू अहिले भन्दा सहकारी संस्था र सामूहिक संस्था मार्फत गर्नका लागि प्रभावित गर्ने कुरा प्रस्ताव गर्नेछौं ।"

हिमाचल प्रदेश *"हिमाचल प्रदेशबाट हामीहरू छ जना आएका छौं । हामीहरू बिभिन्न संस्थाका प्रतिनिधित्व गरेर यहाँ आएका हौं । जे भए तापनि हामीहरू एउटा कुरामा समान छौं । त्यो के हो भने हामीहरू हिमाचल प्रदेशमा दिगो र सहभागिता मूलक प्राकृतिक साधन व्यवस्थापनको कार्य समूहका हौं। यो पचास जना मिलेर बनाएको संस्थाको अनौपचारिक मञ्च हो । यो गैर-सरकारी संस्था हो । यो संस्था १९९४ जुलाइदेखि काम गरिरहेको छ ।*

हिमाचल प्रदेशमा सहभागितामूलक प्रकृयालाई उच्चतम गराउने रणनीतिको व्याख्या गर्ने प्रयत्नको बारेमा हामीहरू छलफल गरिरहेका छौं । यो कार्यशालामा आउनु अघि हिमाचल प्रदेशमा संयुक्त वन व्यवस्थापनमा केही काम गर्ने हामीहरूले बिचार गरेका थियौं । यस कार्यशालामा सहभागी भएपछि र नेपालको सामुदायिक वनका अनुभवहरू सुनेपछि हिमाचल प्रदेशमा संयुक्त वन व्यवस्थापनलाई हाम्रो रणनीति र कार्य योजनाको एउटा मुख्य भाग बनाउने कुरा दृढ निश्चित गरेका छौं । अहिले हाम्रो बिचार प्रष्ट भएको छ र हामीले दृढ अठोट गरेका छौं ।

हिमाचल प्रदेशका लागि हाम्रो कार्य योजना निम्न प्रकारका छन्

- *नेपालमा भएको कार्यशालाको अनुभवको अभिलेख राख्नु र यो कुरा अन्य कार्य समूहमा फैलाउनु। यसो गर्नाले तिनीहरू सामुदायिक वन र स्थानीय संस्थागत विकासमा संवेदनशील हुन सक्नेछन्;*
- *ग्रामीण संगठन, वन विभाग र सम्बन्धित सरकारी संस्था समेतको कार्य समूहको भेलाको आयोजना गर्ने;*
- *विद्यमान संयुक्त वन व्यवस्थापनको राज्य-स्तरीय प्रस्तावहरू कार्यान्वयन गराउन जोड दिएर र सामुदायिक संस्थाहरूलाई क्षेत्रहरू हस्तान्तरण गराएर संयुक्त वन व्यवस्थापनको क्षेत्रलाई बिस्तार गराउने;*
- *खास क्षेत्रमा नमूना प्रदर्शनको स्थापना गर्ने र यसको सफलताको निर्माण गर्ने;*
- *संयुक्त वन व्यवस्थापनको नीतिमा जोड दिन सक्रीय भूमिका खेल्ने र अन्य प्राकृतिक साधनको व्यवस्थापन गर्ने;*
- *अन्तर हिमाली भेगको अनुभवको आदान-प्रदान गर्ने । यसका लागि इसिमोडले भूमिका खेल्न सक्ने ।"*

त्रिपुरा: *"हामीहरूले दुई या तीन वर्षअघि मात्र सामुदायिक वनका कृयाकलाप शुरु गरेका हौं । यस कार्यशालामा आए पछि र भारतका अन्य भाग र नेपालका जनताहरूलाई भेटेर हामीहरूले धेरै कुरा सिकेका छौं । फर्के पछि हामीहरूले निम्नानुसारको काम गर्ने योजना गरेका छौं ।*

- *गाउँ-स्तरको संस्था भित्र समुदायको संगठन गर्ने । त्यसमा छुट्टै महिला मण्डल खडा गर्न विशेष ध्यान दिने;*
- *राज्य सरकारले प्रकाशमा ल्याएका सामुदायिक वनको विद्यमान नियम र विधानको विश्लेषण गर्ने;*
- *केही नियमहरू संशोधन गर्न आवश्यक भएमा वन विभागसंग त्यसको सम्भावनाको बारैमा छलफल गर्ने;*
- *गाउँ-स्तरका संस्था र किसानहरूमा यी नियम र विधानहरू व्यापक रुपमा फैलाउने;*
- *संयुक्त वन व्यवस्थापनको रणनीतिका लागि छलफल गर्न वन विभाग, गैर-सरकारी संस्था र सामुदायिक संस्थालाई एउटै ठाउँमा ल्याएर एउटा कार्यशालाको आयोजना गर्ने;*
- *अन्य राज्यका संगठनहरूसंग सम्बन्ध स्थापित गर्ने उदाहरणका लागि उत्तरी बंगाल, उत्तर प्रदेश र हिमाचल प्रदेश । समुदायका सदस्यहरूका लागि अन्तर राज्य भ्रमणको आयोजना गर्ने;*
- *अन्तरदेशीय भ्रमणको आयोजना गर्ने, खासगरि नेपालको;*
- *हामीहरूसंग अहिले पर्याप्त आर्थिक साधन नभएकाले संयुक्त वन व्यवस्थापनको कार्यान्वयनका लागि आर्थिक साधन जुटाउनमा आफ्नो क्षमताको बृद्धि गर्ने ।"*

पश्चिम बंगाल: *"वातावरण संरक्षण समाज, दार्जिलिङ्ग, पश्चिम बंगालको संघको तर्फबाट उत्तरी बंगालको लागि हामीहरूले निम्नलिखित कदम चाल्ने योजना गरेका छौं ।"*

- *(१) संचालक समितिको बैठक गर्ने (२) हाम्रा समाजका सदस्यको बैठक गर्ने (३) यस कार्यशालाबाट प्राप्त गरेको ज्ञान सूचना र अनुभवलाई तिनीहरूमा बाढ्नका लागि र तिनीहरूको प्रतिकृया इसिमोडलाई दिनका लागि हाम्रो वन संरक्षण समितिको एउटा बैठक बोलाउने ।*
- *हामीहरू संयुक्त वन व्यवस्थापनलाई बलियो बनाउन सक्दो कदम चाल्नेछौं र संयुक्त वन व्यवस्थापनलाई वन विभागको दैनिक कार्यक्रम भन्दा पनि एउटा अभियानको रुपमा लाने कोशीश गर्नेछौं । यसका अतिरिक्त संयुक्त वन व्यवस्थापनको लागि बढी अधिकार सम्पन्न बनाउने र भूमिको उपभोग गर्ने अधिकारको बाँडफाँडका लागि कानून पास गराउन प्रयत्न गर्नेछौं ।*
- *सल्लाह गरेर उत्तरी बंगालका वन संरक्षण समितिहरूलाई एउटै ठाउँमा भेला गराउन इसिमोडसंग मिलेर एउटा कार्यशालाको आयोजना गर्ने बिचार गरेका छौं ।*
- *सल्लाह र निर्देशनका लागि हामीहरू दार्जिलिङ्ग र सिक्किम दुबै ठाउँको लागि क्षेत्रीय संस्थासंग नियमित भेटघाट गर्नेछौं ।*
- *देशमा संयुक्त वन व्यवस्थापनको अभियानलाई सक्दो अगाडि बढाउन जिल्ला, राज्य र देशीय तहको सुहाउँदो कार्यगत आधारभूत संरचनाको स्थापना गर्ने कुरालाई पारित गराउने बिचार गर्नेछौं ।*
- *यो लक्ष्यलाई तीब्र गति दिने कृयाकलाप गर्नेछौं – "विश्वव्यापी भएर सोच र काम स्थानीय भएर गर ।"*

नेपाल

नेपालको कार्य योजनामा दुई भाग समावेश गरिएको थियो । उपभोक्ता समूहको स्थापनाको लागि नीति र तरिकामा सुधार सम्बन्धी व्याख्या सहितको सिफारिश थियो । अर्को भाग व्यावहारिक सिफारिशमा केन्द्रित थियो । त्यसमा सामुदायिक वनमा निर्णायक तहमा महिलाको भूमिकालाई बढाउनु पर्ने कुरा उल्लेख थियो ।

नीतिहरू र ऐन

- उचित किसिमले उपभोक्ता समूह गठन नभएको ठाउँमा समस्या उठेको छ । यसलाई हटाउन उपभोक्ता समूहको पहिचान ठोस किसिमको हुनु पर्छ र सम्पूर्ण समुदायको सल्लाह लिएर गठन गर्नु पर्छ ।
- सामुदायिक वन कार्यक्रम र हस्तान्तरणको प्रकृया तराईमा शुरु नभएकाले यो कार्यक्रम अविलम्ब कार्यान्वयन हुनु पर्छ । तराईका कर्मचारीहरूलाई सामुदायिक वनको तरिका बारेमा तालिम दिनु पर्छ ।
- उपभोक्ता समूहको गठन गर्ने जिम्मेवारी वन अधिकृतको हो । यो काम वन अधिकृतले गैर-सर कारी संस्थाको सहयोगमा सम्पन्न गर्छन् । समूह गठन कसरी गर्ने र गाउँलेहरूसंग निर्वाध रुपमा काम कसरी गर्ने त्यसका लागि वन अधिकृत र गैर-सरकारी संस्थाका कर्मचारीहरू नियमित रुपमा तालिमको कार्यक्रममा भाग लिनुपर्ने हुन्छ ।
- सामुदायिक कार्यक्रममा तिनीहरूको सहभागिताका आधारमा वन कर्मचारीहरूको मूल्यांकन हुन जरुरी छ ।

वन उपभोक्ता समूहको राष्ट्रिय महासंघको गठन

- जिल्ला तह र क्षेत्रीय तहमा नेटवर्कका लागि जोड दिनका लागि एउटा राष्ट्रिय-स्तरको महासंघको स्थापना हुन आवश्यक छ र यसको काम, दायित्व र अधिकारको परिभाषा हुनु पर्छ ।
- जिल्लाहरू बीचमा अन्तरकृयाको आवश्यकता छ र प्रत्येक जिल्लाका प्रतिनिधिहरूलाई केन्द्रिय समितिमा पठाउने व्यवस्था हुनु पर्छ ।
- समुदायको सबै तहमा सूचनाको वितरण र प्रवाह हुनु पर्छ ।
- उपभोक्ता समूहहरू वन विभाग अन्तर्गत दर्ता हुन सक्ने व्यवस्था भएकाले प्रमुख जिल्ला अधिकारीले पनि उपभोक्ता समितिलाई मान्यता दिनु पर्छ ।
- उपभोक्ता समितिहरूलाई गैर-सरकारी संस्था सरहको मान्यता दिनु पर्छ ।

महिलाहरूको सहभागिता सम्बन्धी मुद्दाहरू

- उपभोक्ता समूहको नामको तालिकामा पुरुष र महिला दुबैको नामहरू समावेश गरिनु पर्छ ।
- बैठकका लागि कोरम पुग्नका लागि केही महिला सहभागिताको अनिवार्य आवश्यकताको व्यवस्था हुनु पर्छ ।
- सामुदायिक वन कार्यक्रमलाई बलियो बनाउन सानो समूहमा छलफल गर्न प्रत्येक घरमा जाँदा महिला समूहलाई अनिवार्य रुपमा समावेश गर्नु पर्छ ।
- तालिम कार्यक्रम र सेमिनारका लागि महिलाहरूलाई विशेष कोटा छुट्याउनु पर्छ र कार्यक्रममा तिनीहरूलाई बढी सक्रीय बनाउनु पर्छ ।
- महिलाहरूका तालिम कार्यक्रम र सूचनाको आदान-प्रदानमा तिनीहरूको सहभागिताको मुद्दामा पुरुषसंगै महिलाहरू पनि समावेश गर्नु पर्छ ।
- सामुदायिक वन कार्यक्रमबाट आर्जन भएको केही रकम महिला विकास कार्यक्रममा खर्च गर्नु पर्छ र तिनीहरूलाई आर्थिक रुपले आत्मनिर्भर बनाउनका लागि मद्दत गर्नु पर्छ ।
- सेमिनार, तालिम कार्यक्रम र नीतिहरूको सामाग्रीहरूको प्रकाशन महिलाप्रति र गरीव व्यक्तिप्रति लक्षित हुनु पर्छ । यसो गर्नको मतलब हो - तिनीहरूलाई बढी सचेत बनाउनु ।
- क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सेमिनारको आयोजना गर्नु पर्छ । जहाँ महिलाहरू तिनीहरूको बिचार र अनुभवको आदान-प्रदान गर्न सक्छन् ।

राष्ट्रिय सामुदायिक वन उपभोक्ता समूहको महासंघ, नेपाल

राष्ट्रिय सामुदायिक वन उपभोक्ता समूहको महासंघको स्थापना गर्नका लागि एउटा महत्वपूर्ण निर्णय लिइयो । १३ जनाको एउटा अन्तरिम समितिको गठन गरियो । यो अन्तरिम समितिले यो संस्थागत प्रकृयाका लागि एउटा ठोस आधार दिनु पर्ने कुरा पनि निर्णय गरियो ।

कार्यशालाको समाप्ती हुनुभन्दा केही समय अगाडि महिला सहभागीहरूले एउटा गम्भिर मुद्दा उठाए । धेरैले के अनुभव गरे भने यस मञ्चमा समेत तिनीहरू र तिनीहरूको आवाजलाई कसैले राम्ररी ध्यान दिएन । यो अवसरमा तिनीहरूले क्षेत्रीय तहको महिलाहरूको नेटवर्क खडा गर्ने निर्णय गरे । कार्यशालाका आयोजकहरूले यस प्रस्तावको स्वागत गरे र महिलाहरूले तत्काल नै छलफल प्रारम्भ गरे ।

नेपाल, भारत र पाकिस्तानका गरी करिब बीस महिलाहरूले यस छलफलमा भाग लिए । त्यहाँ धेरै सवालहरू उठाइए । छलफलमा महिलाको चासोको विषयलाई उचित महत्व दिइएको छैन र महिलाहरूलाई आफ्नो बिचारहरू अघि सार्नका लागि मौका नदिएको आशंका तिनीहरूले व्यक्त गरे । महिला र निर्णायक तहमा छलफल गर्दा समेत महिला आन्दोलनका ठूला-ठूला कथाहरू पुरुषहरूले व्यक्त गरे भन्ने गुनासो एक महिलाको थियो । अर्को सहभागी महिलाले यसमा थपिन् र भनिन् - अन्तर्कृयाको राम्रो मौकाबाट महिलाहरूलाई बंचित गरिएको छ । त्यति मात्र होइन अनुभवको आदान-प्रदान गर्न, बिचार र ज्ञानको आदान-प्रदान गर्नबाट पनि तिनीहरूलाई बंचित गरिएको छ । स्थलगत निरीक्षणका सम्बन्धमा भारतीय महिलाहरू नेपाली ग्रामीण महिलाको वास्तविक अवस्था जान्न ईच्छुक थिए । यसका लागि समय पर्याप्त थिएन ।

महिलाहरूका लागि क्षेत्रीय संगठनको स्थापना गर्ने र व्यापक छलफल वा कार्यशालाको आयोजना गर्न मिति तोक्ने भन्ने बारेमा छलफल केन्द्रीत भयो । यो कार्यशालाले महिला उपभोक्ता समूहका सदस्यहरूलाई एक ठाउँमा ल्याउने छ र यस कार्यशालाको समयमा उठेका केही सवालहरूमाथि व्यापक रुपमा छलफल हुने उद्देश्य राख्नेछ । नेटवर्क स्थापनाका जिम्मेवारी लिनका लागि एउटा क्षेत्रीय समितिको गठन गरियो । त्यस क्षेत्रीय समितिमा निम्नानुसारका सदस्यहरू थिए :

<u>नेपाल</u>

- पद्मा संग्रौला
- राधा श्रेष्ठ
- देवी अधिकारी
- माया खनाल
- विष्णु ढकाल
- कमला शर्मा
- रुक्मिनी कार्की

<u>भारत</u>

- हेमा कली
- कमला वेन भगोरा
- कलावती देवी

पाकिस्तान

- सोसान कुर्बान

त्यस बेलामा गरिएका केही निर्णयहरू यस प्रकार छन् ।

- कार्यशाला नेपालमा हुनेछ र कार्यशालाको संगठन र व्यवस्थापनको तात्कालीन जिम्मेवारी नेपालका सहभागी महिलाहरूलाई दिइयो ।
- महिलाहरूको समस्या, वातावरण र वन सम्बन्धी छलफलको विषय हुनेछ ।
- नेपालका सदस्यहरूले ग्रामीण महिलाको बारेमा छलफल गर्ने बुँदाहरू सम्बन्धमा एक महिना भित्र पत्राचार गर्नेछन् ।
- चिठ्ठीको जवाफ दिनु पर्नेछ र प्रत्येक गाउँका महिलाका चासोका सम्बन्धमा हुने छलफलका बुँदाहरू लेखेर नेपालमा पठाउनु पर्नेछ । कार्यशालाको लागि यो नै निर्देशिका हुनेछ ।
- यस कार्यशालामा उपभोक्ता समितिका महिलाहरू, सम्बन्धित गैर-सरकारी संस्थाहरू र सामाजिक कल्याणका कृयाकलापमा प्रतिबद्ध व्यक्तिहरू निम्त्याइने छन् ।

इसिमोडले सामुदायिक वन उपभोक्ता समितिका लागि क्षेत्रीय समाचार-पत्र प्रकाशित गर्ने ।

ज्ञानको आदान-प्रदान गर्ने रणनीतिहरू प्रविधि र पहुँचका लागि माग भएकाले त्यसबाट प्रभावित भएर इसिमोडको सहभागितामूलक प्राकृतिक साधन व्यवस्थापन कार्यक्रमले क्षेत्रीय समाचार-पत्र प्रकाशित गर्ने निधो गरेको कुरा घोषणा गऱ्यो । सामुदायिक वन उपभोक्ता समूहमा लक्षित गरेर कार्यशालाले बिचारको आदान-प्रदान गर्न र फैलाउनका लागि एउटा राम्रो अवसर उपलब्ध गराए तापनि त्यहाँ एउटा सामाग्रीको परिकल्पना गर्नु महत्वपूर्ण थियो । त्यसले हिन्दू कुश-हिमाली भेगभरमा सूचना र मुद्दाहरू ठूलो संख्यामा नियमित रुपमा आदान-प्रदान गर्न सकोस् ।

यस परिप्रेक्ष्यमा बहु-भाषी त्रैमासिक समाचार-पत्रको शुरु गरिनेछ । इसिमोडले १२ महिनामा ४ अंक समाचार-पत्र प्रतिबद्धताकासाथ प्रकाशित गर्ने प्रकृयाको थालनी गर्ने आशा गरेको छ । त्यसपछि यसको सम्भाव्यता र प्रतिकृयाको मूल्यांकन गरिनेछ । पहिलो अंकको मूख्य विषय बूढानिलकण्ठ कार्यशालामा उठेका मूद्दाहरू, रणनीति र कार्य योजना हुनेछ । सहभागीहरूले यो घोषणालाई स्वागत गरे र समाचार-पत्रका लागि आफूले योगदान गर्न र सहयोग गर्ने बचन दिए ।

समापन सभा

रात्रीको भोजनपछि कार्यशालाको समापन साँझ लोक गायक मञ्जुलको गीतहरूबाट र तराईको नृत्य समूहबाट शुरु भयो । त्यसमा सबै सहभागीहरूले भाग लिए ।

समापन पूर्ण सत्र रातको ११ बजे शुरु भयो ।

नारायण काजी श्रेष्ठले भोलि पल्ट बिहान प्रस्थान गर्ने कुराको बारेमा घोषणा गर्दै केही कुरा भन्नु भयो। उहाँले सबै सहभागीहरूलाई कार्यशाला मूल्यांकन फारामहरू फिर्ता दिन अनुरोध गर्नु भयो । त्यसपछि उहाँले सहभागीहरूलाई कार्यशालाका बारेमा केही शब्दहरू बोल्न अनुरोध गर्नु भयो ।

भीम लाल सुवेदी

"हामीहरू, यस्तो ठूलो कार्यशालाको आयोजना गरेकोमा आयोजकहरूलाई धन्यवाद दिन चाहन्छौं । छलफल र बिचारको आदान-प्रदान गर्न पाउने अवसरले हामीहरूलाई मद्दत पुऱ्याएको छ । अन्तर्राष्ट्रिय संस्थासंगको बिचारको आदान-प्रदानले हामीहरूलाई प्रभावित पारेको छ । यसबाट हामीहरूलाई अतिरिक्त जोशका साथ फर्केर गएर आफ्नो वन उपभोक्ता समितिलाई अझै बढी जनमुखी बनाउने हौसला मिलेको छ । हाम्रा साझा समस्याहरूलाई अरु उपभोक्ता समितिसंग बाढ्ने मौका दिनु भएकोमा म फेरि पनि आयोजकहरूलाई धन्यवाद दिन्छु ।"

डि.एस. रसैली

"बिभिन्न देशका, राज्यका र नेपालका जिल्लाका सबै सहभागीहरूलाई धन्यवाद दिन चाहन्छु । इसिमोडलाई ठूलो धन्यवाद । मैले कार्यशालाबाट यति बढी कुरा सिक्न पाइन्छ भन्ने अपेक्षा गरेको थिइन । म भविष्यका कार्यक्रमहरूमा दार्जिलिङ्ग र सिक्किमलाई पनि समावेश गर्न इसिमोडलाई अनुरोध गर्न चाहन्छु । किनभने यसले हामीहरूलाई धेरै फाइदा हुन्छ ।"

अमन अलि शाह

"म सबै सहभागीहरूलाई अभिवादन गर्छु । सबैलाई मेरो धन्यवाद छ । आयोजकलाई पनि धन्यवाद छ। जब म पहिले आएँ म अलि सतर्क थिएँ । प्रत्येकको बसाई र ब्यवहार फरक थियो तर अन्तिमका केही दिनहरूमा हामीहरू एउटै परिवारका सदस्य भएको अनुभव गरें । मैले यो कुरा हृदय छोएर भनेको हो । भोलिको विदाई दुःखपूर्ण हुनेछ । जब मैले सबको समस्या सुने मलाई दिक्क लाग्यो र बिचार गरें यी समस्याहरू कहिले सम्म रहने छन् ? तर जब म मन्दिरमा गएँ र समूह गानमा सामेल भएँ, मेरो हृदय र मन हलुका भयो । म सबै मान्छेहरू आपसमा मिलेको ठूलो दिन हेर्न चाहन्छु । म एउटा त्यस्तो ठूलो दिन हेर्न चाहन्छु जुन दिन संसारमा मानवता र मान्छे एक हुन्छन् । भाषा र अन्य कठिनाई हट्ने छन् र हामीहरू मानवताको विकासका लागि एउटै कदम चाल्नेछौं । म यस भनाईबाट नै अलबिदा भन्छु । "

एच.पी. न्यौपाने

"म यस अनुपम कार्यशालाका लागि इसिमोड, एफ.टी.पी.पी, र वाचलाई धन्यवाद दिन चाहन्छु । म भुटान, भारत, फिलिपिन्स, थाइल्याण्ड र पाकिस्तानका भाई-बहिनीहरूसंगका अन्तर्कृयाहरूलाई सधैं नै सम्झने छु । अन्य वन उपभोक्ता समूहको समस्या र ती समस्याबाट तिनीहरू कसरी पार भए त्यो ज्ञान हाम्रा लागि अमूल्य हो । अन्तर्कृया बिचारोत्तेजक थियो । म सबैलाई विदाईको धन्यवाद दिन चाहन्छु। म आयोजक समितिलाई कार्यक्रमको अनुगमन गर्न अनुरोध गर्दछु, ताकि हामीहरू भेटघाट गरेर हाम्रा बिचारको विकासलाई अझ बढी विकसित बनाउन सकौं ।

यस कार्यशाला गोष्ठीमा उब्जेका बिचारहरूलाई आ-आफ्नो गाउँको उपभोक्ता समितिमा उतार्न सक्नु नै यस कार्यशालाको उपलब्धि हो । वन उपभोक्ता समूहमा धेरै दबिएका जनताहरू छन् । धेरै समयदेखि तिनीहरू बोल्न सकिरहेका छैनन् । तिनीहरूलाई हामीहरूले अगाडि ल्याउनु पर्छ । यहाँ हामीहरू जनताका कटिबद्धता यही छ । यस प्रकृयामा हामीहरूले आफ्नो अहम् त्याग्नु पर्छ । शोषित जनता केही सहयोग चाहन्छन् । त्यो सहयोग हामीहरू दिन तयार छौं । हामीहरू तिनीहरूको क्षमता बृद्धि गर्न जस्तोसुकै सहयोग गर्न तयार छौं । जनतालाई अधिकार सम्पन्न बनाउने कुरामा जसले विरोध गर्छ त्यसलाई हामीहरू बहिष्कार गर्छौं । जनतालाई अधिकार दिनु ठूलो कुरा हो । पहिले हामीहरू आफै तयार हुनु पर्छ । त्यसपछि हामीहरूले तिनीहरूलाई अधिकार सम्पन्न बनाउनु पर्छ । हामीहरूले जन अधिकारका लागि एकजुट भएर काम गर्नु पर्छ । फेरि पनि म सबै सहभागीहरूलाई धन्यवाद दिन चाहन्छु । "

अनुपम भाटिया

" म प्रतिवेदनका बारेमा केही कुरा भन्न चाहन्छु । यहाँ जे जति प्रतिवेदनहरू प्रस्तुत भए र सहभागीहरूले जे जति मन्तव्य प्रकट गर्नु भयो एक महिना भित्रमा जम्मा गरिनेछ । त्यसपछि हामीहरू त्यसको एउटा सारांश तपाईहरूलाई पठाउँछौं । केही महिना पछि जब हामीहरूले प्रतिवेदन र मन्तव्यहरू तयार गर्छौं त्यो हामीहरू तपाईहरूलाई पठाउँछौं । मुख्य प्रतिवेदन तीन भागमा हुनेछ : हिन्दी, अंग्रेजी र नेपाली। हामीहरू प्रतिवेदनको सारांश सहित एउटा पत्र पठाउने छौं । यदि त्यहाँ केही गल्ती भएमा र छुटेमा त्यसलाई कृपया सच्याउनु होला र त्यो सच्याइएको प्रति हामीहरूलाई पठाउनु होला । त्यसलाई हामी मुख्य प्रतिवेदनमा समावेश गर्नेछौं । हाम्रा साथीहरूले एउटा भिडियो फिल्म तयार गरिरहेका छन् । कार्यशालाको प्रारम्भदेखि नै यी देशहरूका बीचमा बिचारको संचार, बिस्तार र बिचारको आदान-प्रदान होस् , हामीहरूको चासोको विषय यही हो । इसिमोडको तर्फबाट प्रत्येक सहभागीहरूलाई कार्यशालामा तिनीहरूले पुऱ्याएको योगदानका लागि म धन्यवाद दिन चाहन्छु । हामीहरूले के सम्झनु पर्छ भने कार्यशालाको समाप्ती नै जनमुखी बिकासका लागि हाम्रो सामुहिक लक्ष्यको शुरुवात् पनि हो। म प्रस्ताव राख्छु यस कार्यशालाको समापन त्यही गीतबाट गरौं जुन गीतबाट हामीहरूले कार्यशालाको उद्घाटन गरेका थियौं । "

कार्यशालाको समापन "हामीहरू पार गर्नेछौं" भन्ने सामूहिक गानबाट भयो । त्यो गीत तीन भाषामा प्रसार गरिएको थियो र त्यसपछि क्षेत्रीय सामुदायिक वन उपभोक्ता समूहको कार्यशाला औपचारिक रुपमा समाप्त भयो ।

परिशिष्ट

मे २१, १९९५, आइतवार	दर्ता, परिचय, पोष्टर तयारी दृश्यावलोकन
मे २२, १९९५, सोमवार	प्रारम्भिक पूर्ण सत्र चार अन्तर्देशीय कार्य समूह अनौपचारिक उद्घाटन
मे २३, १९९५, मंगलबार	औपचारिक उद्घाटन पोष्टर प्रदर्शन पूर्ण सत्रका लागि कार्य समूहको प्रस्तुति देशीय कार्य समूह छलफल सडक नाटक प्रदर्शन
मे २४, १९९५, बुधवार	दुई सामुदायिक वन क्षेत्रमा स्थलगत भ्रमण र गोदावरी स्थित इसिमोडको क्षेत्रमा भ्रमण
मे २५, १९९५, बिहीवार	देशीय कार्य समूह छलफल देशीय कार्य समूह प्रस्तुति: फिलिपिन्स, थाइल्याण्ड, भूटान र पाकिस्तान, नेपाली संगीत साँझ
मे २६, १९९५, शुक्रवार	देशीय कार्य समूह प्रस्तुति: भारत, नेपाल संयुक्त कार्य समूह सत्र • समूहको वकालतका लागि रणनीतिहरू । नेटवर्कका लागि रणनीतिहरू । • निर्णायक तहमा महिलाहरूको भूमिकालाई बृद्धि गर्नका लागि रणनीतिहरू • स्थानीय संस्थाहरूलाई मजबुत बनाउनका लागि रणनीतिहरू : संस्थाको निर्माण • क्षमताको निर्माण र तालिम • नीतिहरू, कानूनहरू, नियमहरू र विधानहरू काम लाग्ने खालका बनाउनका लागि रणनीतिहरू । •
मे २७, १९९५, शनिवार	पूर्ण सत्र - साधारण छलफल देशीय कार्य योजना तयारी देशीय कार्य योजना प्रस्तुति महिलाहरूको क्षेत्रीय नेटवर्कमाथि छलफल नेपाली संगीत साँझ
मे २८, १९९५, आइतवार	अन्तिम पूर्ण सत्र सहभागीहरूको प्रस्थान

परिशिष्ट २

सहभागीहरुको नामावली

१. दिलीप कुमार अधिकारी
सभापति
कपिलाकोट वन उपभोक्ता समूह
धमिले, धमिले पोष्ट, सिन्धुली, नेपाल

२ श्रीमती देवी अधिकारी
सभापति, ग्रामीण महिला सिर्जनशील परिवार, पांग्रेटार गा.वि.स.- १ धुसिने, सिन्धुपाल्चोक, नेपाल

३. कृष्ण राम अधिकारी, सभापति सिरानडाँडा सामुदायिक वन उपभोक्ता समूह, वेगनास गा.वि.स.-५ पोखरा, कास्की, मार्फत्- केयर-नेपाल, नेपाल

४ श्रीमती सुभद्रा अधिकारी, उपसभापति, कालोमुधो अधिकारी सामुदायिक वन उपभोक्ता समूह, वेगनास गा.वि.स.-७, कालीमाटी पोखरा, कास्की, मार्फत्- केयर-नेपाल, नेपाल

५. ज्ञान कुमारी भुजेल, सदस्य नागिडाँडा सामुदायिक वन उपभोक्ता समूह, ठूलोछाप गा.वि.स.- ४, निसुन्के, धारापानी ओखलढुङ्गा, नेपाल

६ लाल भुमजुन, सभापति, समिखेल सामुदायिक वन उपभोक्ता समूह, छैमले गा.वि.स.-५, भण्डार खर्क, काठमाण्डौ, नेपाल

७ टीका बहादुर आले, सभापति, धुसा विकास समाज, बुधाप, धुसा गा.वि.स.- २, पो.अ. चरौंदी, धादिङ्ग, नेपाल

८ यम बहादुर आले, सभापति, कोइदिम वन उपभोक्ता समूह, व्यास नगरपालिका-२ तनहुँ, नेपाल

९ अनिल भट्टराई, गुञ्जनगर, चितवन नेपाल

१० नील प्रसाद भण्डारी, सभापति, ठोकर्पा सामुदायिक वन उपभोक्ता समूह, ठोकर्पा, सिन्धुपाल्चोक, नेपाल

११ पीताम्बर भण्डारी, ज्यामिरे आम्बुटा वन उपभोक्ता समूह, किउल गा.वि.स-१, सिन्धुपाल्चोक, नेपाल

१२ दीपक गेलाल, सदस्य, बज्रपारे सामुदायिक वन उपभोक्ता समूह, बज्रपारे, रवि ओपी गा.वि.स.-१ काभ्रे, नेपाल

१३ बद्री प्रसाद चौलागाई, भोटेचौर गा.वि.स.-१, सिन्धुपाल्चोक, नेपाल

१४ सेमाइ चौधरी, मजेली गा.वि.स.-२, सुन्सरी, नेपाल

१५ श्रीमती विष्णु ढकाल, सचिव, शान्ति वन उपभोक्ता समूह, वडा नं-६ धन्दापुर, रुपन्देही, नेपाल

१६ श्रीमती भगवती गौतम, सदस्य, बज्रपारे सामुदायिक वन उपभोक्ता समूह, बज्रपारे, र वि ओपी गा.वि.स.-१ काभ्रे, नेपाल

१७ श्रीमती मीना खड्का, सदस्य, द्वारतासे सामुदायिक वन उपभोक्ता समूह, माझडाँडा गा.वि.स. पोखरा, कास्की नेपाल

१८ श्रीमती लक्ष्मीदेवी खतिवडा, उपसभापति, मालती महिला वन उपभोक्ता समूह, माउली मोहनपुर, बाग्दुवा-७, सप्तरी, नेपाल

१९ श्रीमती कमला लामिछाने
केयर/नेपाल महोत्तरी, विष्णु ढकाल मोतिपु, रुपन्देही, नेपाल

२० कपिल मैनाली, सचिव, कन्काई सामुदायिक वन, सुरुङ्गा, झापा, नेपाल

२१ नन्दलाल माझी, सदस्य, पिछडिएको समाज सुधार केन्द्र (बेसिक) दुहवी-३ सुन्सरी, नेपाल

२२ श्रीमती राधा श्रेष्ठ, बूढीखोरिया सामुदायिक वन उपभोक्ता समूह, चिसापानी-६, मन्थली, रामेछाप, नेपाल

२३ देव बहादुर घले, सदस्य, थामडाँडा सामुदायिक वन उपभोक्ता समूह, सिङ्गा गा.वि.स.-२ तातोपानी, म्याग्दी, नेपाल

२४ कुशल गिरी, तुल्सीपुर नगरपालिका-५ तुल्सीपुर, दाङ्ग, नेपाल

२५ ज्ञानेन्द्र काफ्ले, नेपाल यु.के. सामुदायिक वन परियोजना, काठमाण्डौ, नेपाल

२६ गणेश बहादुर कार्की, सभापति, सल्लेरी वन उपभोक्ता समूह, मागापावा गा.वि.स.-४, कार्की टोल, दोलखा, नेपाल

२७ श्रीमती शर्मीला कटुवाल सदस्य, ठूलोछाप गा.वि.स.-६, निसुन्के, ओखलढुङ्गा, नेपाल

२८ हरिप्रसाद न्यौपाने, सदस्य, आहाले सामुदायिक वन उपभोक्ता समूह, वोखिम, नेपाल

२९ श्रीमती मैना पौड्याल सदस्य बज्रपारे सामुदायिक वन उपभोक्ता समाज, बज्रपारे रवि ओपी गा.वि.स.-१, काभ्रे, नेपाल

३० राजेन्द्र पोखरेल सल्लाहकार, कन्काई सामुदायिक वन सुरुङ्गा, झापा, नेपाल, फोन. (०१३-२०२०४)

३१ दिनेश पोखरेल, सभापति रीपा सामुदायिक वन उपभोक्ता समूह, जैसीथोक गा.वि.स-९, रौतडी धुर्कोट, गुल्मी, नेपाल

३२ श्रीमती पद्मा संग्रौला, याकुम्वा सामुदायिक वन उपभोक्ता समूह, आठराई सक्रान्ति-८ तेह्रथुम, नेपाल

३३ भीमप्रसाद श्रेष्ठ, सभापति, ओखलढुङ्गा-५ रामबजार, ओखलढुङ्गा, नेपाल

३४ खगेन्द्र सिक्देल, स्वीस डेभेलपमेन्ट कोअपरेशन (एसडीसी)
पो.व.नं. ११३,
एकान्त कुना, जावलाखेल, ललितपुर नेपाल

३५ श्रीमती ठूली सिङ्गदन, पँधेरीडाँडा सामुदायिक वन उपभोक्ता समूह, छैमले गा.वि.स.-४, भण्डार खर्क,
काठमाण्डौ नेपाल

३६ हुकुम बी.सिंह, नेपाल अष्ट्रेलिया सामुदायिक वन परियोजना, पो.व.नं. २०८, काठमाण्डौ, नेपाल
फोन ५२७२२४, ५२४७२५

३७ उमाप्रसाद सिटौला, सभापति, कन्काई सामुदायिक वन, सुरुङ्गा, झापा, नेपाल ।

३८ दीपक थापा, सचिव ज्यालाचिटी सामुदायिक वन उपभोक्ता समूह, टौखाल गा.वि.स., काभ्रे, नेपाल

३९ रामनारायण यादव, बस्तु, तुल्सीपुर नगर पालिका-५, दाङ,
नेपाल

४० श्रीमती कमलादेवी शर्मा, सदस्य, पहलकोट वन उपभोक्ता समूह, जैदी गा.वि.स-२, बाग्लुङ, नेपाल

४१ भीमलाल सुवेदी, सभापति, गोंखोला वन उपभोक्ता समूह, वालिङ्ग वडा नं ३, स्याङ्गजा, नेपाल

४२ श्रीमती हेमकला सुवेदी, सदस्य मजहु सामुदायिक वन उपभोक्ता समूह, माउली मोहनपुर, वाग्दुवा-७, सप्तरी नेपाल

४३ श्रीमती कृष्णा सुवेदी सचिव, गोंखोला वन उपभोक्ता समूह वालिङ गा.वि.स.-३, धापखोला स्याङ्गजा, नेपाल

४४ प्रेम बहादुर थापा, कल्पवृक्ष समिति वन उपभोक्ता समूह, सिन्धुली, नेपाल

भारत

४५ राजीव आहाल कुटम्व, टीका ऐमा पालामपुर जिल्ला कांगडा एच.पी, भारत १७६०६१।, फोन ०१८९४-३०८१३
फ्याक्स ०१८९४-३०५३० (एटेन्सन-३०८१३)

४६ कमला वैन वागोरा, पो.अ.गाउँ भेजपुर, भीलोडा ताल, जिल्ला सवरकन्ठ, गुजरात, भारत

४७ चण्डी प्रसाद भट्ट, गोपेशारार जिल्ला, चामोली यु.पी. भारत २४६४०१,
फोन ०१३७२-५२१८३

४८ श्रीमती कलावती गाउँ वछेर,
जिल्ला चामोली यु.पी., भारत

४९ डि.एस. रसाइली र श्रीमती रसाइली फेडे-रेशन अफ सोसाइटी फर इन्भरोन्मेट प्रोटेक्सन, ६२२ कार्ट रोड वुडल्याण्ड, छोटा काकझोरा, दार्जिलिङ्ग पश्चिम बंगाल, ७३४१०१ फोन २६६१

५० कान्तिभाई खरादी गाउँ मालेपुर, पो.अ. भेजपुर भीलोडा टेलुका, जिल्ला सवरकन्ठ, गुजरात, भारत

५१ मुरारीलाल, सर्वोदय गाउँ पापारियाना, पो.अ. गोपेश्वर, चामोली, यु.पी. २४६४०१
भारत

५२ सुभाष मन्धुपुरकर, सोसियल अपलिफ्ट प्रो रुरल एक्सन (सुत्र) पो.अ. जगजीत नगर, जिल्ला जुब्बर, एस.पी. भारत १७३२२५
फोन ११-१७९३-८७२५/८७३४
११-१७०२-४०७५ (निवास)

५३ कुलदीप बर्मा पिपुल्स एक्सन फर पिपुल्स इन नेपाल (पापन), अन्धेरी, जि. सिरमौर एच.पी. भारत १७३०२३
फोन ०१७०२-८१५८

५४ निमु देवी c/o सोसाइटी फर एडभान्स मेन्ट अफ भिलेज इकोनोमी, (SAVE) भीपीवो सैंज, जि. कुल्लु, हिमाचल प्रदेश, भारत

५५ रुचिरा गुप्ता, २/१४ शान्ति निकेतन, नयाँ दिल्ली २१, भारत ।

५६ हेमा कला c/o सोसाइटी फर रुरल डेभलपमेन्ट एण्ड एक्सन गाउँ तन्टुकर, जिल्ला मण्डी हिमांचल प्रदेश, भारत

५७ एम.डी. मिस्त्री डेभलपमेन्ट इन्सिएटिभ्स फर सोसियल एण्ड ह्युमन एक्सन, (DISHA), १/११२९ कामदार बिल्डीङ्ग गार्डेन एरिया, हिम्मत नगर, जिल्ला सवरकण्ठ, गुजरात, भारत ३८३००१
फोन (०२७७२) २२१९०

५८ जी.राजु, विक्रम साराभाई सेन्टर फर डेभलपमेन्ट हन्टरियाक्सन (विक्सन्त) थल्टेज टेक्रा, अहमदावाद ३८००५२, भारत

५९ झालाभाई रथवी, विक्सात, थल्टेज टेक्रा, अहमदावाद ३८००५२ भारत

६० आशिष कुमार शाह, आचार्य जगदीश चन्द्र वोस वृक्ष मित्र संघ, गाउँ पो.अ. रुदिजाला (मेलाघर) जिल्ला पश्चिम त्रिपुरा, भारत ८९९११५

६१ सुवोध रन्जन सुर, सेक्रेटरी, आचार्य जगदीश चन्द्र बोस वृक्ष मित्र संघ, पो.अ. गाउँ रुदिजाला (मेलाघर) जि. पश्चिम त्रिपुरा, भारत ७९९११५

६२ उर्मिलावैन, ताविवार गाउँ रामपुरी पो. अ. रामपुरीभिलोदा टालुका जिल्ला सवरकन्ठ, गुजरात, भारत

६३ कुलभूषण उपमन्यू, गाउँ कमला पो.अ. गार नोटा, जिल्ला चम्वा, एच.पी., भारत १७६२०७

६४ कृष्णदेवी महिला मण्डल दल, पिलाखी, पो.व. ग्वाना-भाई-जोसीमथ, चामोली, उत्तर प्रदेश भारत

६५ जेफ्री वाई. क्याम्पबेल, फर्ड फाउन्डेशन, ५५ लोदी स्टेट, नयाँ दिल्ली ११०००३,

६६ किन्की देवी, गाउँ सन्ग्राह, जि. सिरमौर, एच.पी. भारत १७३०२३

पाकिस्तान

६७ दिलशाद वेगम, आगा खाँ रुरल सपोर्ट प्रोग्राम पो.वक्स नं. ५०६, वावर रोड, गिल्गिट नास, पाकिस्तान

६८ अलि गोहार, आगा खाँ रुरल सपोर्ट प्रोग्राम पो.वक्स नं. ५०६, वावर रोड, गिल्गिट नास, पाकिस्तान

६९ दूर-ए-मर्जान् c/o आगा खाँ रुरल सपोर्ट प्रोग्राम, पो.वक्स नं. ५०६, वावर रोड, गिल्गिट नास, पाकिस्तान

७० अमन अलि शाह c/o आंगा खाँ रुरल सपोर्ट प्रोग्राम, पो.वक्स नं. ५०६, वावर रोड, गिल्गिट नास, पाकिस्तान

७१ सुसान कुर्वान, आगा खाँ रुरल सपोर्ट प्रोग्राम पो.वक्स नं. ५०६, वावर रोड, गिल्गिट नास, पाकिस्तान

थाइल्याण्ड

७२ बूम्पेन केउवान, दि कोष्टल प्रोभिन्स रिभाइवल प्रोजेक्ट १८ सोइ मोन्ती पेट्कासाम रोड मुवाङ डिष्ट्रिक, फाङ-ना प्रोभिन्स, ८२००० थाइल्याण्ड

७३ पियरमसाक माकाराभिरोम्, डिभिजन अफ कम्युनिटी फरेष्ट्री रोयल फरेष्ट डिपार्टमेन्ट, बैंकक १०९०० फोन ५७९५४१६

७४ डीन सिंग्टो, १५६ मो ३ लामसाक, अउलुक डिष्ट्रिक, क्रावी प्रोभिन्स, ८१११, थाइल्याण्ड

फिलिपिन्स

७५ जर्ज पाग्लिनावान, सेन्पेक्स, पो.वक्स नं. ६९३, ८१०० टागुम, डाभावो डेल नोर्टे, फिलिपिन्स, फोन ६३-०८४२१-२८७८२

७६ फेलिसिसिमा पियाला, सेन्पेक्स, पो.वक्स नं. ६९३, ८१०० टागुम, डाभावो डेल नोर्टे, फिलिपिन्स फोन ६३-०८४२१-२८७८२

भूटान

७७ डेनिस एफ. डेसमोण्ड यु.एन.भी.पी., पो.वक्स नं.१६२ थिम्पू, भूटान फोन ९७५-२-२३१३८ फ्याक्स ९७५-२-२२६५७

स्रोतहरू

७८ जुडी एम्तजीस, पो.वक्स नं. २६३३, काठमाण्डौ, नेपाल फोन ४१४३०२

७९ किरण बस्नेत, जयबागेश्वरी, काठमाण्डौ, फोन ४७६५०७

८० शशी खड्की, कुम्भेश्वर २२/४७, ललितपुर फोन ५२२२७१

८१ निवेदिता मिश्र, सहायक प्राध्यापिका, संस्कृति विभाग, पद्म कन्या क्याम्पस,बागवजार, काठमाण्डौ (विश्व भाषा क्याम्पस फोन २२६७१३)

८२ त्रिभुवन पौडेल, c/o गिरिधारी शर्मा पौडेल परिवार नियोजन संघ, नेपाल पुल्चोक, ललितपुर, फोन २२१६६३ (c/o सूर्य)

८३ राजीव सिंह, जी.पी.ओ. १५४२, पुल्चोक, काठमाण्डौ, नेपाल फोन ५२७७१६

वाच

८४ नारायण काजी श्रेष्ठ

८५ मीना पौडेल

भित्ते अखवार/संचार

८६ ध्रुव बस्नेत, एन.इ.एफ.इ.जे, थापाथली, पो.वक्स नं. ५१४३ फोन २३१९९१-२२७६९१

८७ मोहन बिष्ट

८८ प्रमेश भण्डारी

८९ रमेश धमला

९० हस्त गुरुङ्ग

इसिमोड

९१ अनुपम भाटिया

९२ समीर कार्की

९३ रीता राणा

९४ गोविन्द श्रेष्ठ

Participating Countries of the Hindu Kush-Himalayan Region

- Afghanistan
- Bhutan
- India
- Nepal
- Bangladesh
- China
- Myanmar
- Pakistan

INTERNATIONAL CENTRE FOR INTEGRATED MOUNTAIN DEVELOPMENT (ICIMOD)

4/80 Jawalakhel, G.P.O. Box 3226, Kathmandu, Nepal

Telephone: (977-1) 525313
Facsimile: (977-1) 524509
(977-1) 536747

Cable: ICIMOD NEPAL
email: dits@icimod.org.np